मूल्य रु २५/-

# शिक्षक

चैत २०६४

- **मातृभाषा र शिक्षा** - प्रा.डा. योगेन्द्रप्रसाद यादव
- **चेला चिनी झैं चम्किए** - डा.तीर्थबहादुर श्रेष्ठ
- **म अनादर्श शिक्षक** - खगेन्द्र संग्रौला
- **कविताको स्वाद लिने काइदा**
- **विद्यालय व्यवस्थापनका विकल्प**
  - प्रा.डा. विद्यानाथ कोइराला र डा. पूर्णकान्त अधिकारी



## राम्रा सामुदायिक स्कूल कसरी राम्रा भए ?

रातो बङ्गला फाउन्डेसनको सन्देश

# पढेर सुनाउँदा पुग्ने १० फाइदाहरू



गोल्मादेवी प्रा.वि., लामीडाँडा, काभ्रे

१. विद्यार्थीहरूलाई सानैदेखि पढेर सुनाउने गरियो भने उनीहरूमा पढ्ने बानी बस्नाका साथै पठनशक्तिमा निखार आउँछ ।

२. विद्यार्थीहरूको सामान्य ज्ञानको पनि अभिवृद्धि हुन्छ ।

३. विद्यार्थीहरूलाई छलफल र सिर्जनात्मक क्रियाकलापमा सहभागी हुने मौका मिल्छ ।

४. विद्यार्थीहरूमा सिर्जनात्मक लेखनशैलीको राम्रो विकास हुन्छ ।

५. विद्यार्थीहरूले कथाका बारेमा विशेष जानकारी पाउनाका साथै आफूले पनि त्यसै गरी रचना गर्ने सीप सिक्छन् ।

६. विद्यार्थीहरूले लेख्यभाषा र अभिव्यक्तिका विविध शैलीहरू सिक्छन् ।

७. विद्यार्थीहरूले स्तरीय भाषाको अनुभूत गर्न सक्छन् ।

८. विद्यार्थीहरूले वाक्यको जटिल बनोटका बारेमा थाहा पाउँछन् ।

९. विद्यार्थीहरूको शब्दभण्डार फराकिलो हुन्छ ।

१०. विद्यार्थीहरूलाई विद्यालयको समयमा खुसीको अवसर ल्याउँछ ।



रातो बङ्गला फाउन्डेसन
पो.ब.नं. २०२, पाटनढोका, ललितपुर ।
फोन नं. ५५२२६१४, ५५३४३१८, ५५४२०४५, फ्याक्स : ५५४७६१९ email: rbs@mos.com.np

# बाल संसारका केही प्रकाशनहरू



मूल्य रु. ४५/-

## बनचरा

काठका तस्करहरू अपराधी हुन्, जो काठ चोर्ने अपराध गर्छन्। उनीहरू रूख काट्छन् र यसो गरेर जङ्गल मास्ने काम गर्दछन्। जङ्गल मासियो भने जीवजन्तु मासिन्छन्। प्राकृतिक वातावरण खल्बलिन्छ। अनि मानवसभ्यताको जग हल्लिन्छ। त्यसैले जन्म भयो बनचराको, जो एक्लो पहरेदार बन्यो जङ्गलको। नेपाली भाषामा 'कमिक्स' शैलीको पहिलो बालपुस्तक हो 'बनचरा'।

---


## माशाको पिराहा तकिया

सानी केटी माशालाई आफ्नो न्यानो र नरम ओछ्यान मन परेन। धेरै मानिसलाई आफूसित भएको कुरा मन पर्दैन। आफ्नो चीज नराम्रो लाग्छ। तर नराम्रो ठानेर आफ्नो चीजलाई मिल्काउँदैमा नभएको कुरा पाइँदैन। आफूसित भएको चीज पो आफ्नो हो। त्यसैले मानिसले आफ्नो चीजको गुन चिन्न सक्नुपर्छ। माशाले पनि आखिरमा आफ्नो ओछ्यानको गुन थाहा पाई। उसको जस्तो न्यानो र नरम ओछ्यान अरूको कहाँ हुनु !




मूल्य रु. ३०/-

---




मूल्य रु. ३५/-

## रूसी महावीरहरूको कथा

प्राचीन रूसी राज्यहरू कीभ र नोभगोरोदसित सम्बन्धित यी लोकगाथाहरूमा रूसी महावीरहरूको पराक्रम एवं वीरताको बखान पाइन्छ। खुँखार डाँकू मानवभक्षी दैत्य र उड्ने शक्ति भएको तीनटाउके अजिङ्गरहरूलाई परास्त गरी तिनको अत्याचारबाट रूसी जनतालाई मुक्ति दिने इल्या मुरोमेत्स, दोब्रीन्या निकीतिच र आल्योशा पोपोभिचजस्ता नायकहरूको पौरख कथा रमाइला र प्रेरणादायी छन्।

---





मूल्य रु. ९०/-

## नीला डल्फिनहरूको टापु

प्रशान्त महासागरमा अवस्थित ठूलो माछाजस्तो आकारको एउटा टापुमा कुनै समय आदिवासी इन्डियनहरू बस्थे। सन् १८३५ मा त्यहाँका पूरै बासिन्दा जहाज चढेर अन्यत्र बसाइँ सर्दा एउटी किशोरीचाहिँ टापुमा अलपत्र छाडिन गई। त्यसरी छाडिएकी त्यो केटी अठार वर्षसम्म त्यस निर्जन टापुमा अनेक दुःख र कष्ट झेल्दै एक्लै बस्न बाध्य भई। 'नीला डल्फिनहरूको टापु' कराना नामकी त्यस केटीले जिउँदो रहनका लागि गरेको अद्भुत सङ्घर्षको मर्मस्पर्शी कथा हो।

---




मूल्य रु. ६५/-

## जहाजी सिन्दबाद

'जहाजी सिन्दबादको कथा' विश्वप्रसिद्ध कथा शृङ्खला 'अरबका रातहरू' कै एउटा कडी हो। सिन्दबादका कथाहरूले विश्वसाहित्यमा एउटा छुट्टै र विशिष्ट स्थान ओगटेका छन्। सात-सात पटकको समुद्री यात्राको सिलसिलामा सिन्दबादले भोग्नुपरेका अनौठा र विस्मयकारी घटनाक्रमका बयान पढ्दा के वयस्क र के बालक सबैले रोमान्च र कौतुहलका साथै आनन्दको अनुभूति गर्दछन्।

**बाल संसार**
हिमाल एसोसिएसन
पाटनढोका, ललितपुर
फोन नं. ५५४२५४४/२१२०३२१

25 Years
EKTA BOOKS
1982 IN SERVICE OF EDUCATION 2007

# Ekta Books takes pride in declaring the Successful Completion of 25 Years of Service to Education!

Ekta Books has been sincerely serving millions of readers in Nepal as an independent publishing house and distributor for publishers of international repute.



*Our New Showroom*

Ekta Books is the choice of authors and readers alike. It is the best and the largest educational store in the country and a treasury of knowledge spread across 36 thousand sq. feet. Expansion in Asia is gradually becoming a reality. The evidence is the establishment of Ekta Book House (P) Ltd., Siliguri, West Bengal, India.




*Our Corporate Office Building*

***Just lose yourself amongst the mighty minds of old and new.***

EKTA

## EKTA BOOKS DISTRIBUTORS P. LTD.

**PUBLISHERS AND DISTRIBUTORS**

Prashutigriha Marga, Thapathali
GPO Box: 6445, Kathmandu, Nepal
Phone: 4260482, 4262091, Showroom: 4245787, 4230729
email: <ektabook@mos.com.np>, web: www.ektabooks.com

**शिक्षक** मासिक चैत २०६४ SHIKSHAK **Monthly** March 2008

## तेस्रो अङ्क




आवरण: **काठमाडौंको विजेश्वरीस्थित गीतामाता माविका प्रधानाध्यापक विद्यादेवी महर्जन।**
तस्बिर: **किरण पाण्डे।**

हिमाल एसोसिएसनका लागि **बसन्त थापा**द्वारा सम्पादित तथा प्रकाशित

**सम्पर्कः**
हिमाल एसोसिएसन
पाटनढोका, ललितपुर
**पो.ब.नं. १६६, ललितपुर**
फोनः ५५४३२५२/५५४२५४४
फ्याक्सः ५५४११९६
इमेल: mail@teacher.org.np
वेब: www.teacher.org.np

पत्रिका प्राप्ति तथा बिक्री-वितरणसम्बन्धी सोधखोजका निम्ति
**अशु कोइराला**

**मुद्रणः**
जगदम्बा प्रेस
हात्तीवन, ललितपुर

प्रकाश पन्त



# राम्रा सामुदायिक स्कूल
# कसरी राम्रा भए ?

नेपालको स्कूल शिक्षाको स्तर अथवा एसएलसी परीक्षाको परिणामलाई वाञ्छित तहमा उकास्न धेरै ठूलो आर्थिक-भौतिक लगानी या 'क्रान्तिकारी शिक्षा नीति' नै पर्खिरहनु आवश्यक छैन। अध्ययनहरूले देखाएका छन्- 'म गर्छु' भनेर अघिसर्ने दृढनिश्चयी व्यक्तिको खाँचो।

**आवरण** | २६



### शिक्षक राजनीति
## दलीय दलदलबाट मुक्त होला ?

दलीय राजनीतिको खिचातानीबाट विद्यालयलाई टाढा राख्न सामाजिक दबाब बढ्दै गएपछि नेपाल शिक्षक युनियनका पदाधिकारीहरू संस्थाको विधान संशोधन गरी आफूलाई गैर-राजनीतिक दर्शाउने प्रयासमा लागेका छन्।

**रिपोर्ट** | ८

| | |
|---|---|
| हेराइ बुझाइ | ३ |
| समाचारमा शिक्षक | ६ |
| अनुसन्धानः छात्र/छात्राः को कसरी सिक्छन् ? | १६ |
| विद्यालय व्यवस्थापनः समुदाय भरपर्दो विकल्प | १८ |
| विद्यालय व्यवस्थापनः जिम्मेवारी स्थानीय सरकारको | २१ |
| विचारः शिक्षा, शिक्षक र स्थानीय परिवेश | २४ |
| अन्तर्वार्ताः मातृभाषामा प्राथमिक शिक्षा जरूरी छ... | ३९ |
| चिन्तनः शिक्षा र चरित्र निर्माण | ४२ |
| कक्षा-कोठाः कविताको स्वाद | ४४ |
| आत्म-समीक्षाः म अनादर्श शिक्षक | ५२ |
| ज्ञान-विज्ञानः भोलिको कृषि-प्रविधि जिएमओ | ५५ |
| रिपोर्टः Mt. 8848: शिक्षकको पप् ब्याण्ड | ५८ |
| समीक्षाः पुस्तक | ६० |
| मूल्यांकनः असल शिक्षक | ६४ |

**शिक्षक**

**सम्पादकीय**

# सानै होस्, सक्ने प्रयास गरौं

२०६१ सालमा २१६ वटा स्कूलबाट एसएलसी परीक्षा दिने एक जना पनि परीक्षार्थी पास भएनन्। २०६२ सालमा एसएलसी दिने आधाभन्दा बढी विद्यार्थी फेल भए। एकाधलाई छाडेर फेल भएका सबै विद्यार्थी सामुदायिक स्कूलका थिए। निजी स्कूलमा पढ्ने विद्यार्थी किन पास हुन्छन्? सामुदायिक स्कूलमा पढ्ने किन फेल हुन्छन्?

यो परिणाम भवन, जमिन, खेल-मैदान जस्ता भौतिक पूर्वाधारका कारण आएको हो भनौं भने धेरैजसो निजी स्कूलहरू सामुदायिक स्कूलका तुलनामा आउन सक्दैनन्। शहरी क्षेत्रका धेरै निजी स्कूलहरू त आवासीय घरमा वा टहरामा स्थापना गरिएका छन्। शिक्षकहरूको तलब, सुविधा, स्थायित्व जस्ता कुरामा पनि अधिकांश निजी स्कूलको अवस्था दयनीय छ। अधिकांश सामुदायिक स्कूलहरू फराकिलो ठाउँमा स्थापित छन्। धेरैमा फराकिला खेल-मैदान पनि छन्। सरकारी तलबस्केल राम्रो छ र थपमा सञ्चयकोष र निवृत्तिभरण पनि छ। राम्रो पढाउने ठानिएका निजी स्कूलका शिक्षकले सामुदायिक स्कूलका शिक्षकसरह तलब-सुविधा पाउनु पर्‍यो भनेर माग गर्ने गरेका छन्।

दीपक ओली



बझाङ भोपुरस्थित सत्यवादी उच्च मावि।

यसबाट के देखिन्छ भने पर्याप्त आर्थिक-भौतिक स्रोत हुँदैमा र जनशक्तिलाई राम्रो तलब-सुविधा दिँदैमा स्कूलको पढाइ राम्रो हुँदैन। त्यसो भए के गर्नुपर्छ त? सामुदायिक स्कूल सञ्चालन हुने परिपाटीमा आमूल परिवर्तन पो गर्नुपर्छ कि? यसको जवाफ खोज्न *शिक्षक* ले यस पटक निजी स्कूलकै जस्तो नतिजा ल्याउने केही सामुदायिक स्कूलको अध्ययन गर्दा के कुरा स्पष्ट भयो भने व्यवस्थापन, भौतिक पूर्वाधार, देशको शान्ति-सुव्यवस्था, विद्यार्थी र अभिभावकको आर्थिक र सामाजिक स्तर, परीक्षा प्रणाली, पाठ्यक्रम जस्ता स्कूलको नियन्त्रण भन्दा बाहिरका कुरा यथावत रहँदा पनि स्कूलभित्रको वातावरण फेर्न सकियो भने बालबालिकालाई पढाइप्रति आकर्षित गर्न, पठन-पाठनको समग्र स्तर सुधार्न र राम्रो नतिजा प्राप्त गर्न सकिन्छ।

स्कूलमा भएका राम्रा परिवर्तनको प्रभाव स्कूल कम्पाउन्डभित्र मात्र सीमित नभई अन्यत्र पनि स्वत: फैलिन्छ। स्कूलमा पढाइको वातावरण सुध्रिएपछि विद्यार्थीले घरमा पनि पढाइप्रति ध्यान दिन थाल्छन्। परिणामत: छोराछोरीको पढाइमा ध्यान नदिने ठानिएका अभिभावकको समेत चासो बढ्न थाल्छ। स्कूलको अवस्था सुधार्न ध्यानै नदिने ठानिएका अभिभावक र स्कूल वरपर रहेका जान्नेसुन्ने मान्छेहरूको पनि स्कूलप्रति चासो जाग्न थाल्छ। स्रोतसाधन छैन भनिएका ठाउँमा पनि स्रोतसाधन जुट्न थाल्छ।

यसका लागि स्कूलभित्र धेरै ठूलो क्रान्ति पनि गर्नु नपर्ने तथ्य *शिक्षक* को अध्ययनले देखाएको छ। स्कूलमा जे काम गर्नुपर्ने हो त्यति मात्र, तर पूर्ण निष्ठा र अनुशासनका साथ गरे स्कूल सुध्रिहाल्ने रहेछन्। नियमित पठनपाठन र मूल्याङ्कन गर्ने परिपाटीको दीर्घकालीन प्रभाव पर्दोरहेछ। जे कामका लागि आफूलाई समाजले निश्चित तलब-सुविधा दिएको छ शिक्षकले त्यही काम मात्र गर्ने हो भने परिणाम राम्रै आउँछ भन्ने कुरा धेरै ठाउँमा छर्लङ्ग देखिएको छ। दलगत राजनीतिले स्कूलको वातावरण बिगार्छ भन्ने त छर्लङ्ग नै भइसकेको तथ्य हो।

यी निष्कर्षहरूलाई व्यवहारमा उतार्नु शिक्षकको कर्तव्य हो किनभने यसले आत्मसन्तुष्टि र सामाजिक मर्यादा बढाउँछ र उनीहरूलाई सामाजिक नेताका रूपमा स्थापित गराउँछ। राम्रा विद्यार्थीका शिक्षकले राजनीति, अर्थनीति, समाज-नीति जे विषयमा बोले पनि उसको कुरा समाजले सुन्छ, पत्याउँछ, मान्छ। एउटा शिक्षकले चाहने पेशागत सन्तुष्टि यिनै दुई कुराबाट आउँछन्। पहिलो, आफ्ना विद्यार्थी उत्तीर्ण हुँदै जाऊन् र दोस्रो समाजमा आफ्नो योगदानको कदर होस्। एसएलसीमा राम्रो नतिजा हासिल गर्ने सामुदायिक स्कूलहरूले सामान्य प्रयत्नबाट नै हासिल गरेका महत्त्वपूर्ण उपलब्धिबाट सबैले प्रेरणा लिन सक्नुपर्छ। किमधिकम्!



एकजना गोठालोका एक सय वटा भेडा रहेछन् । तीमध्ये एउटा भेडो बथानबाट छुट्टिएर हराएछ । गोठालो चिन्तित भएर ९९ वटा भेडा छाडेर हराएको एउटा भेडो खोज्न गएछ । खोज्दा खोज्दा गरेपछि भेडो फेला परेछ । गोठालो खुशीले गद्‌गद् भएछ । गोठालाको यस्तो चाला देखेर ९९ वटा भेडा छक्क परेछन् । त्यसपछि, गोठालाले ती भेडालाई सम्झाएछ, "हेर, तिमीहरू त सुरक्षित थियौ । तर हराएको भेडो असुरक्षित थियो । असुरक्षितलाई बचाउनु नै असल गोठालोको कर्तव्य हो ।"

त्यस गोठालाले जस्तै एउटा शिक्षकले पनि जो कमजोर हुन्छ उसैलाई मद्दत गर्नुपर्छ, जो शिक्षाको उज्यालोबाट बाहिर पर्दछ, उसलाई खोजेर शिक्षा दिनुपर्छ ।

येशू आफ्ना योग्यतम १२ जना चेलालाई लामो समय छाडेर फर्कंदा ती चेलाहरूले किन यति लामो समय हामीलाई छोडी गएको भनी गरेको गुनासोको जवाफ दिंदै ।

उदाउँदो पुस्तालाई पढाउनुभन्दा उत्तम काम अरू के हुन सक्छ र ? राज्यलाई पढाउने मानिसले भन्दा बढी योगदान अरू कसले गर्न सक्ला र ?

| मार्कस टुलियस सिसेरा

मान्छेले जे सुन्छ, त्यो बिर्सन्छ । जे देख्छ, त्यो सम्झन्छ । जे गर्छ, त्यो बुझ्छ ।

| चिनियाँ उखान

जो मान्छे सिक्न छाड्छ ऊ बूढो हुन्छ, उमेरले बीस वर्षको भए पनि । जो मान्छे सिकिरहन्छ ऊ युवा रहिरहन्छ, उमेरले असी वर्षको भए पनि ।

| हेन्री फोर्ड

राम्रो शिक्षकले कमजोर विद्यार्थीलाई राम्रो बनाउँछ र राम्रो विद्यार्थीलाई उत्तम । विद्यार्थी फेल हुँदा ऊ आफू पनि फेल भएको ठान्छ ।

| मार्मा कोलिन्स

गुणस्तर कहिल्यै पनि संयोगवश प्राप्त हुने परिणाम होइन, यो त सधैंको उच्च लगाव, गम्भीर प्रयत्न, कुशल निर्देशन र क्षमतापूर्वक कामगराइको परिणाम हो ।

| विलियम ए. फोस्टर



रविन सायमि

धेरै गल्ती गरेका छौं, धेरै भूलहरू गर्‍यौं
हेप्यौं नानीहरूलाई जीवनाधार बिर्सियौं
हामीले चाहने धेरै चीज पर्खन सक्दछन्
नपर्खिकन संसारी गति बालक बढ्दछन्
हाड मासु रगत उसको बन्दै बढ्दै छ देहमा
चेतनाको दियो प्रज्ञा ज्योति बन्दैछ नेत्रमा
सक्दैनौं पर्ख है भन्न, रूक्दैन ऊ त वेग हो
हुर्कंदैछ ऊ बढ्दैछ, उसको नाम 'आज' हो

– गाब्रियला मिस्ट्रल

अनुवादः **विधान आचार्य र केदार शर्मा**

# प्रतिक्रिया र सुझाव




## भोलिका काम

*शिक्षक* को दोस्रो अङ्क पढ्ने अवसर मिल्यो । केही नियालेर र केही सरसर्ती हेर्दैछु । राम्रो लाग्यो । आवरण चाहिँ फिल्मी जस्तो लाग्यो । यस अङ्कमा १३ वटा सन्दर्भ समेटिएका रहेछन् । तर कक्षाभित्रको शिक्षण अवस्था, शिक्षक गतिविधि, विद्यार्थी-अभिभावकको अपेक्षा, कक्षा-व्यवस्थापन र विद्यालय व्यवस्थापनसँग सम्बन्धित सामग्रीहरुको अभाव खट्कियो । त्यस्तै सांस्कृतिक थलोका रूपमा कक्षाकोठा, बहुभाषिक अवस्थाका रूपमा कक्षाकोठा र कक्षाकोठाभित्रका शिक्षण-सिकाइका गतिविधिसँग सम्बन्धित सामग्री भएमा त्यसबाट शिक्षकले लाभ लिन पाउँछन् । शिक्षकले प्रत्येक विद्यार्थीको जातीय संस्कृतिको सन्दर्भलाई मान्यता दिएर शिक्षण गर्ने तरिका, विद्यार्थीको सांस्कृतिक पृष्ठभूमिको ज्ञानलाई आधार बनाएर सिकाइका प्रक्रियाको थालनी कसरी गर्ने ? शिक्षकले विद्यार्थीलाई कसरी सम्बोधन गर्ने ? यी प्रश्नहरुको उत्तरले शिक्षकलाई विद्यार्थीसँग सही तरिकाले व्यवहार गर्न मद्दत पुऱ्याउँछ । विद्यार्थीहरुको सामाजिक, आर्थिक र राजनीतिक अवस्थाको जानकारी लिएर शिक्षण गर्ने, व्यवस्थापनमा उपयुक्त सांस्कृतिक रणनीतिहरु उपयोग गर्ने शिक्षकको सीप र कक्षाकोठाको उपयुक्त ढङ्गले सम्बोधन गर्ने तरिका जस्ता कुरालाई अवश्य पनि समेटेको होला भन्ने सोचेको थिएँ तर अपेक्षा पूरा भएन ।

बाह्य व्यवस्थापनलाई यसले आधार बनायो, टिपनटापन भयो तर शिक्षकका समाचार समेट्न सकेन । प्रस्तुति राम्रो छ । यसले अहिलेको शिक्षाको अवस्थाको समीक्षा गरेको पाइएको छ । नेपालको शिक्षाको अवस्थाको तुलना गर्दा सार्क देशकै तुलना गरेर अघि बढ्न पाए राम्रो हुनेथियो । शिक्षाको अवस्थाको सुधार गर्न विश्व बैंक, एसियाली विकास बैंक, ओईडीसी, डानिडा लगायतका दाता समूहको सहयोग हुँदै आएको अवस्थामा माथिका सन्दर्भहरु बढी सान्दर्भिक छन् । यस अङ्कमा समावेश गरिएका अन्तर्वार्ता, चिन्तन र विश्लेषणले शिक्षकलाई ऊर्जा दिएका छन् । समुदायमा विद्यालय हस्तान्तरण र तत्सम्बन्धी रिपोर्टहरुले समसामयिकतालाई समेट्ने प्रयत्न गरेका छन् तर बीचमा कतिपय पदीय व्यक्तिहरुको हुलिया दिँदा पद फरक परेको छ । सम्पादनको क्रममा यसलाई ख्याल गर्नु जरुरी छ । अनुसन्धानलाई प्राथमिकता दिए राम्रै हुन्छ । विद्यालयको विकासमा को कसरी जिम्मेवार हुने ? यसतर्फ आउँदा अङ्कमा यस्ता सामग्रीले प्राथमिकता पाउने अपेक्षा गरेको छु ।

**डिल्लीराम रिमाल**
**उपसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय**

## विरोधको तुक छैन

शिक्षासँग सरोकार राख्ने व्यक्तित्वहरूको लागि साह्रै लोकप्रिय मासिक *'शिक्षक'* पहिलो र दोस्रो अङ्क समयमै हातलाग्यो । पत्रिकामा भएका सम्पूर्ण खुराकहरू मननीय छन् । फागुन अङ्कमा प्रकाशित 'बैंक छाडेर स्कूल' शीर्षकको लेखले पैसाभन्दा पेशामा समर्पित हुनेहरूका लागि मार्गदर्शन गरेको छ । पैसाको पछि दौडिनेहरूको अख्तियारीको कठघरामा पुगेका थुप्रै उदाहरण हामी सबैले देखे-सुनेकै छौं । 'विद्यालय व्यवस्थापन हस्तान्तरण आकर्षण र आपत्ति' शीर्षकले मन तान्यो; जसमा विभिन्न व्यक्तित्वहरूको विचार पढ्ने अवसर पाइयो । सरकारले विद्यालयको व्यवस्थापनको जिम्मा मात्र समुदायलाई दिएको तर आर्थिक व्ययभार आफैँले नै व्यहोर्ने गरेको सन्दर्भमा कार्यक्रमको विरोध गर्नुमा कुनै तुक देखिँदैन । शिक्षा र स्वास्थ्य सरकारको प्राथमिकताको क्षेत्र अन्तर्गत राखिनुपर्छ । उक्त संवेदनशील क्षेत्रबाट सरकार पछि हट्न मिल्दैन । केही गरौँ, केही गर्नुपर्छ भन्नेका लागि यो कदम स्वागतयोग्य छ । सरकार शिक्षाबाट हात झिक्छ भनेर कसरी भन्ने ?



**जीतबहादुर थापा**
**प्रधानाध्यापक**
**सरस्वती प्रावि,**
**कोहलपुर-८, बाँके**

## विद्यार्थी बनाउन सकोस्

*शिक्षक* को दुवै अङ्क समयमै पढ्ने अवसर मिल्यो । शिक्षालाई समयसापेक्ष बनाउन हाम्रा शिक्षकहरु समयसापेक्ष हुनु नितान्त आवश्यक छ । त्यो अभिभारा *शिक्षक* ले पूरा गर्दै जानेछ भन्ने विश्वास छ । *शिक्षक* ले समेटेका विषयवस्तुहरू बहुतै उपयोगी छन् । पहिलो र दोस्रो अङ्कका आवरण मुद्दा धेरै पहिले उठनुपर्ने विषय हुन् । जसलाई उठाएर शिक्षकले धेरैका मनका जिज्ञासालाई शान्त पारेको छ । त्यसका निम्ति *शिक्षक* लाई हार्दिक बधाइ । अन्य वस्तुबाट पनि *शिक्षक* ले मात्र नभई सबै पाठकले पर्याप्त जानकारी तथा खुराक पाउन सक्छन् जो व्यावहारिक र जीवनोपयोगी छन् ।

शिक्षण पेशाको मर्यादा जोगाउन; शिक्षकलाई खुराक दिन शिक्षण सीपको प्रयोग बढाउन र शैक्षिक सामग्रीको चयन गर्न तत्सम्बन्धी उपयोगी सामग्रीको निरन्तर खाँचो छ । विद्यार्थी सक्रियता वृद्धिको तरिका, बालबालिकाको संवेगबाट बाल-मनोविज्ञानको अध्ययन गरी उपयुक्त व्यवहार गर्ने तरिका, आधार, मान्यता, असल र सफल शिक्षक बन्ने तरिका, सफल शिक्षकको कथा पनि हामी शिक्षकहरुको लागि आवश्यक सामग्री हुन् । शिक्षण कार्यमा आइपरेका कठिनाइसँग सम्बन्धित शिक्षकको सवालमा विशेषज्ञको जवाफ पनि दिनसके त्यसबाट धेरै शिक्षकहरुले लाभ लिन पाउने कुरामा कुनै सन्देह छैन । नमुना विद्यालयका सफलताको रहस्य; समुदायको विद्यालय राम्रो बनाउने शिक्षकका रचना आदि क्रमिक रूपमा पढ्न पाइनेमा

आशावादी छु। सबै शिक्षक र सरोकारवालाहरूको हातमा प्रत्येक अङ्क पुऱ्याई विशेष गरी आम शिक्षकलाई विद्यार्थी बनाउन *'शिक्षक'* सफल होस्!

**कृष्णकुमार केसी**
**प्रधानाध्यापक**
**विद्याधिश्वरी मावि आश्राङ,**
**ललितपुर**

■■■

राम्रो, सूचनामूलक र समय सान्दर्भिक सामग्री प्रकाशन गरेकोमा *'शिक्षक'* मासिक पत्रिकाका सम्पूर्ण परिवारलाई हार्दिक बधाइ! म पनि राष्ट्रसंघीय निकायसँग सम्बन्धित भई शिक्षा क्षेत्रमा नै काम गर्दैछु। प्राथमिक शिक्षामा पहुँच र स्तर वृद्धि मेरो मुख्य कार्य क्षेत्र हो। यस पत्रिकाले व्यावसायिक लापरबाहीलाई उजागर गर्दै यसलाई सम्बोधन गर्नेछ भन्ने आशा लिएको छु।

**केशवलोचन शर्मा**
**चौतारा, सिन्धुपाल्चोक**

■■■

*शिक्षक* को प्रथम अङ्क ढिलै भए पनि हात पऱ्यो। असुरक्षित र उपेक्षित बन्दै गएको शिक्षण पेशा सुरक्षित र अपेक्षित बनाउने भूमिका खेलोस् यस पत्रिकाले। साँवा अक्षर वा बाह्रखरीका खेताला शिक्षकले आखिर कसको के बिगारेका छन् र हिंसाका निशाना बनाइन्छन्!?



शिक्षा मन्त्री प्रदीप नेपालको 'ती मेरा आदरणीय गुरुहरु' शीर्षकको लेख साह्रै रोचक र मर्मस्पर्शी लाग्यो। आगामी अङ्कमा यस्ताखाले लेखको अपेक्षा गर्दछु। शिक्षण पेशामा लागेका सबैले पढ्नुपर्ने पत्रिका हो- *शिक्षक*। आगामी अङ्कहरू निरन्तर रूपमा प्रकाशन होऊन्, शुभकामना!

**ज्योतिलाल बूढा**
**भानुभक्त प्रावि,**
**खनियाखर्क, सल्यान**

## समयमै सबैतिर पुगिरहोस्

दुई महिनादेखि मात्र प्रकाशित हुनथालेको *'शिक्षक'* मासिकका संयोगले दुवै अङ्क अध्ययन गर्ने मौका पाएँ। पत्रिकाभित्र समावेश विषयवस्तुको अनुशीलनले मलाई आफ्नो पेशाप्रति अझ बढी इमान्दार तथा जिम्मेवार बनाउन सहयोग पुऱ्याएको महसूस गरेको छु। अन्य पाठकहरूलाई पनि यसले सकारात्मक सन्देश दियो होला।

शिक्षकहरूमा चौतर्फी ज्ञानको विकास गराउने पवित्र उद्देश्य तथा सङ्कल्प लिएर प्रकाशित यो पत्रिका लाखौं शिक्षकहरूलाई आफ्नो ग्राहक बनाउन सहजै सफल हुने आशा लिएको छु। साँच्चै यो शिक्षक-दिग्दर्शन सदा उपयोगी, मननीय र प्रेरणात्मक छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समय सन्दर्भमा लेखिएका लेख, रचनाका साथै प्रस्तुत तथ्य विवरणहरूको प्रस्तुतिले पत्रिकालाई बहुपयोगी बनाएको छ।

प्रकाशन प्रारम्भको छोटो अवधिमा पनि टिप्पणी गर्नै पर्ने पक्ष खास नदेखिनु प्रशंसनीय पक्ष हो। शिक्षकका भावना, विचार र प्रेरक पक्षलाई समेत उच्च प्राथमिकता दिएर पाठकहरूमा उत्साह, प्रेरणा र हौसला जगाउन विदेशी राष्ट्रहरूले शिक्षा क्षेत्रमा प्राप्त गरेको सफलता पछाडि सम्बन्धित राष्ट्रको योगदान अनि त्यसमा शिक्षकहरूको उल्लेखनीय भूमिका, सेवाप्रति समर्पित गतिविधिलाई समेत उच्च महत्त्वका साथ स्थान दिनु पत्रिकाको सबैभन्दा सुन्दर पक्ष मान्न सकिन्छ।

हामी शिक्षकहरू आफ्नो पेशामा योग्य, सक्षम र कर्मनिष्ठ हुन आफू पनि अध्ययनशील हुनु जरुरी हुन्छ। यथा सम्भव अनुकूल मिलाई हामी सम्पूर्ण शिक्षकहरूले *शिक्षक* नामक यस पत्रिकालाई आफ्नो अभिन्न अङ्ग बनाउने काम गरौं। पूर्व मेचीदेखि पश्चिम महाकाली र उत्तरका साथीहरूका अतिरिक्त अन्य शुभेच्छुक पाठकहरूका हातमा समयमै यो मासिक पत्रिका सधैँ-सधैँ पुग्न सफल होस् यही शुभकामना!

**केशवराज काफ्ले**
**आदर्श कन्या निकेतन उच्च मावि**
**मङ्गलबजार, ललितपुर**

## पाँच रूपैयाँ घटाउनु पऱ्यो

*शिक्षक* को प्रथम अङ्का प्रकाशित ओशोको हिन्दीबाट रूपान्तरित र राधेश्याम अधिकारीको शैक्षिक बहस 'शिक्षकको मर्यादा' ले शैक्षिक वातावरणमा नयाँ चुनौती थपिदिएको छ। कमल दीक्षितको छन्द पढाउँदाको अनुभव पढ्दा छन्दमा कविता वाचन गर्न र कोर्न मन लाग्यो। 'बेलायती शिक्षक दम्पतीको जाँगर' शीर्षकको रिपोर्टले स्वंयसेवक शिक्षकहरूको शिक्षण विधिमा सुधारात्मक योगदानको समाचार पढ्न पाउँदा धेरै खुशी लाग्यो। अन्य व्यक्तित्व, संस्मरण, सार्थक शिक्षण, अभिलेख, समीक्षा आदि महत्त्वपूर्ण र उपयोगी लाग्यो।

*शिक्षक* मा शैक्षिक क्षेत्रसँग सम्बन्धित शिक्षा आयोग, नेपाल शिक्षक युनियन, शिक्षा मन्त्रालयका सूचनामूलक कुराहरूलाई स्थान दिनु पऱ्यो। शिक्षामा साहित्यको गहन भूमिका हुने भएकाले यस विधाको स्तम्भलाई समावेश गर्दा कसो होला? पत्रिकाको मूल्य पनि पाँच रूपैयाँ घटाउनु पऱ्यो।

यस पत्रिकाको उद्देश्य जायज छ। *शिक्षक* मा स्कूल शिक्षासँग गाँसिएका सबैखाले समस्या र सम्भावनाहरू खोजी गर्दा शिक्षकलाई मियोको रूपमा लिँदा उचित लाग्यो। 'शिक्षकलाई समाचार' र 'समाचारमा शिक्षक' स्तम्भले शिक्षकहरूलाई ठूलो राहत मिलेको छ, यसले निरन्तरता पाओस्। शिक्षा क्षेत्रसँग गाँसिएका शिक्षक-अभिभावक, शैक्षिक संस्था, शिक्षासेवीका लागि यो धेरै उपयोगी देखिन्छ। आई.एड, बी.एड. पढ्दै गरेका शिक्षकका लागि यो पत्रिका प्रकाशन भइदिएर ठूलो गुन लागेको छ। *शिक्षक* मासिकलाई सुनौलो भविष्यको अग्रिम शुभकामना!

**काशीनाथ कुमाल**
**पृथ्वीनारायण क्याम्पस, पोखरा**
**बी.एड.प्रथम वर्ष**

## पत्राचारको नयाँ ठेगाना

*शिक्षक* **मासिक, हिमाल एसोसिएसन, पाटनढोका, ललितपुर**
पो.ब.नं. १६६, ललितपुर, **फोनः ५५४३२५२,** फ्याक्सः ५५४११९६
**इमेलः** response@teacher.org.np

# समाचारमा शिक्षक

## शिक्षकलाई खुशीको खबर

उहिले भारतका पटना र दार्जीलिङ लगायतका ठाउँबाट नेपालका स्कूलमा शिक्षक बनेर आउने चलन थियो। २४ फागुनमा *कान्तिपुर* मा छापिएको समाचार पढेपछि स्थिति उल्टन लागेको आभास हुन्छ। तर नेपाली शिक्षकको माग अन्त कतै नभएर विराटनगरको सीमावर्ती भारतीय गाउँ अररियाको बथनाह गाउँमा भएको रहेछ। समाचार अनुसार, आईएचएचएस नामको सो विद्यालयमा


भारतको विद्यालयमा नेपाली शिक्षक बढी

१८ मध्ये ११ जना शिक्षक नेपाली रहेका छन्। कक्षाको तह र योग्यता अनुसार नेपाली शिक्षकले सो भारतीय विद्यालयमा नेपाली रु.२५ सयदेखि रु.६ हजारसम्म तलब खाने गरेका छन्। नेपाली शिक्षकले मासिक तलब बाहेक नेपालबाट भारतीय सीमा आवतजावत गर्न भाडा पनि पाउने गरेका रहेछन्। तलब र अन्य सुविधामा नेपाली र भारतीय शिक्षक बीच कुनै भिन्नता छैन रे। के भारतमा शिक्षक बन्न चाहने नेपाली शिक्षकको लागि खुशीको कुरा होइन र?

## शिक्षकका लागि इन्टरनेट खतरा!

शिक्षकले आफ्नो ज्ञानको दायरा फराकिलो पार्न र अद्यावधिक गर्न इन्टरनेटको उपयोग कत्तिको गर्छन् कुन्नि? यदि गर्दैनन् भने अब तिनीहरू विद्यार्थीभन्दा पनि पछि पर्न बेर छैन। किनकि अब शहरी क्षेत्रका विद्यार्थीहरूले शिक्षकको मात्र भर नपरी इन्टरनेटबाट सामग्रीहरू खोजेर पढ्न थालेका छन्। त्यसको एउटा उदाहरण हुन् वैष्णवी माध्यमिक विद्यालयकी छात्रा सरस्वती शाह। पढाइमा निकै सहयोग पुगिरहेकाले उनी नियमित इन्टरनेट हेर्ने गरेको बताउँछिन्। २४ फागुनमा *राजधानी* मा प्रकाशित समाचार अनुसार इन्टरनेट प्रयोग गर्न थालेपछि विद्यार्थीहरूको पढ्ने बानीमा समेत परिवर्तन भएको छ। स्कूलको किताब मात्र पढ्ने बानी परेका विद्यार्थीहरूलाई इन्टरनेटको प्रयोगपछि कोर्सभन्दा बाहिरका रुचिपूर्ण कुराहरू पनि उत्तिकै पढ्न थालेका छन् जसले उनीहरूको ज्ञानको दायरालाई फराकिलो पार्न मद्दत गर्छ। विद्यार्थीले झैं शिक्षकले पनि इन्टरनेटको उपयोग गरेनन् भने त उनीहरूलाई विद्यार्थीले आच्छुआच्छु पार्नु अस्वाभाविक होइन। अनि इन्टरनेट शिक्षकका लागि खतरा भएन त?


वैकल्पिक उपाय अपनाएर पढ्दै विद्यार्थी

## दरबन्दी! दरबन्दी! दरबन्दी!

- म्याग्दीका ४८ विद्यालय दरबन्दी विहीन
- शिक्षकहरूको अभावका कारण विद्यार्थीहरू मर्कामा
- प्रावि शिक्षकले नै मावि चलाउँछन्
- दुई तहका विद्यार्थी पढाइ एउटै कक्षामा
- शिक्षक अभावले पढाइ प्रभावित
- चन्दा उठाउँदै, तलब खुवाउँदै
- चौरमा बसेर पढ्नुपर्ने बाध्यता

फागुन महिनामा काठमाडौंबाट प्रकाशित दैनिक समाचारपत्रका शीर्षकहरू हुन् यी। यी शीर्षकहरू नै काफी छन् सामुदायिक विद्यालयमा शिक्षकको कति हाहाकार भन्ने ताजा स्थितिको बोध गराउन। शिक्षा मन्त्रालयले हिमाली भेगमा ४०, पहाडमा ४५, तराई र उपत्यकामा ५० जना विद्यार्थी बराबर एक जना शिक्षक दिने नीति तय गरेको छ। यो सरकारी मापदण्ड अनुसार महोत्तरीमा प्रावि तहमा मात्र ७ सय ४२ जना, निमावि तहमा ३



शिक्षक अभावले पढाइ प्रभावित

सय ७८ जना शिक्षक नपुग भएको समाचार ११ फागुनमा राजधानीमा छापिएको छ। बर्दिया, गोरखा लगायत अरू जिल्लाहरूबाट पनि यस्तै समाचार आएका छन्।

आर्थिक अभावका कारण कुनै पनि बालबालिकाले स्तरीय शिक्षा प्राप्त गर्नबाट बञ्चित हुने छैन भनेर विश्व शिक्षा मञ्चमा व्यक्त प्रतिबद्धता अनुसार त नेपाल सरकारले पैसा छैन भनेर पन्छिनै पाउँदैन। किनकि दाताले सरकारलाई चाहिने जति पैसा दिन्छौं भन्ने ग्यारेन्टी गरेका छन्। बरु अब हामी सबैले किन पर्याप्त शिक्षकको व्यवस्था नगरेको भनेर सरकारसित प्रश्न गर्ने हो कि!

## नीतिनिर्मातालाई मुन्नीको प्रश्न


माछा मार्ने र अर्काको घरको जुठो भाँडा माझ्ने पुर्ख्यौली पेशा अँगालेका ५६ कहाँर परिवारमा कोही पनि साक्षर छैनन्। सम्पत्तिको नाममा उनीहरूसँग अलिकति जग्गा र त्यसमा बनाएको फुसको झुपडी बाहेक केही छैन। जिल्ला शिक्षा अधिकारी राकेश श्रीवास्तवले बालबालिकालाई छात्रवृत्ति दिएर समेत स्कूलमा पढाउन खोजे तर चार छोराछोरीकी आमा मुन्नी कहाँरले श्रीवास्तवलाई टेरपुच्छर लगाइनन्। उल्टै उनले भनिछन्, "पढेर पनि काम गर्ने हो, केटाकेटीले अहिले पनि काम गरेरै खाएका छन्।" निरक्षर


कहाँर जातिका बालबालिका शिक्षाको पहुँचबाहिर

भए पनि मुन्नीले आफ्नै भाषामा आफूजस्ता गरिबहरूका लागि शिक्षाको उपादेयतामाथि नै प्रश्न उठाइन्। जिल्लाभर शिक्षाको प्रशासन चलाउने श्रीवास्तवले मुन्नीलाई सम्झाउन नसकेर उसै फर्किएछन्। २० फागुनमा *गोरखापत्र* मा छापिएको यो समाचारले नीतिनिर्मातालाई गतिलो चुनौती दिएको छ। मुन्नीको चुनौती तिनले बुझ्लान्?

## टाउको दुख्यो, नाइटामा औषधि!

कुरा बर्दिया राजापुर क्षेत्रको हो। शहीद दशरथ चन्द उच्च माविका विद्यार्थी मितराम थारू लगायत ४ जना विद्यार्थीको समूहले परीक्षामा चिट चोरेकोमा जाँचबाट निष्कासन गरेको झोंक शिक्षक रविराज शर्माको घरमै गएर फेरेछन्। शायद शर्माको रामधुलाई नै भएछ क्यार, त्यसबाट आत्तिएका शिक्षकहरूले राजापुर क्षेत्रका करिब ६० वटा विद्यालयको पठनपाठन नै बन्द गराए छन्। माग चाहिँ कक्षा १० को अन्तिम परीक्षा दिएर बसेका थारू र उनका साथीहरूलाई कारबाही नभएसम्म पढाइ नै नगर्ने निर्णय शिक्षकहरूले गरेको समाचार ११ फागुनको *कान्तिपुर* ले छापेको थियो। यो समाचार पढेपछि लाग्यो, विद्यार्थी भन्दा त शिक्षक रून् मूर्ख रहेछन्। किनकि चिट चोर्नुपर्ने गरी प्रश्नपत्र बनाएपछि विद्यार्थीले त चोर्न खोजिहाल्छ। यदि शिक्षकले विद्यार्थीको अन्तरनिहित क्षमता र ज्ञान नाप्ने गरी प्रश्नपत्रको डिजाइन गरेको भए विद्यार्थीले चिट चोर्नै पर्दैनथ्यो नि! अनि यसलाई टाउकाको औषधि नाइटामा लगाएको भनेर नभनेर के भन्ने?


विद्यालयहरू खुलेनन्

## गरे नहुने के रहेछ र ?

नेपालीमा एउटा उखान छ, तिर्खा लागेपछि मानिस आफैं पानी पिउन खोलामा धाउँछ। *कान्तिपुर* मा १७ फागुनमा प्रकाशित एउटा समाचार पढेपछि त्यो उखान त्यसै बनेको होइन रहेछ भन्न करै लाग्छ। कुरा पर्वतको उत्तरी क्षेत्रमा पर्ने साजिला गाविसको ज्योति माविको हो। सूचनाप्रविधिको यो युगमा स्कूले विद्यार्थीदेखि अभिभावकसम्मले कम्प्युटरसिक्नुपर्छ भन्ने बोध भएपछि गाउँलेहरू मिलेर पैसा उठाए छन्, कम्प्युटर किनेर लगेछन्। गाउँमा बिजुली नभएर के फरक पर्‍यो र? गाउँलेहरूले जेनेरेटर पनि किनेछन्। अहिले त्यो विद्यालयमा विद्यार्थी र अभिभावक दुवैले आलोपालो मिलाएर कम्प्युटर सिकिरहेका छन्। हाल ११ वटा कम्प्युटर छन्। कम्प्युटर गुरुहरू मात्रै चार जना रहेछन् जसले मासिक ४० हजार जति तलब खान्छन्। कम्प्युटर सिक्ने अभिभावकसित प्रतिमहिना ७ सय ५० उठाएर शिक्षकलाई तलब खुवाउने प्रबन्ध मिलाइएको रहेछ। आखिर गरे नहुने के रहेछ र?


दुर्गमको विद्यालयमा कम्प्युटर कक्षा

## विद्यालयलाई दान

- बाराको डुमरवाना कलेज र स्वरोजगारमूलक प्राविधिक शिक्षालय स्थापना गर्ने उद्देश्यबाट आयोजना गरिएको महायज्ञबाट २ करोड ५० लाख चन्दा उठेको छ। सो महायज्ञमा बद्रीराज पाण्डेले सबैभन्दा बढी २५ लाख मूल्य पर्ने एक विघा जग्गा दान गरेका थिए। *(राजधानी, २४ फागुन)*
- पोखरा उपमहानगरपालिका चाउथे स्थित रामेश्वरी माविको शैक्षिक तथा भौतिक विकासको लागि महायज्ञ शुरु भएको छ र त्यसको पहिलो दिन नै रु.५ लाख ५० हजार चन्दा सङ्कलन भएको छ। उद्योगपति सूर्यबहादुर केसीले सर्वाधिक रु.३ लाख २० हजार दान दिएका थिए। *(नेपाल समाचारपत्र २१ फागुन)*
- देउखुरी उपत्यकाको एक मात्र क्याम्पस निर्माण गर्ने उद्देश्यले सञ्चालित महायज्ञमा रु.८४ लाख सङ्कलन भएको छ। दाङको लमहीमा पाँच दिनसम्म चलेको सो महायज्ञमा रु.८३ लाख ९४ हजार ६८४ सङ्कलन भएको हो। *(राजधानी ६ फागुन)*
- मध्यपुर थिमी उच्च माध्यमिक भवन निर्माणका लागि गरिएको महायज्ञबाट अरनिको उच्च माध्यमिक विद्यालय दधिकोटमा ५० लाख रुपैयाँ सङ्कलन भएको छ। *(राजधानी फागुन १३)*
- पोखराका विर्तप्रसाद गुरुङले घान्द्रुकस्थित जनसेवा प्राथमिक विद्यालयलाई भवन निर्माण र खेलमैदानका लागि रु.१ लाख ५० हजार मूल्य बराबरको तीन रोपनी जग्गा निःशुल्क दिएका छन्। *(राजधानी दैनिक फागुन १९)*

## शिक्षक के गर्दै होलान् ?

राजधानी दैनिक



कक्षा ५ मा पढ्दै गरेकी सपना राईलाई साँझ-बिहान गृहकार्य गर्ने र साथीहरूसँग खेल्ने फुर्सद छैन। किनकि उनका बाबुआमाको कमाइले हातमुख जोर्न पनि नपुग्ने भएकाले उनले पनि साँझबिहान केही न केही काम गर्नैपर्छ। कहिले उनी दाउरा खोजेर बेच्छिन् त कहिले गिटी कुट्न पुग्छिन्। केही काम भएन भने उनी भारी बोक्न जान्छिन्। उनी हाल भगवती प्राविमा पढ्दैछिन्। २७ फागुनमा *राजधानी* दैनिकमा छापिएको समाचार अनुसार सुनसरीको विष्णुपादुका गाविसका दर्जनौं बालबालिका गरिबीका कारण साँझबिहान सपना राईले झैं काम गरेर दिउँसो विद्यालय जान्छन्। यसले उनीहरूले आफ्नो जीवनको लागि शिक्षाको महत्त्व र आवश्यकतालाई कति गहिरोसँग बुझेका छन् भन्ने कुरा उजागर गर्छ। तर यी बालबालिका जुन लगनका साथ विद्यालय गएका छन्, त्यहाँका शिक्षकले त्यही लगनका साथ पढाएका होलान् कि नहोलान्?

**प्रस्तुतिः अशु कोइराला**

सुदर्शन घिमिरे

किरण पाण्डे



शिक्षक युनियनको बैठक।

# दलीय दलदलबाट मुक्त होला ?

"हरेक विद्यार्थीको उपलब्धिमूलक सिकाइका लागि शिक्षक हरेक शिक्षकको प्रभावकारी प्रतिनिधित्वका लागि शिक्षक युनियन

माथिको नारासँगै नेपाल शिक्षक युनियनको विशेष अधिवेशन काठमाडौँमा (२-३ चैत) सम्पन्न हुँदैछ। देशभरका करिब ६०० प्रतिनिधि शिक्षकहरूले भाग लिने सो अधिवेशनले युनियनको विधान संशोधन गरी हाल युनियनसँग आवद्ध नरहेका शिक्षकहरूका निम्ति आउँदो वर्ष हुने शिक्षक युनियनको दोस्रो अधिवेशनमा ढोका खोलिदिनेछ। युनियनको साविकको विधानले नेपाल शिक्षक संघ, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, नेपाल राष्ट्रिय शिक्षक परिषद, नेपाल शिक्षक मञ्च र नेपाल क्रान्तिकारी शिक्षक संघ समेत पाँच वटा सङ्गठनलाई मात्र युनियनको सदस्य संस्था मानेको छ। त्यसैगरी यो अधिवेशनले उच्च माध्यमिक तहका शिक्षकलाई पहिलो चोटि युनियनको सदस्यको द्वार खोल्नेछ भने कुनै सङ्गठनमा आवद्ध नरहेका शिक्षक सोझै युनियनको सदस्य बन्न सक्ने प्रावधान पनि विधानमा थप्ने सम्भावना रहेको छ।

### समस्या शुरुदेखि नै

शिक्षक युनियन आफैँमा चार वर्ष मात्र पुरानो भए पनि यसको पृष्ठभूमि चाहिँ रुण्डै तीनदशक लामो (२०३६ सालदेखि) देखिन्छ, जतिबेला नेपाल राष्ट्रिय शिक्षक

सङ्गठनको स्थापना भएको थियो। २ जेठ २०३६ मा हेटौंडास्थित भुटनदेवी स्कूलमा भएको शिक्षकहरूको भेलाले निजामती कर्मचारीसरह सञ्चयकोष, उपदान तथा शिक्षकहरूको पेशागत हकहितको लागि शिक्षक सङ्गठन स्थापना गर्न पाउनुपर्ने भनी गरेको निर्णयसँगै नेपाल शिक्षक सङ्गठनको बीजारोपण भएको थियो। सरकारी निकायमा आफ्नो माग प्रस्तुत गरेर आन्दोलनका निम्ति अग्रसर भएका शिक्षकहरूको एक भेलाले सोही जेठको अन्तिम सातामा खगेन्द्र सङ्ग्रौलाको संयोजकत्वमा सङ्घर्ष समिति निर्माण गऱ्यो। त्यसको लगत्तै सरकारले सङ्घर्ष समितिलाई वार्तामा बोलायो र उल्लिखित मागहरू पूरा गर्ने वचन दियो। त्यसपछि हेटौंडामै २०३६ मङ्सिरमा राष्ट्रिय सम्मेलन गरेर नेपाल राष्ट्रिय शिक्षक सङ्गठन स्थापना भएको घोषणा गरियो। तर सरकारले २०३६ फागुन २२ गते मात्र सङ्गठनको विधानलाई स्वीकृति दिएकाले यही दिनलाई स्थापना दिवस (शिक्षक दिवस) का रूपमा मनाउने गरिएको छ।

शिक्षकहरूको हकहितको लागि भनेर स्थापना भए पनि यो सङ्गठन शुरुदेखि नै राजनीतिक विवादबाट भने मुक्त रहन सकेन। शिक्षक सङ्गठन जन्मने बित्तिकै तत्कालीन भूमिगत माले पार्टीको राजनीतिक प्रभावमा परेको आक्षेप एकथरी शिक्षकले त्यतिखेरै लगाए। यसमा संस्थापक अध्यक्ष खतिवडा भन्छन्, "हो, वाम विचारधारामा विश्वास गर्ने शिक्षकहरूको बाहुल्य थियो।" शायद त्यही कारणले होला, नेपाली काङ्ग्रेस र गैरवाम विचारधारामा विश्वास गर्ने शिक्षकहरूले यसलाई शुरुदेखि नै राजनीतिक चस्माले हेर्न थाले। तदनुरुप विस्तारै गैर वामपन्थी खेमाका शिक्षकहरू पाखा लाग्दै जान थाले।

त्यसैको परिणाम थियो, २०४४ सालमा पञ्चायती सरकारको स्वीकृतिमा प्राथमिक शिक्षक र माध्यमिक शिक्षकका अलग अलग संघ स्थापना भए। यी संघ शिक्षकहरूलाई फुटाउने राजनीतिक रणनीतिअनुरुप स्थापना भएको खतिवडा बताउँछन्। वाम वर्चस्व रहेको सङ्गठनबाट बाहिर निस्कने उपयुक्त समयको पर्खाइमा बसेका काङ्ग्रेस निकट र गैरवाम विचारधाराका शिक्षकहरू सङ्गठन छाडेर शिक्षक संघमा आवद्ध हुन थाले। तर २०४६ को जनआन्दोलनको सफलतासँगै प्रावि र मावि शिक्षक संघ विघटन हुन पुगे।

## बहुदलपछि झन् बिग्रियो

"जब बहुदलीय प्रजातन्त्र आयो त्यसपछि शिक्षकहरू दलीय राजनीतिमा आबद्ध नभई शुद्ध शिक्षक बनेर बस्नुपर्थ्यो।" खतिवडा भन्छन्, "बहुदलमा त राजनीति गर्ने काम राजनीतिक पार्टीहरूको थियो, यदि कुनै शिक्षकलाई राजनीति गर्ने इच्छा पूर्ण गर्नुथियो भने उसले शिक्षण पेशा त्यागेर राजनीतितिर लागेको भए हुन्थ्यो।" तर शिक्षण पेशालाई सही बाटोमा अगाडि बढाउने ऐतिहासिक अवसरको सदुपयोग हुन पाएन। त्यतिबेला अन्तरिम सरकारको नेतृत्व गर्ने नेपाली काङ्ग्रेस र मुख्य साझेदार वाममोर्चाले पनि शिक्षालाई दलीय राजनीतिबाट अलग राख्ने कुनै ध्यान दिएनन्। बरु उल्टै नेपाली काङ्ग्रेसले सर्कुलर नै गरेर २०४७ असारमा काङ्ग्रेस समर्थक शिक्षकहरूको भेला राजधानीमा बोलायो। "बहुदल आएको केही समयपछि नै हामीले शिक्षक सङ्गठनका तत्कालीन अध्यक्ष देवी ओझासँग शिक्षकहरूको एउटै संस्था निर्माण गर्न सहमति निर्माण गरेका थियौं। तर उहाँहरू हामीलाई नसमेटिकन सङ्गठनको अधिवेशन गर्नतिर लाग्नुभयो।" शिक्षक संघ स्थापनाको पृष्ठभूमिको स्मरण गर्दै नेपाल शिक्षक संघका एक जना संस्थापक केशवप्रसाद भट्टराई भन्छन्, "काङ्ग्रेस केन्द्रीय कार्यालयको तर्फबाट असारमा शिक्षकहरूको भेला बोलाइएकोमा त्यो अगावै राजधानीमा उपलब्ध प्रजातान्त्रिक खेमाका शिक्षकहरूको भेला गरेर नेपाल शिक्षक संघको स्थापना गऱ्यौं।" यसरी २०४७ साल वैशाख २८ गते नेपाली काङ्ग्रेस पार्टीसँग आवद्ध शिक्षकहरूको संस्था पहिलोपल्ट स्थापना भयो। काङ्ग्रेसको यो गलत नीतिलाई सच्याउन दबाब दिनुको साटो अरू पार्टीले पनि त्यसकै अनुकरण गर्न थाले। २०५० सालमा आइपुग्दा राष्ट्रिय प्रजातन्त्र पार्टीको शिक्षक परिषद, नेपाल सद्भावना पार्टीको शिक्षक मञ्च र नेपाल मजदुर किसान पार्टीको क्रान्तिकारी शिक्षक संघ नामक संस्थाहरू ती दलको भगिनी संस्थाका रूपमा स्थापित भइसकेका थिए। त्यही उपक्रम अन्तर्गत माओवादीले 'अखिल नेपाल शिक्षक संघ'को स्थापना गऱ्यो। यसरी घोषित अघोषित रूपमा राजनीतिक दलसँग आवद्ध शिक्षकका एकदर्जन जति संस्थाहरू खुलिसकेका छन्।

> "देशको राजनीतिले अझै स्थिरता पाउन सकेको छैन। यदि हामीले सबै संस्था खारेज गरेर युनियन राख्यौं भने भोलि कुनै पार्टीको नेताको सक्रियतामा अर्को शिक्षक संस्था खोलिँदैन भन्ने ग्यारेन्टी छैन।"
>
> **केशवप्रसाद भट्टराई, अध्यक्ष शिक्षक युनियन**



यसरी शिक्षकका नाममा खुलेका संस्थाहरूले विद्यालयको पठनपाठनलाई भन्दा माउ पार्टीको पक्षमा आ-आफ्नो मान्यता अनुसार सक्ने जति सबै गरे। तिनीहरू आफ्नो पार्टीको पक्षमा कति दत्तचित्त भएर लागेका थिए भन्ने कुराको एउटा उदाहरण नेपाल शिक्षक संघले २०५५ सालमा प्रतिनिधिसभाका काङ्ग्रेसका सांसदहरूलाई लेखेको खुलापत्रमा भेटिन्छ। जसमा लेखिएको छ: "शिक्षण पेशामा प्रवेश गर्नुअघि काङ्ग्रेस रहेका र शिक्षण पेशाबाट अवकाश लिएपछि पनि काङ्ग्रेस नै रहने अनि काङ्ग्रेसकै लागि आफू र आफ्नो परिवारसामु उपलब्ध सारा विकल्प र संभावनाहरूलाई त्यागेर काङ्ग्रेसकै लागि शिक्षक भएका

# रिपोर्ट **शिक्षक राजनीति**

व्यक्तिहरूको लगानी, त्याग र बलिदान नेपाल शिक्षक संघको कथा हो। तर काङ्ग्रेसले संघको विशाल ऊर्जा, उसप्रतिको अविचलित निष्ठा, प्रमाणित क्षमता र समाजमा स्थापित सम्मान, विश्वासलाई प्रजातन्त्रको सम्बर्द्धन र विकास एवं स्वयं नेपाली काङ्ग्रेसको सुदृढीकरणमा उपयोग गर्न सकिरहेको छैन।"

शिक्षक संघले २०५७ मा काङ्ग्रेससँग औपचारिक सम्बन्धविच्छेद गरेको घोषणा गरेर विगतको गल्ती सच्याउन खोजेको सन्देश दिन नखोजेको होइन। तर अहिलेसम्म उसको पुरानो छवि बदलिएको छैन। त्यस्तै एमालेको वर्चस्वमा रहेको नेपाल राष्ट्रिय शिक्षक सङ्गठन पनि आफ्नो राजनीतिक आस्थाबाट माथि उठेको देखिएको छैन। अखिल नेपाल शिक्षक संघ लगायतका अरू संस्थाहरू त घोषित रूपमै आ-आफ्ना माउ पार्टीका भ्रातृ सङ्गठनका रूपमा क्रियाशील छन्।

## युनियनः गल्ती सच्याउने प्रयास

सार्वजनिक विद्यालयको खस्कँदो स्तरले युवायुवतीमा पलाएको आक्रोश र नैराश्यताका कारण शिक्षक र विद्यालयलाई

> "दलीय राजनीतिले शिक्षालाई धेरै हानि पुऱ्याएको अनुभूति भएकाले हामी शिक्षकको संस्था एउटै बनाएर त्यसलाई राजनीतिभन्दा पर राख्न लागिपरेका छौं।"

**बाबुराम अधिकारी, महासचिव**
**नेपाल राष्ट्रिय शिक्षक सङ्गठन**



पार्टीको प्रत्यक्ष छायाँमा राख्न कठिन हुने देखेपछि २०५८ मा आएर काङ्ग्रेस र एमाले विगतको त्रुटि सच्याउन तयार भए। शिक्षकलाई दलीय राजनीतिबाट टाढा राख्न तिनले एकल शिक्षक युनियनको अवधारणामा सहमति जनाए। शिक्षा ऐनको सातौं संशोधनले शिक्षक कुनै पनि राजनीतिक दलको सदस्य हुन नपाउने र भएमा कारबाही गर्न सकिने प्रावधानको व्यवस्था गऱ्यो। यसमा काङ्ग्रेस र एमाले दुवैको सहमति थियो। योग्य र दक्ष व्यक्ति मात्र शिक्षक बनून् भनेर शिक्षक अध्यापन अनुमतिपत्रको कानूनी व्यवस्था पनि त्यही बेला गरियो।

२०६० सालमा शिक्षक युनियनको स्थापना भयो तर ऐनको मर्म र युनियनको अवधारणा विपरित। ऐनमा "सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकहरूको लागि एक शिक्षक युनियन रहनेछ" भनिएको छ। त्यसको अर्थ, शिक्षक युनियनको गठन भएपछि अरू कुनै पनि नामधारी शिक्षक संस्थाहरू रहने छैनन्, सबै शिक्षकको एउटै युनियन हुनेछ भन्ने नै लाग्छ। तर संघ र सङ्गठनका नेताहरूले महासंघको अवधारणा अनुसारको 'युनियन' बनाउने निर्णय गरे र शिक्षा मन्त्रालयबाट विधान स्वीकृत गराए। अनि शिक्षक संघ, शिक्षक सङ्गठन, परिषद, मञ्च र क्रान्तिकारी शिक्षक संघको महासंघको रूपमा शिक्षक युनियनको गठन गरियो। त्यो तदर्थ समितिको अध्यक्ष बनाइए नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष माधवप्रसाद अधिकारी। समानुपातिक निर्वाचन प्रणाली अपनाइएकाले युनियनको मुख्य हिस्सा हाल संघ र सङ्गठनले ओगटेका छन् भने थोरै सदस्य भएकाले परिषद, मञ्च र क्रान्तिकारीको प्रतिनिधित्व नाम मात्रको रहेको छ। एउटाले अध्यक्ष पाए अर्कोले महासचिव तथा बढी केन्द्रीय सदस्य पाउने समझदारी संघ र सङ्गठनका बीचमा भएकाले २०६१ साल चैतमा भएको युनियनको पहिलो अधिवेशनबाट संघका तत्कालीन अध्यक्ष केशवप्रसाद भट्टराई युनियनको अध्यक्ष छानिएका हुन्।

युनियनको स्थापनापछि केही राम्रा सङ्केत पनि देखिएका छन्। शिक्षक संघ/सङ्गठनहरूबीचको तिक्ततालाई युनियनको अभ्यासले बिस्तारै घटाउँदै लगेको छ। सङ्गठनका अध्यक्ष हीरा नेपाल भन्छन्, "हामीबीच पहिले जस्तो अन्त्यहीन विवाद हुन छाडेको छ। भए पनि राजनीतिक आग्रह भन्दा वस्तुपरक बढी हुने गरेको छ। पहिला जस्तो यो पक्ष र ऊ पक्ष भनेर विगतमा जुन हिलोछ्याप्ने परिपाटी हुन्थ्यो, त्यो अवस्था अन्त्य भएर आज हामी बीच सौहार्द वातावरणको निर्माण भएको छ।" त्यति मात्र हैन, शिक्षक र सरकारसँगको सम्बन्धमा पनि फेरबदल आएको छ। पहिला काङ्ग्रेसको शिक्षामन्त्री हुँदा शिक्षक संघ र एमालेको शिक्षामन्त्री हुँदा सङ्गठनलाई सत्तापक्षीय शिक्षक संस्थाको रूपमा हेरिन्थ्यो भने अर्कोलाई प्रतिपक्षी। तर युनियनको स्थापनापछि सरकारसँगको सम्बन्धमा उतारचढाव कम भएर सहकार्य नै शुरु भएको छ।

## विकल्पः संरचना परिवर्तन

अहिलेको युनियनको संरचनाप्रति प्रायः शिक्षक सन्तुष्ट देखिँदैनन्। युनियनको जिल्ला तहको नेतृत्वमा रहेका संघ र सङ्गठन दुवै पक्षका शिक्षकहरू समेत साविकको संरचना फेरबदल गर्ने पक्षमा उभिएका छन्। सरकारसँगको सहकार्य अन्तर्गत युनियनले आयोजना गरेका क्षेत्रीय भेला तथा गोष्ठीहरूमा धेरैजसो समय शिक्षकका अरू संस्थाहरू खारेज गरेर शिक्षकहरूको एउटै संस्था हुनुपर्ने आवाज उठ्ने गरेको तथ्य अध्यक्ष भट्टराई स्वीकार गर्छन्। तर उनी यसनिम्ति परिपक्व वातावरण बन्न अझै केही समय लाग्ने बताउँछन्। उनी भन्छन्, "देशको राजनीतिले अझै स्थिरता पाउन सकेको छैन। यदि हामीले सबै संस्था खारेज गरेर युनियन राख्यौं भने भोलि कुनै पार्टीको नेताको सक्रियतामा अर्को शिक्षक संस्था खोलिँदैन भन्ने ग्यारेन्टी छैन।"

तर नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष हीरा नेपाल अरू सबै संघ-सङ्गठन खारेज गरेर 'शिक्षक युनियन' मात्र कायम राख्ने प्रस्ताव आफूहरूले युनियनको विशेष अधिवेशनमा अघि सार्ने बताउँछन्। सङ्गठनका महासचिव बाबुराम अधिकारी थप्छन्, "दलीय राजनीतिले शिक्षालाई धेरै हानि पुऱ्याएको अनुभूति भएकाले हामी शिक्षकको संस्था एउटै बनाएर त्यसलाई राजनीतिभन्दा पर राख्न

लागिपरेका छौं।" आफूहरूले त्यस्तो प्रस्ताव राख्दा शिक्षक संघको तर्फबाट उत्साहजनक प्रतिक्रिया नपाएको गुनासो उनको छ।

तर नेपाल शिक्षक संघका अध्यक्ष मोहन ज्ञवाली पनि आफूहरू युनियन मात्र राखेर अरू संस्था खारेज गर्ने कुराको बिरोधी नभएको बताउँछन्। "हामीहरू ६० प्रतिशत स्ववियु चुनाव जस्तो प्रत्यक्ष निर्वाचन र ४० प्रतिशत समानुपातिक प्रतिनिधित्व हुनुपर्छ भनेर यही अधिवेशनमा प्रस्ताव लान्छौं।" ज्ञवाली भन्छन्, "यदि सङ्गठन, मञ्च, परिषदलगायत अरू आबद्ध सबै संस्था खारेज हुने हो भने हामी पनि शिक्षक संघ विघटन गर्न तयार छौं।" यो विषयमा शिक्षक सङ्गठनका नेताहरूले बाहिर एउटा र भित्र अर्को बोल्ने गरेकाले यस विषयमा तार्किक निष्कर्षमा पुग्न नसकिएको ज्ञवालीको गुनासो छ। तर संघ र सङ्गठनमध्ये कुनै एउटाले आफ्नो संस्था विघटन गरेमा अर्कोसँग त्यसो गर्नुको विकल्प रहने छैन।

माओवादीको भ्रातृ सङ्गठन 'अखिल नेपाल शिक्षक संघ' अहिलेसम्म युनियनभन्दा बाहिरै छ। तर त्यसका अध्यक्ष गुणराज लोहनीका अनुसार उनीहरू पनि एउटै संस्था निर्माणको पक्षमा छन्। लोहनी भन्छन्, "हामी एउटै संस्थाको पक्षमा त छौं तर त्यसनिम्ति हाम्रा तीन वटा शर्त छन्: युनियनको विधानमा संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्धता, शिक्षा प्रणाली र नीति बारे न्यूनतम स्पष्टता र पेशागत हकहितको सुनिश्चितता। मुखैमा आएको संविधानसभाको चुनावबाट नयाँ संविधान बनेपछि नयाँ वातावरण बन्ने र त्यसपछि मात्र आफूहरू शिक्षकहरूको एउटै संस्था बनाउने काममा लाग्ने पनि बताउँछन्। संविधानसभाको निर्वाचनमा माओवादीका तर्फबाट उम्मेदवार रहेका लोहनीको कथन र शैली हेर्दा माओवादीहरू अहिले नै युनियनमा पसिहाल्ने मूडमा देखिँदैनन्।

अहिले जसरी पाँच वटा संस्था युनियनमा आबद्ध भएका छन्, त्यसैगरी अरू संस्था पनि सम्बद्ध हुन पाउने बाटो खोल्ने गरी विधान संशोधन गर्न युनियनको नेतृत्व तयार देखिन्छ। तर त्यसले युनियनलाई दलीय राजनीतिबाट मुक्त हैन रुन् गाँज्दै लैजाने मात्र काम गर्छ भन्छन्, पाटन माध्यमिक विद्यालयका प्रधानाध्यापक होमबहादुर कुँवर। "अहिले त युनियन दलीय शिक्षक संस्थाको छाता संस्था बनेको छ। दलीय शिक्षक संस्थाको महासंघ बनाउने सोचाइ नै गलत हो", कुँवरको भनाइ थियो, "त्यसैले युनियन मात्र रहने अरू सबै संस्था खारेज गर्नुपर्छ। त्यो काम यही विधान अधिवेशनले गर्नुपर्छ।" दलीय शिक्षक संस्थामा आबद्ध हुन नचाहने कोही पनि शिक्षक सीधै शिक्षक युनियनको सदस्य बन्न नसक्ने अहिलेको विधानको अर्को महत्त्वपूर्ण खोट हो। "विधानको यो प्रावधानले शिक्षकहरूलाई नै लज्जित तुल्याएको छ।" प्रधानाध्यापक कुँवर भन्छन्, शिक्षकहरू सोझै युनियनको सदस्य बन्न नपाउने प्रावधान राख्नुको अर्थ हो, शिक्षक संघ/सङ्गठनका नेताहरू शिक्षण पेशालाई दलीय राजनीतिको दुष्चक्रबाट बाहिर निकाल्न चाहँदैनन्।" कुँवरले भने झैं युनियनलाई पेशागत संस्था बनाउने दिशामा लैजाने हो भने विधान अधिवशेनले सोझै युनियनको सदस्य बन्न पाउने गरी विधान संशोधन गर्नै पर्ने देखिन्छ।

यदि अहिलेकै जस्तै शिक्षकको महासंघ बनाउने हो भने दलीय आधारमा हैन, तहगत आधारमा शिक्षक युनियन बनाउनु एउटा विकल्प हुने देखिन्छ। प्राथमिक तहका शिक्षकहरूको एउटा युनियन माध्यमिक र उच्च माध्यमिक तहको अर्को युनियन बनाउने र ती सबै युनियनको महासंघको रूपमा शिक्षक युनियन रहनु साविकको भन्दा उपयुक्त विकल्प रहेको शिक्षाकर्मी विमल फुयाँल बताउँछन्। भारत, जापान, बेलायत, नर्वे लगायतका देशहरूमा यस्ता तहगत शिक्षक युनियन छन्। तह अनुसार शिक्षकका समस्या, मुद्दा र आवश्यकता पनि फरक हुने भएकाले ती देशहरूमा यसरी तहगत युनियन बनेको देखिन्छ। अरु सम्भव हुन्छ भने त विषयगत शिक्षकहरूको संघ बनाएर तिनीहरूको महासंघ बनाउनु रुन् राम्रो हुन्छ- फुयाँल थप्छन्। तर शिक्षाविद् प्रा.डा. मनप्रसाद वाग्ले शिक्षकहरूको महासंघ बनाउन नहुने तर्क अगाडि सार्छन्। "यसले सिन्डिकेटको काम गर्छ, पेशागत दक्षता अभिवृद्धिको काम हुँदैन।" वाग्ले भन्छन्, "युनियन त विद्यालयको

"हामी एउटै संस्थाको पक्षमा त छौं तर त्यसनिम्ति हाम्रा तीन वटा शर्त छन्: युनियनको विधानमा संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्धता, शिक्षा प्रणाली र नीति बारे न्यूनतम स्पष्टता र पेशागत हकहितको सुनिश्चितता।"

**गुणराज लोहनी अध्यक्ष**
**अखिल नेपाल शिक्षक संघ**



तहमा बनाइनुपर्छ। किनकि आफ्नो विद्यालयको समस्या र संभावना त्यही विद्यालयका शिक्षकले मात्र बुझेका हुन्छन्।" उनको अवधारणा अनुसार, विद्यालय तहको शिक्षक युनियनलाई सरकारले सीधै शिक्षकको क्षमता विकासको लागि निरन्तर सहयोग गर्नुपर्छ र त्यसको जिम्मा पनि युनियनलाई नै दिनुपर्छ।

यसरी युनियनलाई सही अर्थमा शिक्षकको छाता संस्था बनाउन चाहने हो भने नेतृत्वसामु थुप्रै विकल्पहरू देखिन्छन्। तर प्रधानाध्यापक कुँवरले भने झैं शिक्षक संघ, सङ्गठन र युनियनको नेतृत्व साँच्चिकै इमान्दार हुने हो भने शिक्षकलाई दलीय राजनीतिबाट मुक्त गर्ने कामको सुरुआत शिक्षक युनियनको संरचना यही विधान अधिवेशनबाट गर्न तयार रहनुपर्छ। माओवादी निकटलगायत हाल बाहिर रहेका शिक्षकहरू पनि ढिलोचाँडो युनियनकै छातामुनि आउनुको विकल्प पनि रहने छैन। त्यसो गर्दा उनीहरूले शिक्षक समुदाय, विद्यार्थी र सिङ्गो समाजका लागि मौकामा हीरा फोरेको ठहर्छ।

# दलीय राजनीतिबाट मुक्त हुनै पर्छ

**बद्रीप्रसाद खतिवडा**
संस्थापक अध्यक्ष, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन

**नेपाल राष्ट्रिय शिक्षक सङ्गठन स्थापनाको पृष्ठभूमि के थियो ?**

शिक्षकलाई सरकारले शुद्ध तलब बाहेक केही पनि दिने गरेको थिएन। २०१३ सालमा निजामती कर्मचारीलाई पेन्सनको व्यवस्था गरियो, तर शिक्षकलाई गरिएन। शिक्षकलाई सञ्चयकोष, उपदान केही पनि दिइँदैनथ्यो। समाजले शिक्षकको ठूलो सम्मान गर्थ्यो तर आर्थिक रूपमा उनीहरू असुरक्षित थिए। युवा अवस्थामा शिक्षक भएर विद्यालय पसेको व्यक्ति त्यहाँबाट निस्कँदा वृद्ध भइसकेको हुन्छ। मर्ने बेलामा त आफ्नो कमाइबाट कात्रो किन्ने पैसा पनि ऊसँग हुँदैन। जबसम्म शिक्षकको पेशागत सुरक्षा हुँदैन, योग्य र राम्रा मानिसहरूले शिक्षण पेशा छाड्ने क्रम बढ्छ।



> **“सङ्गठित भएपछि शिक्षकले निजामती कर्मचारीसरह तलब, पेन्सनलगायतका सबै सुविधा पाउन सके। यो पक्षमा धेरै राम्रो भयो। तर प्राथमिक तहदेखि विश्वविद्यालयसम्मका शिक्षकहरू मर्यादा, गरिमा र सीमाको महत्त्व नबुझेर विभिन्न राजनीतिक पार्टीको पिछलग्गु भएर हिंड्न थाले।”**

तसर्थ शिक्षकलाई ती सुविधाहरू दिलाउन सरकारलाई दबाब दिन केही न केही गर्नुपर्छ भन्ने सबैलाई लागिरहेको थियो।

२०३५ सालतिरको कुरा हो- अवकाशप्राप्त एकजना प्राथमिक शिक्षकलाई भुटनदेवी माध्यमिक विद्यालय (हेटौंडा) का शिक्षकहरूले रथयात्रा गरेर सम्मान गरे, सानो थैली पनि उपहार दिए। केही समयपछि ती शिक्षकको निधन हुँदा उनको दाहसंस्कार गर्न हामीले चन्दा उठाउनु पर्‍यो। यो घटनाले म लगायतका शिक्षकहरूलाई शिक्षकको हितको लागि केही गर्नै पर्छ भन्ने छटपटी पैदा गरायो। यसै बीचमा २०३६ सालको विद्यार्थी आन्दोलन शुरु भयो। पञ्चायती व्यवस्थाको विरुद्धमा देशभर एक किसिमको लहर नै चलेको थियो। परिवर्तन चाहने र राजनीति-प्रेरित मानिसहरू भएकाले हामी शिक्षकहरू पनि चुप बस्ने अवस्था थिएन। प्रजातन्त्रको स्थापनाको लागि पनि सघाउ पुग्ने र शिक्षकको हकहितको लागि पनि दबाब दिन सकिन्छ भनेर हेटौंडाका म लगायत ८८ जना शिक्षकहरू २०३६ साल जेठ ४ गते मौन जुलुससहित सडकमा उत्रियौं। हाम्रो मुख्य माग शिक्षकलाई कम्तीमा निजामती कर्मचारीसरह पेन्सन, उपदानको व्यवस्था हुनुपर्ने र शिक्षकको पेशागत हकहितका लागि सङ्गठित भएर काम गर्न शिक्षक सङ्गठन स्थापना गर्न पाउनुपर्छ भन्ने थियो।

**शिक्षक सङ्गठनको स्थापना स्वतस्फूर्त रूपमा भएको थियो कि कुनै राजनीतिक दलको प्रेरणामा ?**

शिक्षक आन्दोलन स्वतस्फूर्त रूपमा उठेको हो। यसमा कुनै दलको भूमिका थिएन। आन्दोलन बढ्दै गएपछि आफ्नो अनुकूल हुन्छ भनेर तत्कालीन मालेले हामीलाई समर्थन चाहिँ गरेको थियो। सङ्गठनको स्थापना हुँदा तत्कालीन मालेलगायत वामपन्थी विचारधारामा आबद्ध शिक्षकहरूकै सङ्ख्या बढी थियो। पछि पनि यस्तै भइरह्यो। यसको अर्को कारण के थियो भने काङ्ग्रेसका नेता बीपी कोइरालाले शिक्षक सङ्गठनलाई त्यति रुचाएनन्। त्यसले गर्दा प्रजातान्त्रिक खेमामा रहेका शिक्षक साथीहरूलाई अप्ठ्यारो पर्‍यो। जायज माग बोकेर स्थापना भएकाले शिक्षक सङ्गठन उनीहरूले छाड्न पनि सकेनन् अनि पार्टी नेताहरूले मन नपराएको हुँदा नेतृत्वमा बस्न पनि गाह्रो भयो।

**शिक्षक सङ्गठनदेखि शिक्षक युनियनको गठनसम्मको यात्रालाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

सङ्गठित भएपछि शिक्षकले निजामती कर्मचारीसरह तलब, पेन्सनलगायतका सबै सुविधा पाउन सके। यो पक्षमा धेरै राम्रो भयो। तर प्राथमिक तहदेखि विश्वविद्यालयसम्मका शिक्षकहरू मर्यादा, गरिमा र सीमाको महत्त्व नबुझेर विभिन्न राजनीतिक पार्टीको पिछलग्गु भएर हिंड्न थाले। त्यो ज्यादै नराम्रो कुरा हो। निरङ्कुशताको विरुद्धमा भएको राष्ट्रिय आन्दोलनमा सचेत नागरिकका हैसियतले भाग लिनु र राजनीतिक तथा पेशागत स्वतन्त्रताको पक्षमा लाग्नु स्वाभाविक हो। सचेत व्यक्ति भएका कारण शिक्षक कुनै राजनीतिक विचारधारा बोक्न सक्छ, तर उनीहरू पार्टीको सदस्य चाहिँ हुँदै हुनुहुन्न।

**यो गल्ती पञ्चायत कालमै भयो कि बहुदल आएपछि ?**

पञ्चायती कालभरि उतिसारो गल्ती भएको थिएन। बहुदल आएपछि नै हो ठूलो भूल भएको। बहुदल आएपछि शिक्षक शुद्ध शिक्षक भएर बस्नुपर्थ्यो। तर त्यसो हुन सकेन। शिक्षकहरू राजनीतिक दलको सदस्य मात्र हैन, कार्यकर्ता नै भएर हिंड्न थाले। उनीहरूमा राजनीतिक महत्त्वाकाङ्क्षा बढ्यो।

हिजो शिक्षकलाई पेन्सन, उपदान दिइन्नथ्यो, तलब पनि कम थियो, पेशागत हकहितको लागि सङ्गठन भएन भनेर लड्यौं । हामीले ती सबै पायौं । सरकारले आफ्नो क्षमता अनुसार शिक्षकलाई तलब तथा सुविधा पनि दिइरहेको छ । तर जब हामी पेशागत रूपमा ढुक्क भयौं, 'सरकारी काम कहिले जाला घाम' भने झैं पढाउन छाडेर पार्टीको रुण्डा बोक्न थाल्यौं । राजनीति गर्ने मन भए शिक्षक छाडेर हिंड्नु पर्थ्यो तर शिक्षकको तलब खाएरै राजनीतिमा हिंड्न थाल्यौं । वास्तवमा शिक्षकले आफ्नो कर्तव्य निर्वाह नगरेर सामाजिक अपराध नै गरेका छन् । त्यस्तैगरी आफ्नो राजनीतिक कार्यकर्ता बनाएर राजनीतिक दलहरूले पनि उत्ति नै ठूलो अपराध गरेका छन् ।

**शिक्षकहरू राजनीतिमा लाग्दाको सबैभन्दा ठूलो नकारात्मक असर के हो ?**


दलीय राजनीतिमा लाग्ने जस्तो शिक्षकहरूको गलत व्यवहारका कारण नेपाली समाजले ठूलो मूल्य चुकाउनु परेको छ । सार्वजनिक शिक्षाको स्तर यति धेरै खस्किनुको मुख्य कारण पनि यही हो । आज निजी विद्यालयबाट एसएलसीमा धेरै विद्यार्थी राम्रोसँग उत्तीर्ण हुन्छन् तर सार्वजनिक विद्यालयबाट तुलनात्मक रूपमा निक्कै कम मात्र पास हुन्छन् । त्यो सब शिक्षक राजनीतिक कार्यकर्ता भइदिनाले भएको हो । उसले आफ्नो दायित्व बोध गरेर काम गरेको भए यस्तो अवस्था आउने थिएन । समाजमा शिक्षकको मर्यादा पनि यही कारणले घटेको हो ।

**के शिक्षकलाई कक्षाकोठा प्रति उत्तरदायी बनाउन सकिन्छ त ?**

सकिन्छ । बनाउनै पनि पर्छ । शिक्षक शुद्ध शिक्षक मात्रै हुनुपर्छ । तर अहिले हामीले भन्दैमा न राजनीतिक दलहरूले शिक्षकलाई 'अब तिमीहरू हाम्रो कार्यकर्ता नबन' भनेर भन्नेवाला छन् न त शिक्षकहरूले नै राजनीतिक दललाई परित्याग गरिदिन्छन् । त्यो समय आउन अलि समय लाग्ला । त्यसैले शिक्षकको कामको मूल्याङ्कन गर्ने र सोही आधारमा उसलाई ग्रेड वृद्धि तथा अरू सुविधा दिने नीति बनाइनुपर्छ र त्यसलाई व्यवहारमा उतारिनुपर्छ । विद्यार्थीको सिकाइ स्तर न्यूनतम पनि देखिएन भने सम्बन्धित शिक्षकको ग्रेड रोक्का समेत गर्नै पर्छ । त्यतिबेला शिक्षकले मलाई निश्चित सङ्ख्यामा मात्र विद्यार्थी दिइनुपर्छ भन्न सक्छ । सरकार र अभिभावकले विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक र भौतिक सुविधाको प्रबन्ध गरिदिनुपर्छ । अनि प्रवेश परीक्षा लिने र कुन स्तरसम्मका विद्यार्थी भर्ना गर्ने भन्ने निर्णय गर्ने अधिकार पनि शिक्षकलाई नै दिइनुपर्छ । दण्ड मात्र हैन पुरस्कारको पनि यथोचित प्रबन्ध गरिनुपर्छ । अहिले पनि राम्रा शिक्षक नभएका होइनन् । तर तिनको यथोचित कदर समाज र सरकार दुवैले गरेका छैनन् । राम्रा शिक्षकको कदर गर्ने र त्यसलाई प्रचारप्रसार गर्ने काम सबै मिलेर गर्नुपर्छ । यति मात्र हुनसक्यो भने अहिलेको अवस्थामा ५० प्रतिशत सुधार केही समयपछि नै आउँछ ।

**विशेष अधिवेशनको तयारीमा रहेको शिक्षक युनियनका बारेमा के भन्नुहुन्छ ?**

म शिक्षक युनियनको नेतृत्वमा रहेका साथीहरूलाई समाजप्रति इमान्दार भएर आफ्ना भावी कदमहरू अगाडि बढाउन विशेष अनुरोध गर्दछु । शिक्षा देशको मेरुदण्ड हो, शिक्षा नै राम्रो नभएपछि समाज अगाडि बढ्नै सक्दैन । यो कुरालाई हृदयङ्गम गरेर आफू पनि शुद्ध शिक्षक हुने र अरू शिक्षकलाई पनि शुद्ध र पेशागत उत्तरदायित्व कुशलताका साथ निर्वाह गर्न सक्षम बनाउने मूल दायित्व शिक्षक युनियनको हो । शिक्षकको पेशागत दक्षता बढाउने र त्यो सीप कक्षाकोठामा प्रयोग गर्ने वातावरण निर्माण गर्न शिक्षक युनियनले सबैभन्दा बढी भूमिका निर्वाह गर्न सक्छ । त्यसैगरी शिक्षक युनियन विभिन्न दलमा आबद्ध शिक्षक संघ/सङ्गठनको महासंघ हैन, कलेजका विद्यार्थी युनियन जस्तो सोझै निर्वाचित हुने पद्धति अपनाउनुपर्छ । यसो गर्दा कुनै समूहले एकलौटी जित्ने र बाँकी सबै पाखा पर्ने अवस्था पनि आउन दिनुहुँदैन । बरु त्यसनिम्ति समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्नुपर्छ ।



किरण पाण्डे

**"जब हामी पेशागत रूपमा ढुक्क भयौं, 'सरकारी काम कहिले जाला घाम' भने झैं पढाउन छाडेर पार्टीको रुण्डा बोक्न थाल्यौं । राजनीति गर्ने मन भए शिक्षक छाडेर हिंड्नु पर्थ्यो तर शिक्षकको तलब खाएरै राजनीतिमा हिंड्न थाल्यौं । वास्तवमा शिक्षकले आफ्नो कर्तव्य निर्वाह नगरेर सामाजिक अपराध नै गरेका छन् ।"**



# युनियनको औचित्य !

हरिविनोद अधिकारी

**युनियनलाई साँच्चै सम्पूर्ण नेपाली शिक्षकहरूको साझा छाता संस्था बनाउने हो भने अहिलेको साङ्गठनिक प्रारुपमा आमूल परिवर्तन गरी जुनसुकै विद्यालयमा पढाउने शिक्षकले पनि युनियनको प्रारम्भिक सदस्य बन्न पाउने हुनुपर्दछ ।**

नेपालमा विद्यालय शिक्षाको विस्तार र शिक्षकहरू सङ्गठित हुने प्रयास, २००७ सालको परिवर्तनपछि सँगसँगै शुरु भएको हो, जुन अद्यापि जारी छ । तथापि स्कूल शिक्षकहरू सङ्गठित हुने प्रक्रियाले मूर्तरुप चाहिं २०३६ को विद्यार्थी आन्दोलनपछि मात्र लिन सक्यो । त्यतिबेला भूमिगत अवस्थामा रहेको नेकपा मालेको वर्चस्वसहित नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको स्थापना भएको हो । त्यसको बाहिरी आवरणमा प्रजातन्त्रवादी शिक्षकहरू पनि आवद्ध भए- पेशागत सङ्गठनको नाममा । एउटा समय आयो- प्रजातन्त्रवादीहरू त्यहाँ अट्न सकेनन् । प्रजातन्त्रवादी शिक्षकहरूको बेग्लै सङ्गठन- नेपाल शिक्षक संघ २०४७ वैशाख ३० गते खुल्यो । नेपाल राष्ट्रिय शिक्षक सङ्गठनभित्र आपसी तनाव, विवाद र राजनीतिक मनोमालिन्यपश्चात गठन गरिएको नेपाल शिक्षक संघ संभवत: अहिले पनि सबैभन्दा बढी सदस्य सङ्ख्या भएको शिक्षक संस्था हो ।

त्यतिबेला प्रजातन्त्रवादी र वामपन्थी शिक्षकहरू फुटेको जस्तो देखिए पनि शिक्षक संघको जन्म नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको औपचारिक विभाजनबाट भएको थिएन । यथार्थमा प्रजातान्त्रिक प्रक्रियामा शिक्षकका संस्थालाई यसरी सञ्चालन गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गर्नका लागि त्यो जमर्को गरिएको थियो । त्यो प्रयास शुरुका १-२ वर्षसम्म त सशक्त रूपमा भयो, त्यसपछिका दिनमा के भयो, त्यो सबैका सामु स्पष्ट नै छ ।

समग्र राजनीतिले आफ्नो गन्तव्य बिर्सिएको बेलामा, पेशागत संस्थाहरू पनि राजनीति कम पेशागत बढी हुन नसक्दा उस्तै प्रकृतिका धेरै संस्थाहरू जन्मँदा रहेछन्- पदको भागबण्डाका लागि पनि । त्यसको उदाहरण बनेको छ- नेपाल शिक्षक युनियन । संघ र सङ्गठनको एकता वार्ताका क्रममा बहस शुरु भएको थियो- दुवैको एकीकरण वा संघीय संरचना वा सहज र सबै अट्ने प्रतिस्पर्धात्मक युनियन ? एकताको निरर्थक बहस तथा आ-आफ्नो संस्थाको स्वाभिमान धरौटी राखेर बन्ने महासंघीय संरचनाभन्दा खुल्ला प्रतिस्पर्धाबाट छानिने शिक्षक नेतृत्व जरुरी छ भन्ने कुरामा यो पङ्क्तिकार पनि थियो । तर युनियन यी दुवै ढाँचाभन्दा फरक आयो । परिणामत: युनियन सबै प्रकारका विद्यालयका शिक्षकको वास्तविक संस्था बन्न सकेको छैन । यसमा संघ र सङ्गठन बाहेकका संस्थाहरू या त छैनन् या भए पनि ती केही जिल्लामा मात्र सीमित छन् । साङ्गठनिक पक्ष चिन्ताजनक छ । मृतप्राय: संस्थाहरूलाई संस्थापक सदस्यता दिँदै हिँड्नुपर्ने तर विद्यालयमा पढाउने शिक्षकलाई चाहिँ सदस्यता दिन नमिल्ने युनियनको बाध्यता छ । शिक्षकहरूले सीधै सदस्यता नपाउने नेपाल शिक्षक युनियनले कति शिक्षकहरूको प्रतिनिधित्व गर्दछ ? क-कसको हितका खातिर काम गर्दछ ? कसबाट ऊर्जा प्राप्त गर्दछ ? भन्ने जस्ता प्रश्नहरू आजसम्म अनुत्तरित नै छन् ।

युनियनलाई नेपालका सम्पूर्ण शिक्षकहरूको साझा थलो बनाउने हो भने अहिलेको भागबण्डाको संरचनाभन्दा नितान्त फरक तर विद्यालयमा पढाउने जो कोही पनि सदस्य हुने, तिनीहरूको अभिमतबाट मात्र युनियनको सङ्गठन निर्माण हुने वैधानिक व्यवस्था गरिनुपर्छ । मैले बुझेसम्म, नेपालमा अस्तित्वमा रहेका कतिपय शिक्षकका सङ्गठनहरू युनियनमा आबद्ध छैनन् । त्यतिमात्र होइन, तोकिएका संस्थापक संस्थाबाहेक अरू त्यहाँ प्रवेश गर्न पनि पाउँदैनन् । युनियनको निर्वाचनमा कुनै पनि उम्मेदवारलाई प्रत्यक्ष मत दिन पाइँदैन । प्रत्यक्षत: उम्मेदवार हुन पनि पाइँदैन । थाहा पाएसम्म काठमाडौँ जस्ता जिल्लामा समेत युनियनको निर्वाचन हुनसकेको छैन; जबकि युनियनको भागबण्डाको पहिलो कार्यकाल सकिनै लागेको छ । ७५ जिल्लामध्ये धेरैजसोमा निर्वाचन नहुँदै शाही सङ्कटकालमा नै केन्द्रीय निर्वाचन सम्पन्न गर्नुपर्ने बाध्यता युनियनलाई किन परेको थियो भन्ने आजसम्म बुझ्न सकिएको छैन ।

एकातिर युनियनको स्थापना भएको छ र अर्कोतिर आधिकारिक सामाजिक सौदाबाजी गर्नका लागि राष्ट्रियस्तरमा नेपाल शिक्षक युनियनको मात्र अस्तित्व राखिएको छ ऐन-नियममा । युनियनको गठनपश्चात नेपाल शिक्षक संघ र नेपाल राष्ट्रिय शिक्षक सङ्गठन जस्ता संस्थाहरूसमेत युनियनको मुख ताकेर बस्न बाध्य भएका छन् । युनियनलाई सरकारको संरक्षण र ऊर्जा प्राप्त भए पनि यसको उदयपश्चात नेपाली शैक्षिक फाँटमा पेशागत हकहितका ठोस उपलब्धि भएको देख्न-सुन्न पाइएको छैन । शिक्षकको तालिम, सुविधा, लाइसेन्स, गुणात्मक शिक्षा जस्ता विषयमा खासै पहल भएको पाइँदैन । सबैतिर युनियनको प्रतिनिधित्व राखिएको छ तर युनियनका प्रतिनिधिहरू जहाँ पनि अन्योल र द्विविधाग्रस्त मानसिकतामा प्रस्तुत हुने गरेको पाइन्छ । आम शिक्षकहरूमा चाहिँ आफ्नो संस्था खोटो-सिक्कामा परिणत हुन लागेको देखेर चिन्ता पैदा भएको छ ।

नेपाल शिक्षक युनियनलाई साँच्चै सम्पूर्ण नेपाली शिक्षकहरूको साझा छाता संस्था बनाउने हो भने अहिलेको साङ्गठनिक प्रारुपमा आमूल परिवर्तन गर्नुपर्दछ र जुनसुकै विद्यालयमा पढाउने भए पनि युनियनको प्रारम्भिक सदस्य बन्न पाउने हुनुपर्दछ । केन्द्रमा कसरी प्रतिनिधित्व गराउने भन्ने कुराको सहज तरिका निश्चित गरी जुनसुकै तहको अध्यक्षता बहुमतीय प्रणालीबाट प्रत्यक्ष मतबाट निर्वाचित हुने प्रावधान राखिनुपर्दछ । युनियनमा आवद्ध हुने प्रक्रिया र शर्तहरू सरल र सहज बनाइनुपर्दछ । युनियन आफैं पनि मजदुर महासंघको सदस्य हुनुपर्दछ । आबद्ध संस्थाको स्वतन्त्रता र सामाजिक सौदाबाजीको अधिकार खोसिनुहुँदैन । 📖

*(अधिकारी नेपाल शिक्षक संघका संस्थापक सचिव हुनुहुन्छ ।)*

# शिक्षकको कर्तव्य




शिक्षकहरूको अन्तर्राष्ट्रिय सङ्गठन एजुकेसन इन्टरन्यासनलले स्तरीय शिक्षालाई प्रजातान्त्रिक समाजको महत्त्वपूर्ण आधार मानेको छ। सो सङ्गठनका अनुसार, शिक्षाले सबै केटाकेटी र युवालाई समान शैक्षिक अवसर प्रदान गर्नुपर्छ। शिक्षक र शैक्षिक क्षेत्रमा कार्यरत सबैले शिक्षा क्षेत्रमा उपलब्ध सेवाप्रति जनताको विश्वास जगाउन काम गर्नुपर्छ भन्ने कुरा पनि सो सङ्गठनले मानेको छ। यी उद्देश्य पूरा गर्नका लागि र शिक्षकहरूलाई आफ्नो पेशागत आचरण निर्धारण गर्नका लागि मद्दत पुगोस् भनेर शिक्षकहरूको आचारसंहिता तयार गरेको छ। यसले शिक्षकहरूको कामसँग सम्बन्धित नीतिनियम, कानून र कार्यक्रमका पूरकका रूपमा सहयोग गर्ने विश्वास सो सङ्गठनको छ। सो आचारसंहिताका केही महत्त्वपूर्ण अंशहरू:

### पेशाप्रतिको प्रतिबद्धता

**शिक्षकले–**

- शिक्षकहरूले आफूमाथिको जनआस्था र विश्वास कायम राख्ने गरी काम गर्नुपर्छ र सबै विद्यार्थीहरूलाई स्तरीय शिक्षा दिएर आफ्नो पेशागत सम्मान बढाउनुपर्छ,
- पेशागत ज्ञानलाई नियमित रूपमा अद्यावधिक र सुधार गर्नुपर्छ,
- जीवनभर सिक्नु पेशाप्रतिको प्रतिबद्धताको एउटा अङ्ग हो भन्ने कुरालाई स्वीकार्दै सिकाइको प्रक्रिया, तरिका र समय निर्धारण गर्नुपर्छ,
- आफ्नो दक्षता र योग्यतासँग सम्बन्धित सबै जानकारी सार्वजनिक गर्नुपर्छ,
- सङ्गठनमा सक्रिय रूपमा सहभागी भएर आफ्नो काम गर्ने अवस्थालाई राम्रो पार्न प्रयास गर्नुपर्छ जसले गर्दा एकदमै योग्य मानिसहरू शिक्षक हुन लालायित होउन्,
- शिक्षाको क्षेत्रमा र यस क्षेत्रमार्फत समाजमा प्रजातन्त्र र मानवअधिकारको प्रवर्द्धन गर्ने सबै प्रयासलाई सघाउनुपर्छ,

### विद्यार्थीप्रतिको प्रतिबद्धता

**शिक्षकले–**

- सबै केटाकेटी खासगरी आफ्ना विद्यार्थीहरूको अधिकारको सम्मान गर्नुपर्छ,
- विद्यार्थीको हित र कल्याणको रक्षा र प्रवर्द्धन गर्नुपर्छ, कुनै पनि विद्यार्थीलाई शारीरिक तथा मनोवैज्ञानिक दुर्व्यवहार हुन दिनुहुँदैन,
- विद्यार्थीलाई यौन दुर्व्यवहार हुन नदिन सम्भव भएसम्म सबै उपाय अपनाउनुपर्छ,
- विद्यार्थीको हितसँग सम्बन्धित सबै विषयमा उपयुक्त किसिमको परिश्रम गर्नुका साथै यी विषयमा सतर्कता र गोपनीयता अपनाउनुपर्छ,
- मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मान्यतासँग सुहाउँदो आचारण अपनाउन विद्यार्थीहरूलाई सघाउनुपर्छ,
- विद्यार्थीसँग पेशागत सम्बन्ध कायम राख्नुपर्छ,
- हरेक विद्यार्थी अरूभन्दा फरक हुन्छ, हरेक विद्यार्थीका विशेष आवश्यकता हुन्छ भन्ने कुरा स्वीकार गरी विद्यार्थीलाई आफ्नो क्षमता बढाउन हौसला दिनुपर्छ र मार्गनिर्देश गर्नुपर्छ,
- विद्यार्थीहरूमा आफू समुदायको एक अङ्ग हुँ र यहाँ सबैलाई स्थान छ भन्ने भावना जगाउनुपर्छ,
- आफ्नो अधिकार न्यायपूर्ण ढङ्गले र ममताका साथ प्रयोग गर्नुपर्छ,
- विद्यार्थीसँगको आफ्नो सम्बन्धलाई कुनै पनि किसिमले अरु खासगरी धार्मिक वा राजनीतिक आस्था बदल्न वा त्यसलाई नियन्त्रण गर्न दुरुपयोग हुन दिनुहुँदैन,

### अभिभावकप्रतिको प्रतिबद्धता

- बच्चाको प्रगति र हितका सम्बन्धमा अभिभावकले उपयुक्त माध्यमबाट शिक्षकसँग परामर्श गर्न पाउनुपर्छ भन्ने कुरालाई मान्यता दिनुपर्छ,
- अभिभावकको अधिकारलाई आदर गर्दै बच्चाको हित हुने किसिमको पेशागत सल्लाह दिनुपर्छ।
- बच्चाको शिक्षादीक्षामा सक्रियतापूर्वक भाग लिन र बच्चाको शिक्षामा नराम्रो असर पार्ने खालका काममा केटाकेटीलाई नलगाउन अभिभावकलाई प्रोत्साहन दिन सबै प्रयास गर्नुपर्छ।

*(सन् २००१ जुलाईमा थाइल्यान्डमा भएको एजुकेसन इन्टरन्यासनलको तेस्रो अन्तर्राष्ट्रिय सम्मेलनद्वारा पारित।)*

मनेश श्रेष्ठ

रोहित लुइँटेल



# छात्र र छात्रा को कसरी सिक्छन् ?

केही वर्षअगाडि हार्बर्ड विश्वविद्यालयका अध्यक्ष ल्यारी समर्सले 'महिलाहरूको मानसिक क्षमता कमजोर हुने हुनाले विश्वविद्यालय तहमा भौतिक विज्ञान र गणित लिने छात्राहरू कम भएका हुन्' भन्दा शैक्षिक र राजनीतिकजगतमा ठूलो खैलाबैला मच्चियो। उनको यो भनाइ यसअघि स्थापित मान्यता विपरीत थियो। सन् १९६० र ७० को दशकमा विश्वभरमा भएको महिला आन्दोलनले दुई वटा कुरा स्थापित गरेको थियो, जसमध्ये पहिलो थियो, अवसरको कमीले गर्दा मात्र महिला पछाडि परेका हुन्, र अर्को थियो; समान अवसर पाउने हो भने जुनसुकै क्षेत्रमा पनि महिलाले पुरुषसँग प्रतिस्पर्धा गर्न सक्छन्।

यस मान्यताले शिक्षा क्षेत्रमा नयाँ अभ्यासहरू भित्र्यायो। छात्र र छात्रालाई फरक-फरक विद्यालयमा पढाउँदा पढाइको स्तर फरक हुन्छ र छात्राप्रति भेदभाव हुन्छ भन्ने तर्क उठ्यो। अमेरिकामा त सरकारी अनुदानमा चल्ने स्कूलहरूमा सह-शिक्षा (छात्र र छात्रा दुवैलाई एउटै स्कूलमा पढाउने) अनिवार्य नै गरियो।

विकासोन्मुख देशहरूमा छोरीलाई पनि विद्यालय पठाउने अभियान चलाइयो। महिला उत्थान र सशक्तिकरणका लागि मात्र नभएर सामाजिक विकासका निम्ति पनि छोरीलाई विद्यालय पठाउनुपर्छ भन्ने मान्यता अगाडि आयो। आमा शिक्षित भए परिवार र सन्ततिलाई समेत फाइदा हुन्छ, त्यसैले बालिकाहरूलाई पढाउनुपर्छ भन्ने अभियान नै चल्यो।

यी सबै प्रयासको फलस्वरुप छात्राहरूले शिक्षामा ठूलो फड्को मारे। धेरै युवतीहरू शिक्षित भए र शिक्षितहरु रोजगारको क्षेत्रमा संलग्न हुँदैगए। नयाँ पुस्ताका लागि 'रोल मोडेल' तयार भए।

१९७० र १९९० को दशकमा बेलायतमा भएका अध्ययनले छात्राहरूको सोचाइमा परिवर्तन आएको देखाएको थियो। सन् १९७० को दशकमा त्यहाँका माध्यमिक विद्यालयका छात्राहरूले परिवार र घरलाई प्राथमिकता दिन्थे भने १९९० को दशकमा उनीहरूको प्राथमिकतामा उच्च शिक्षा, व्यवसाय र करियर परेको थियो।

सन् १९९० को दशकमा आएर विकसित देशहरूमा पढाइमा छात्राहरूले छात्रलाई उछिन्न थाले। मौका र प्रोत्साहन पाए छात्रा छात्रभन्दा पछि पर्दैनन् र जुनसुकै क्षेत्रमा पनि महिलाहरू पुरुषसँग प्रतिस्पर्धा गर्न सक्छन् भन्ने महिला आन्दोलनको मान्यता सत्य साबित हुन थाल्यो।

यस्तो बेलामा हार्बर्ड विश्वविद्यालयका समर्सले के आधारमा छात्राको बौद्धिक क्षमतामाथि प्रश्न गरे त?

सन् १९९० को दशकको अन्त्यतिरदेखि मानिसको दिमागको बनावट र त्यसले काम गर्ने तरिकाको अध्ययन (न्युरो साइन्स) ले केटा र केटीको दिमागको बनावट र त्यसले काम गर्ने तरिका फरक छ भन्ने नयाँ मान्यता स्थापित गर्न खोज्दैछ। यस दशकको शुरुमा अमेरिकामा

किरण पाण्डे



माइकल गुरिएनद्वारा लिखित "केटा र केटीले फरक किसिमले सिक्छन्" नामक पुस्तक प्रकाशित भयो। चिकित्सक लियानार्ड सक्स त चिकित्सा पेशा छाडेर छात्र र छात्रालाई अलग्गै पढाउनुपर्छ भन्ने मान्यता प्रवर्द्धन गर्न नै लागिपरे। उनका अनुसार 'केटा र केटीले सिक्ने तरिका फरक छ। कुनै समस्या हल गर्न केटा र केटीले दिमागको फरक-फरक भाग चलाउँछन्। कामको चपेटाको भार थाम्न केटालाई भन्दा केटीलाई गाह्रो हुन्छ।' सक्सको सिद्धान्तमा विश्वास गर्ने अमेरिकाको साउथ क्यारोलिना राज्यको शिक्षा विभागमा काम गर्ने डेभिड च्याडवेलका अनुसार, "केटाहरूलाई भौतिक रूपमा चल्न लगाउनुपर्छ किनभने उनीहरूको स्नायु प्रणाली आँखाले देख्ने र कानले सुन्ने तरिकाबाट प्रभावित हुन्छ। केटीहरूको सिकाइमा विषयवस्तु, विद्यार्थी-विद्यार्थी बीचको सम्बन्ध र विद्यार्थी-शिक्षकबीचको सम्बन्धले प्रभाव पार्छ। केटीहरूलाई एकअर्कासँग कुरा गर्न दिइएन भने उनीहरूले सिक्न सक्दैनन्। केटीहरूलाई आफ्नो जीवनमा घटेको घटनालाई कक्षाकोठाको विषयवस्तुसँग जोड्ने मौका दिनुपर्छ।" सक्सका अनुसार केटा र केटीलाई पढाइमा प्रोत्साहन दिन फरक-फरक तरिका अपनाउनुपर्छ।

डा. सक्स् पनि पहिले केटा र केटीले सिक्ने तरिकामा फरक छैन र उनीहरूलाई सह-शिक्षा दिनुपर्छ भन्थे। तर सन् २००० मा उनको क्लिनिकमा एकजना १२ वर्षे बिरामी आए। उनी सह-शिक्षा लयमा पढ्थे। उनी एकदम कम बोल्थे। उनलाई केही पनि गर्न रुचाउँदैनथे। केटा मात्र पढ्ने स्कूलमा भर्ना भएपछि उनी पूरै फेरिए। त्यसपछि डा. सक्स्ले केटालाई मात्र पढाउने र केटीलाई मात्र पढाउने स्कूलमा गएर केटा र केटीको दिमागको बनोट सम्बन्धी अनुसन्धान गर्न थाले। अध्ययन पछि उनी भन्न थाले, "मानिसको प्रकृति लिङ्गमा आधारित हुन्छ।"

छात्र र छात्राले फरक किसिमले सिक्छन् या एउटै किसिमले सिक्छन् भन्ने विवादको टुङ्गो तत्काल लाग्न सक्ने छैन तर पनि अमेरिकामा छात्राभन्दा छात्र पछाडि भएको चाहिँ एउटा महत्त्वपूर्ण तथ्य नै हो। कक्षा ८ देखि १२ सम्मको माध्यमिक तहको शिक्षा ६५ प्रतिशत केटाहरूले चार वर्षमा मात्र सक्छन्। सोही शिक्षा चार वर्षमा सक्ने केटीहरूको मात्रा केटाहरूको भन्दा बढी अर्थात् ७२ प्रतिशत छ। केटाहरू फेल हुने सम्भावना केटीहरूको भन्दा डेढ गुणा बढी रहेको छ।

दिमागको बनावट र छात्र-छात्राको विषयवस्तुको रूचि फरक भएपनि सामाजिक वातावरणले सिकाइमा फरक पर्छ भन्ने कुरामा दुईमत हुनसक्दैन। विकसित देशहरू सांस्कृतिक र आर्थिक हिसाबले केटा र केटीलाई समान अवसर प्रदान गर्न सक्ने अवस्थामा पुगिसकेका छन्। उनीहरूको चासो अर्को तहमा पुगिसक्यो। विकासोन्मुख देशमा सांस्कृतिक मान्यता र आर्थिक विपन्नताले गर्दा छात्र र छात्राको सिकाइमा असर पारिरहेको छ। छोरीलाई पनि स्कूल पठाउँ भन्ने नारा एक ठाउँमा छ भने अर्कोतिर विद्यालय पठाएर के त? भन्ने प्रश्नको जवाफ खोज्न पनि त्यत्तिकै जरूरी देखिन्छ। माथि उल्लिखित बेलायतको अध्ययनले देखाए अनुसार छात्र छात्रालाई स्कूल जाँदा फाइदा हुन्छ भन्ने कुरा देखाउनु जरूरी छ। फेल भएपनि उनीहरूलाई स्कूलमै राख्ने उपाय निकाल्नुपर्छ।

नेपालका सबै कक्षामा छात्रा कम छन्। यसलाई बढाउनु पर्छ। यसो गर्ने धेरै उपाय छन्– जस्तै विद्यालयमा महिला शिक्षकको सङ्ख्या बढाउने, छात्राहरूको लागि पर्याप्त शौचालयको व्यवस्था गर्ने, डाक्टर, इन्जिनियर, प्रधानाध्यापक आदि पुरुष मात्र हुन्छन् भन्ने भ्रम दिने पाठ्यसामग्रीका ठाउँमा ती काम महिलाले पनि गर्छन् भन्ने सन्देश दिने पाठ्यसामग्री बनाउनु पनि त्यत्तिकै अवश्यक छ। यस बाहेक शिक्षकले छात्रा र छात्रलाई समान व्यवहार गर्नु पनि जरुरी छ। त्यसपछि हामीकहाँ पनि छात्राहरूले पढाइएमा उच्चतम उपलब्धि हासिल गर्न सक्लान्।

*(२ मार्च २००८ को न्यूयोर्क टाइम्समा आधारित)*

**बहस** **विद्यालय व्यवस्थापन**

डा. पूर्णकान्त अधिकारी



# समुदाय
# भरपर्दो विकल्प

केही वर्ष पहिलेको कुरा हो, लमजुङको एउटा गाउँले बजारस्थित माध्यमिक विद्यालयको प्राङ्गणमा शिक्षकहरूसँगको कुराकानीमा थाहा भयो- त्यस विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्ना र उपस्थिति घट्दो रहेछ। अनि ढोकैमा खुलेको एउटा छाप्रे 'बोर्डिङ स्कूल' मा भने भर्नाको चाप बढ्दो रहेछ। यस्तो किन हुन गयो भन्ने प्रसङ्ग उठ्दा, एकजना शिक्षकले मुख फोर्नुभयो 'अरूको त कुरै छोडिदिऊँ, मैले पनि आफ्नो छोरालाई त्यहीं भर्ना गरेको छु।'

उक्त विद्यालय, जसलाई गाउँले आफैँले आफ्नो स्रोत र श्रमले बनाएका थिए, चलाएका थिए र टाढा-टाढाबाट शिक्षक ल्याएर पढाउने व्यवस्था गरेका थिए; त्यसलाई

> **वनको सामुदायीकरणबाट खुरिखण्डे डाँडाहरू फेरि हरियालीमा परिणत भइसकेको परिस्थिति हाम्रा सामु छ। जनतामा निहित क्षमताको सदुपयोग नै यस सफलताको कारण हो। त्यसैले विद्यालयको सरकारीकरणबाट क्षत-विक्षत भएको शिक्षा क्षेत्र पनि सामुदायीकरणबाट फेरि प्रतिस्थापित हुनसक्ने आशा गर्न सकिन्छ।**

२०२८ सालको 'नयाँ शिक्षा प्रणाली'ले सरकारीकरण गऱ्यो। शुरुका विद्यार्थी स्नातक भइसकेपछि त्यही विद्यालयका शिक्षक भए। यी स्नातक शिक्षकहरू तालिम-प्राप्त छन्। उनीहरूको योग्यता र घरपायक परेको तलब-भत्तामा पनि खोट लगाउने ठाउँ छैन। सबै हृष्टपुष्ट नै छन्। विद्यालय भवन, फर्निचर, शैक्षिक सामग्री, खेलकुद मैदानमा पनि दोष देखाउने कुरा खास केही छैन। तर एउटै मात्र सिकायत छ, 'नियमित पढाइ हुँदैन। शिक्षकहरू अधिकांश पार्टीगत राजनीतिमा व्यस्त हुन्छन्। शिक्षक-शिक्षक, विद्यार्थी-विद्यार्थी, शिक्षक-विद्यार्थीबीच राजनीतिको कुरालाई लिएर बेला-बेलामा झगडा भइराख्छ।'

अगाडिको छाप्रे बोर्डिङ स्कूलमा ठाउँ साँघुरो छ, न्यूनतम पूर्वाधार पनि पुगेका छैनन्। ४-५ जनाले ऋण लिएर गरेको लगानी उठ्ने स्थिति टाढै छ। योग्य शिक्षक पाउन धौ-धौ छ। पाइएका शिक्षकको योग्यता पनि पर्याप्त छैन। तथापि विद्यार्थी सङ्ख्या बढ्दो छ। तर यहाँ पढाइ भने नियमित रूपले हुने गर्छ। शिक्षकलाई राजनीति गर्ने फुर्सद छैन। अनि अभिभावकले पनि बेला-बेलामा आफ्ना केटाकेटीको पढाइ-लेखाइको स्थितिबारे जिज्ञासा स्वरूप प्रतिवेदन माग्दा रहेछन्, जुन सरकारी विद्यालयमा छैन। यति कारणले गर्दा नि:शुल्क शिक्षा दिने विद्यालयबाट मासिक रु.२ सय तिर्नुपर्ने निजी विद्यालयमा विद्यार्थी ओइरिने क्रम बढ्दो छ। यसरी जब अभिभावकको विश्वास सरकारी विद्यालयबाट हट्न थाल्यो, साधारण से साधारण व्यक्तिले पनि आफ्ना केटाकेटी बोर्डिङ स्कूलमा राख्ने चाहना गर्न थाले; तब मुलुकमा निजी विद्यालयहरू च्याउ झैं उम्रन थाले।

दसवर्षे सशस्त्र द्वन्द्वको दौरानमा त्यस छाप्रे स्कूललाई जबर्जस्ती बन्द गराइयो र विद्यार्थीलाई सँगैको सरकारी विद्यालयमा घुसारियो। तर सदरमुकाममा त्यसरी नै खुलेको अर्को छाप्रे 'बोर्डिङ स्कूल' भने तीनतलाको पक्की हुन पुग्यो। यसै तीनतले स्कूलको छतमा उभिएर एक दिन त्यसका प्रधानाध्यापकलाई सोधेको थिएँ, "तपाईंले यो विद्यालयमा काम गर्दा र पुरानो विद्यालयमा काम गर्दाको अनुभवमा के फरक पाउनुभयो?" उनको जवाफ थियो, "आन्तरिक व्यवस्थापनको हिसाबले म यहाँ स्वतन्त्र छु। सशस्त्र द्वन्द्वले जतिसुकै हल्लाए पनि अभिभावक खुसी भएसम्म निजी विद्यालय चलाउन सकिँदो रहेछ। अर्को कुरा पुरानो स्कूलमा भन्दा यहाँ म धेरै बढी खटेर काम गर्छु।" उनी थिए जनताले आफ्नै पसिनाले बनाएको र चलाएको विद्यालयका पूर्व विद्यार्थी, सरकारीकरण गरिएपछिका त्यसै विद्यालयका शिक्षक र लामो समयका प्रधानाध्यापक। जनताले बनाएको तर अहिले सरकारको स्वामित्वमा रहेको त्यो पुरानो विद्यालयको भवन आज ढल्ने अवस्थामा छ। नजिकैको समुदायले चलाएको अर्को विद्यालयले सबैको आँखा तानेको छ। पढाइमा जिल्लामा सबैलाई जितेको छ र उसको उत्तरोत्तर वृद्धि भइरहेको छ।

काठमाडौँमा नियालेर हेर्दा मैले आफैँले पढेको पढाएको

त्रि-चन्द्र कलेजको भवन ढल्न लागेको छ भने कतिपय नयाँ खुलेका निजीस्तरका १०+२ र कलेजका भवनको स्तर बिल्कुलै भिन्न छ। विद्यालय बन्द भएको बेला काठमाडौँको सवारीको चाप धेरै नै घटेको महसूस हुन्छ। विद्यालय चल्दा स-साना नानीहरू अत्यन्त प्रदूषित वातावरणमा घण्टौँसम्म जबर्जस्ती कोच्चिएर निस्सासिँदै शहरको एउटा कुनाबाट अर्को कुनामा गलहत्याइएका देखिन्छन्। मेचीदेखि महाकालीसम्म यस्तै-यस्तै स्थिति छ। यो सब किन भइरहेको छ? शिक्षा क्षेत्रमा घोत्लिनेहरूलाई जरुर पनि गहिरिएर सोच्न बाध्य पारेको छ।

स्तरीय शिक्षा के हो र त्यो कसरी लिने वा दिने भन्ने प्रसङ्गमा शहरी इलाकाका केही अपवादलाई छोडेर, सरकारी र निजी विद्यालयहरूको प्रगतिमा अत्यन्तै ठूलो फरक देखिन आउँछ। प्रवेशिका परीक्षालाई एउटा सूचकको रूपमा मान्दाखेरि यो फासलाको यथार्थता खुलस्त देखिन्छ। स्तरीय शिक्षाको यो मापन आफैँमा सबै कुराले पर्याप्त हो भन्न नसकिएला। तर जुन काम गर्छु भन्ने जिम्मेवारी लिइएको हो त्यो गर्न नसक्दा सम्बन्धितहरूको दायित्वबोधबारे प्रश्न उठ्नु स्वाभाविकै हो। त्यतिमात्र होइन, उपर्युक्त वस्तुस्थितिले वर्गीय शिक्षालाई जन्म दिई मुलुकलाई नै सामाजिक विखण्डनको बाटोतिर धकेलिरहेछ।

नेपालको शैक्षिक विकासको दृष्टिकोणले २००७ सालपछिको दुईदशकलाई स्वर्णिम युग भन्न सकिन्छ, जब गाउँ-गाउँबीच विद्यालय खोल्ने र केटाकेटीलाई विद्यालय पठाउनेमा स्वतःस्फूर्त प्रतिस्पर्धा हुन थाल्यो। कक्षाभित्रको पढाइको गुणात्मक पक्षबारे पनि जिज्ञासाहरू शुरु भइसकेका थिए। तर यो जागरणमा २०२८ मा आएर रोक लाग्यो जब राज्यको दायित्वको नामले होस् वा पञ्चायती अधिनायकवादी व्यवस्थाले शिक्षित समुदायमाथि नियन्त्रण गर्ने हेतुले होस्, सरकारले जनसमुदायबाट उनीहरूले गरिआएको विद्यालय व्यवस्थापन खोस्न पुग्यो। यसका सकारात्मक र नकारात्मक दुवै असर देखापरे।

विद्यालय राष्ट्रियकरणको सकारात्मक पक्ष- शैक्षिक जागरण नपुगेका ठाउँमा पनि विद्यालयहरू खुल्नु र शिक्षकहरूको पारिश्रमिक (जागिर) को सुरक्षा हुनु भयो भने नकारात्मक चाहिँ शैक्षिक विकासमा जनता पूरै टाढिन र केवल सरकारका आशामुखीमा सीमित बन्न पुगे। यसले गर्दा एकातिर आफ्नै गाउँको आफैँले खडा गरेका विद्यालयहरू जनताबाट बिराना हुँदै गए भने अर्कोतिर शिक्षकहरूको निष्ठा चाहिँ गाउँ/टोलबाट सदरमुकाम र त्यसपछि केशरमहलतिर तानिन पुग्यो। जब २०३६ मा आएर शिक्षकहरूमाथि सरकारको नियन्त्रण खुस्कियो, राज्यशक्ति पनि शिक्षा क्षेत्रबाट निराश हुँदैगयो। खुला रूपमा राजनीतिमा लाग्ने छुट पाएपछि कतिपय शिक्षकहरू राजनीतिक पार्टीका सित्तैँका कार्यकर्तामा परिणत हुन पुगे। त्यसैले दसवर्षे सशस्त्र द्वन्द्वकालमा दोहोरो फाइरिङ्मा परेर कतिपय शिक्षकको ज्यान गुम्यो भने कतिपय चाहिँ ज्यान जोगाउन विस्थापित भए। परिणामतः कतिपय गाउँका विद्यालयहरू शिक्षकविहीन हुन पुगे। शिक्षा क्षेत्रमा मुलुकको अत्यन्त ठूलो लगानी हुँदाहुँदै पनि यो क्षेत्र पूरै तहसनहस हुन पुगेको छ।

एउटा साधारण उदाहरण लिऊँ। हिँड्दा-हिँड्दै आँखा पोल्न थाल्यो भने सबभन्दा पहिला आफ्नै हातले छामिन्छ। केही परेको भए त्यसलाई निकाल्न कोसिस गरिन्छ। त्यति गर्दा भएन भने नजिकैको अर्को व्यक्तिलाई 'हेरिदिनोस्न' भनेर आग्रह गरिन्छ। उसले सके ठीक गरिदिन्छ, केही फोहोर परेको रहेछ भने फुकेर हटाइदिन्छ, नसके डाक्टरकहाँ जान सल्लाह दिन्छ। डाक्टरले पनि सकेको उपचार गर्छ र नसके अन्त जान सल्लाह दिन्छ। तर यदि कोही आफ्नो आँखा निको पारिदिने दायित्व राज्यको हो भनेर बस्छ भने उसको स्थिति के होला? आफ्ना छोराछोरीको पढाइको दायित्व बाबुआमा स्वयंले नलिएर केशरमहलमा सुम्पदा जे हुने हो आज त्यही भइरहेछ। सक्नेका केटाकेटीलाई पनि सित्तैँमा पढाउने दायित्व सरकारले किन बोक्ने? उसले त नसक्नेको लागि व्यवस्था गर्ने हो। यदि विद्यालयहरू समुदायमा आधारित हुँदा हुन्

**"विद्यालय व्यवस्थापनको अधिकार समुदायमा भन्नुको मतलब समुदायको सशक्तिकरण हो। जिम्मेवारी बहन गर्नु र अधिकार प्राप्त गर्नु एकअर्काका पर्यायवाची हुन्। यी दुवैको उपयोगबाट नै सशक्तिकरण हुन्छ र जनसमुदाय बलियो हुन्छ।"**




रविन सायमि

त धनी-गरिबका केटाकेटी एकैठाउँमा पढ्थे, जसरी २०२८ साल अगाडि पढिरहेका थिए। जुन कुरा समुदायको बुतादेखि बाहिर हुन्छ सरकार त्यसमा मात्रै संलग्न भए पुग्ने हुन्थ्यो।

एउटा नागरिकको जन्मदेखि मृत्युसम्मको सबै दायित्व राज्यको हो, अनि राज्य भन्नु नै सरकार हो भन्ने मान्यतामा खडा भएको सोभियत समाजवादी प्रणाली जब सात दशकमै धरासायी भयो, तब राज्यको दायित्वको नाममा भएका कतिपय अधिनायकवादी व्यवस्थाहरूको पनि पत्तासाफ हुन पुग्यो। यसको असरले ल्याएको दुरवस्था केवल सोभियत संघले मात्र होइन उसको सामीप्य वा प्रभावमा रहेका प्रत्येक राष्ट्रले भोग्नु पर्‍यो। यसले राज्यको परिभाषा र संरचनाबारे नै अत्यन्त ठूलो प्रश्न पैदा गरेको छ।

यथार्थ के हो भने 'राज्य भनेको सरकार मात्र हो' भन्ने मान्यता अब मरिसकेको छ। त्यसैले समाजवादको नाममा यस मृत लासलाई बोकिराख्नुको कुनै औचित्य नै बाँकी छैन। त्यसैकारण राज्य र समाजवादको पनि आज नयाँ परिभाषाको खाँचो परेको छ। राज्य के हो र उसको दायित्व के हो भन्ने कुरा राम्ररी नबुझिकन विद्यालयहरूको सामुदायिकीकरणबारे सोच्नै सकिँदैन। यही आएर सोचमा परिवर्तनको जरूरत छ। नयाँ सोच अनुसार राज्यको परिभाषा केवल सरकार मात्रमा सीमित नभइकन समुदाय, स्थानीय निकाय, राजनीतिक पार्टी, नागरिक समाज, सरकारी/अर्धसरकारी/निजी संस्थाहरू समेतको भूमिकामा विस्तारित हुन जान्छ। यसरी राज्य एकल ध्रुवीय शक्तिबाट बहुध्रुवीय शक्तिहरूको सन्तुलनमा रूपान्तरित हुन्छ। यस व्यवस्थामा जनता नै सबै कुराको केन्द्रबिन्दु हुन्छ। यसले गर्दा सामाजिक रूपान्तरणका प्रत्येक पक्षमा जनता आफू नै कर्ता हुन्छ न कि कसैप्रति आशामुखी भएर बाँच्ने मगन्ते वा लाभग्राही मात्र। यस्तो बहुध्रुवीय राज्यका प्रत्येक पक्षहरूको आ-आफ्नै भूमिका हुन्छ। यही कुरा शिक्षा क्षेत्रमा पनि लागू हुन्छ।

> **यदि कोही आफ्नो आँखा निको पारिदिने दायित्व राज्यको हो भनेर बस्छ भने उसको स्थिति के होला ? आफ्ना छोराछोरीको पढाइको दायित्व बाबुआमा स्वयंले नलिएर केशरमहलमा सुम्पदा जे हुने हो आज त्यही भइरहेछ।**




रविन सायमि

स्रोतसम्पन्न राज्यले अधिनायकवादी शैलीमै भएपनि सबै कुरा गरिदिएदेखि सबैलाई हाइसञ्चो नै हुनेथियो तर त्यस्तो सोचाइ दिवास्वप्नभन्दा बढी हुन सम्भव हुँदैन। नेपालको शिक्षामा गरिएको तीन दशकभन्दा बढीको प्रयोगले समाजलाई निराशा, विकृति र अन्योलबाहेक केही दिन नसकेकोबाट पनि त्यस्तो सोचाइको निरर्थकता पुष्टि हुन्छ। यदि यही तथ्यलाई आत्मसात गरेर विद्यालयको व्यवस्थापन समुदायलाई फिर्ता गर्न खोजिएको हो भने यस कुरासँग गाँसिएका चुनौतीहरूको सामना गर्न तत्पर हुनु पनि उत्तिकै जरुरी छ। अन्यथा, यो अर्को छल मात्र हो कि भन्ने प्रश्न उठ्नु स्वाभाविक हुन्छ।

वनको सामुदायीकरणबाट खुरिखण्डे डाँडाहरू फेरि हरियालीमा परिणत भइसकेको परिस्थिति हामी नेपालीका साम् विद्यमान छ। जनतामा निहित क्षमताको सदुपयोग नै यस सफलताको कारण हो। त्यसैले विद्यालयहरूको सरकारीकरणबाट क्षत-विक्षत भएको शिक्षा क्षेत्र पनि सामुदायीकरणबाट फेरि प्रतिस्थापित हुनसक्ने आशा गर्न सकिन्छ। तर त्यसनिम्ति सोचमा इमान्दारी र कार्यान्वयनमा राजनीतिक प्रतिबद्धता अनिवार्य हुन्छ।

नेपालका राजनीतिक दलहरूलाई हेर्दा लाग्छ यी सबै प्रगतिशील छन्। तथापि त्यो प्रगतिशीलता केको लागि भन्ने प्रश्न टड्कारो छ। समाजवादको नाममा केन्द्रित राज्यसत्तालाई नै सबै कुराको जिम्मा लगाउने हो भने २०६२-०६३ को जनआन्दोलनको भावनासँग यो सीधै टकराउँछ। केन्द्रीकृत राज्यसत्ता अधिनायकवादी भएर सबै जनसमुदायको अस्तित्वलाई नकारेको छ भनेर संघीय शासनपद्धति अपनाउँदै आत्मनिर्णय गर्न पाउने अधिकारको खोजीका लागि जनसमुदाय आफैं अग्रसर भएको स्थितिमा सो केन्द्रको अधिकारको बाँडफाँडमा शिक्षा क्षेत्रमा जनसमुदायको अधिकार पनि सुनिश्चित गर्नु जरूरी हुन्छ। त्यसकारण विद्यालयहरूको व्यवस्थापनको अधिकार समुदायमा भन्नुको मतलब समुदायको सशक्तिकरण हो। जिम्मेवारी बहन गर्नु र अधिकार प्राप्त गर्नु एकअर्काका पर्यायवाची हुन्। यी दुवैको उपयोगबाट नै सशक्तिकरण हुन्छ र जनसमुदाय बलियो हुन्छ। त्यसबाट नै लोकतन्त्रको आधार बलियो हुन्छ।

केन्द्रीकृत राज्यसत्तासँग सधैं निर्भर भइराख्ने हो भने समुदायमा कहिल्यै आत्मबल पलाउँदैन। आत्मबल नभएको समुदायमा आधारित समाज कहिल्यै पनि अधिनायकवादको विरूद्ध उठ्न सक्तैन र समाज एकप्रकारको अधिनायकवादबाट अर्को प्रकारको अधिनायकवादमा मात्र अभिमुख भइराख्छ। इरान, इराक, इथियोपिया, अफगानिस्तान, पाकिस्तान जस्ता कतिपय तेस्रो विश्वका मुलुकहरूले यो सन्देश दिइरहेका छन्। त्यसैले शिक्षा क्षेत्र समाजको लागि त्यति नै महत्त्वपूर्ण छ जस्तो मानव शरीरको लागि अक्सिजन। जसरी प्रदूषित हावामा शरीर गलेर जान्छ र स्वस्थ बन्न सक्दैन; त्यसरी नै प्रदूषित शिक्षाले समाज फस्टाउन सक्दैन। शिक्षा क्षेत्रमा काम गर्ने प्रत्येक व्यक्तिमा यो कुराको चेतना होओस्। अस्तु !

**बहस विद्यालय व्यवस्थापन**

डा. विद्यानाथ कोइराला



# जिम्मेवारी स्थानीय सरकारको

**देश संघीय बने पनि; प्रान्तीय बने पनि; भुरे-टाकुरे बाइसी-चौबीसी बने पनि; जनवादी केन्द्रीयता अँगाले पनि अथवा केन्द्रीय सोचमै बसे पनि- स्थानीय सरकारले जन-शिक्षाको जिम्मा लिनैपर्छ। विद्यालय व्यवस्थापन समिति स्थानीय सरकारप्रति जिम्मेवार हुनुपर्छ।**

पहिला व्यवस्थापन देखें। पछि गरें। अहिले फर्केर हेर्दा लाग्छ- देखेको गरेनछु। गरेको देखेनछु। म माध्यमिक विद्यालयको प्रधानाध्यापक हुँदा गधा-पच्चीसे काटेकै थिइनँ। त्यसैले शायद हेर्ने आँखा नै बनेनछ- आमाको गृह-व्यवस्थापनबाट के सिकौं भन्ने आँखा; बाबुको आर्थिक व्यवस्थापनबाट के खोजौं भन्ने आँखा; गरिब दलितवस्तीको स्रोत-व्यवस्थापन खोज्ने आँखा; कमिला र मौरीको जनशक्ति व्यवस्थापनको लेखाजोखा गर्ने आँखा; मधेशको बातर र चमारको माइजनी शैलीमा शैक्षिक व्यवस्थापन मिलाउने आँखा। यसरी हेर्दा लाग्छ; मैले व्यवस्थापन जानिनँ। नजानिकनै असल व्यवस्थापक कहलाइएँ। यस अर्थमा किताबी व्यवस्थापक बनें। तैपनि विद्यार्थी परिचालन गरें। त्यसैले उनीहरूले विद्यालय हाताभित्र रूखबिरुवा रोपे। हुर्काए। तर पनि त्यो रूखमा उनीहरूको व्यक्तिगत मोह देखिनँ। माटोका डल्ला बोके। विद्यालय भवनमा झिंगटी राखे। गारो लगाउन सघाए। तैपनि त्यो भवन भत्किँदा चित्त दुखाएको देखिनँ। शिक्षक र व्यवस्थापन समितिका सदस्यहरूको पनि त्यही हाल भयो। यो अवस्थाबाट मैले बुझें- व्यवस्थापनमा दुई कुरा चाहिने रहेछ। पहिलो, म यो काम गर्छु भनेर स्वभूमिका निर्धारण गर्ने/गराउने परिवेश। दोस्रो; आफूले निर्वाह गरेको भूमिकाको पुस्तैनी हस्तान्तरण। तीन दशकपछि अनुभव गर्छु- दुवै कुरा भएनछन्। यस अर्थमा मेरो व्यवस्थापन मैसँग फिर्तिएछ।

### मेरो किताब

व्यवस्थापन र शैक्षिक व्यवस्थापनका अनेकन् किताब, लेखहरू पढियो। तिनले मलाई सिद्धान्त दिए। प्रक्रिया दिए। प्रविधि दिए। तर तिनलाई पढेर मैले मेरो जीवन्त व्यवस्थापन जोड्न जानिनँ। मेरा शिक्षकले पनि मलाई जोड्न सिकाएनन्। अहिले मलाई लाग्छ- उनैले पनि जोड्न जानेका थिएनन्। त्यसैले म पनि उनीजस्तै पण्डा

किरण पाण्डे



आन्दोलनमा शिक्षक।

भएँ- भन्न जान्ने, गर्न नजान्ने। उनी जस्तै व्याख्याकार भएँ- पढेकै उदाहरण दिन जान्ने; परेको उदाहरण जोड्न नजान्ने। यस अर्थमा म आफ्ना शिक्षकको फोटोकपी भएँ। त्यसैले मैले फोटोकपी बुद्धि र अनुभवजन्य बुद्धिलाई छुट्याएँ। त्यहीं तर्क जोडेँ। सिद्धान्त र व्यवहार फरक हुन्छ भनें। यस अर्थमा म व्यवहारोन्मुख दार्शनिक र दर्शनोन्मुख व्यावहारिक (epigogue) दुवै बनिनँ। त्यसैले

> **"टाइलर र मायोमा बुधीको व्यवस्थापन नखोजेर अन्याय गरें। यस अर्थमा मेरो किताब अन्यायी रहेछ। मेरा गुरुहरू अन्यायी रहेछन्। म पनि अन्यायीकै कित्ताको मान्छे रहेछु।"**

# बहसः विद्यालय व्यवस्थापन

किरण पाण्डे



**जातीय संरचनाले विद्यालय व्यवस्थापन गरेन । धर्मले गऱ्यो, तर आम-शिक्षा बनाएन । वर्गीय शिक्षा नै बनायो । स्कूल आउनेको शिक्षा नै बनायो । शिक्षकले पनि त्यही गऱ्यो । व्यवस्थापन समिति पनि त्यस्तै काम गरिरहेको छ । यस स्थितिमा आम-शिक्षाको जिम्मा लिने निकाय को त ?**

म बुधी दमाईको गृह-व्यवस्थापनमा टाइलर खोज्दिनँ । मायो खोज्दिनँ । यसरी मैले बुधीको सानो भनाइमा टाइलर र मायोको ठूलो भनाइ वा सिद्धान्त नजोडेर अन्याय गरें । टाइलर र मायोमा बुधीको व्यवस्थापन नखोजेर अन्याय गरें । यस अर्थमा मेरो किताब अन्यायी रहेछ । मेरा गुरुहरू अन्यायी रहेछन् । म पनि अन्यायीकै कित्ताको मान्छे रहेछु ।

### मेरो विद्यालय व्यवस्थापन

इतिहासले भन्छ- मेरा विद्यालयहरू शिक्षकले व्यवस्थापन गरे । तिनले व्यवस्थापन गर्दा शिक्षा वर्गीय बन्यो- पढ्न सक्ने वर्गको शिक्षा । अर्थात् शिक्षकले अरूलाई हेरेनन् । त्यसैले हामी शिक्षकहरू वर्गीय बुद्धिका बन्यौं । समयसँगै व्यवस्थापन समितिले शिक्षाको जिम्मा लियो- स्कूल आएकालाई राम्ररी पढाउने । यो क्रममा स्कूल आउनेको व्यवस्थापक बन्यौं । अर्थात् व्यवस्थापन समिति मध्यम र उच्च वर्गको बन्यो । शिक्षकलाई पनि व्यवस्थापन समितिले त्यतै धकेल्यो । त्यसैले शिक्षक पनि मध्यम र उच्च वर्गकै बन्यौं । तिनकै शिक्षा हेर्ने । तिनकै वकालत गर्ने ।

नेपाली तथ्याङ्कले अर्कै पाटो दियो । एघार प्रतिशत बालबालिका विद्यालय आएनन् । १५ प्रतिशतले कक्षा १ मै छोडे । प्राथमिक तहमा कक्षा दोहोऱ्याउनेहरू ३५ प्रतिशत भए । यो तथ्याङ्कले अर्कै व्यवस्थापन खोज्यो । शिक्षकले गरेको वर्गीय चरित्रको व्यवस्थापनभन्दा भिन्न । व्यवस्थापन समितिको मध्यम र उच्च वर्गीय सेवा गर्ने बुद्धिभन्दा भिन्न । तर सरकारले बुझेन । त्यसैले ऊ शिक्षकको व्यवस्थापनमै अल्झियो । विद्यालय व्यवस्थापन समितिको व्यवस्थापनलाई नै अन्तिम टुङ्गोको विकेन्द्रीकरण भनिरह्यो । त्यहीं हाम्रो विद्यालयीय व्यवस्थापन बेकामे भयो । रहर आम-शिक्षाको बोक्ने । चरित्र वर्गीय शिक्षाको राखिराख्ने । यही मेरो चुनौती हो । विद्यालयले आम-शिक्षाको जिम्मा लिदैन भन्ने चुनौती । व्यवस्थापन समितिले आम-शिक्षाको ग्यारेन्टी गर्दैन भन्ने चुनौती । विश्व बैंकले यो भाषा बुझ्ेन । त्यसका मतियार सरकारी मन्त्रीहरूले पनि बुझेनन् । तिनैको वरपर घुम्ने कर्मचारीले बुझेनन् ।

बुभ्mन पनि चाहेनन् । त्यसैले उनीहरूले 'लाखे घुस' दिइरहे । 'राहते घुस' बाँडिरहे । कसले लियो त्यो घुस भन्ने बुझेनन् । बुरुपचाए । लिनेले पनि खाइरहे । नैतिक भएर खाए । अनैतिक भएर खाए । मौके भएर खाए । ख्वाउनेले पनि त्यसरी नै ख्वाए । यही मेरो चुनौती हो । अवधारणा राम्रो हो भने 'लाखे र राहते घुस' किन ? हैन भने जबर्जस्ती किन ?

मेरो अनभुवले भन्छ- जातीय संरचनाले विद्यालय व्यवस्थापन गरेन । जातको संरचनाले पनि गरेन । धर्मले गऱ्यो । तर आम-शिक्षा बनाएन । वर्गीय शिक्षा नै बनायो । स्कूल आउनेको शिक्षा नै बनायो । शिक्षकले पनि त्यही गऱ्यो । व्यवस्थापन समिति पनि त्यस्तै काम गरिरहेको छ । यस स्थितिमा आम-शिक्षाको जिम्मा लिने निकाय को त ? चीनको काउण्टीले जिम्मा लिएजस्तो । बेलायतको स्थानीय शिक्षा प्राधिकरण बोर्डले जिम्मा लिए जस्तो । फ्रान्समा नगरपालिकाले जिम्मा लिएजस्तो । अहिलेसम्म हामीसँग आम-शिक्षाको जिम्मा लिने कोही पनि छैन । कर्मचारीतन्त्र ? त्यसले लिएन । शिक्षक ? त्यसैले छोएन । व्यवस्थापन समिति ? त्यसले सोचेन । स्थानीय सरकार ? त्यसले अधिकारै पाएन । जात जातीय संरचना ? त्यसले आफूलाई जन-शिक्षामुखी बनाउँदै बनाएन । त्यसैले अन्तरिम संविधानमा शिक्षालाई मौलिक हक भने पनि हक दिलाउने जिम्मा कसैले लिएन । यो स्थितिमा मेरो व्यवस्थापकीय सुझाव हो– स्थानीय सरकारले आम-शिक्षाको जिम्मेवारी लिनुपर्छ । देश संघीय बने पनि । प्रान्तीय बने पनि । भुरे-टाकुरे बाइसी-चौबीसी बने पनि । बाइसी-चौबीसीको सन्जाल बने पनि । जनवादी केन्द्रीयता अँगाले पनि । केन्द्रीय सोचमै बसे पनि । जुनकुनै स्थितिमा पनि स्थानीय सरकारले जन-शिक्षाको जिम्मा लिनैपर्छ । त्यो जिम्मेवारी पूरा गर्न उसले उप-व्यवस्थापकहरूसँग सिक्नुपर्छ । घरायसी व्यवस्थापनबाट । जातजातीय व्यवस्थापनबाट । कीटपतङ्गको व्यवस्थापनबाट । चराचुरुङ्गीको व्यवस्थापनबाट । अरु स्पष्ट भन्दा; विद्यालय व्यवस्थापन समिति स्थानीय सरकारप्रति जिम्मेवार हुनुपर्छ । कर्मचारीतन्त्रले प्राविधिक सहयोग दिनुपर्छ । विद्यालयलाई स्वायत्तता दिनुपर्छ । यसो भएमा सन्तुलन हुन्छ । नत्रभने पढ्न नपाउनेले वा पढाउन नसक्नेले जाने कहाँ ? स्कूलमा ? त्यसले सुन्दैन । विद्यालय व्यवस्थापन समितिमा ? त्यसको त निश्चित क्षेत्र नै हुँदैन । स्रोतकेन्द्रमा ? त्यसको त भूमिकै हुँदैन । शिक्षकमा ? त्यसले त जिम्मै लिँदैन । यो स्थितिमा सरकारले जिम्मा लिनुपर्छ । स्थानीय सरकारले । त्यसैलाई जन-शिक्षाको वाहक बनाऔं । उसको कार्यक्षेत्रभरिका विद्यालयलाई त्यसकै निगरानीमा राखौं । उसलाई सघाउने प्राविधिक टोली बनाऔं । सल्लाहकार समिति बनाऔं । अस्थायी शिक्षक दरबन्दी त्यहीं दिऔं । दरबन्दी मिलान गर्ने अधिकार त्यहीं दिऔं । स्थायी दरबन्दीका लागि आयोग बनाऔं । यसो गरे अहिलेका हामी शिक्षकहरू स्तरीय बन्छौं कि ? बन्न बाध्य हुन्छौं कि ? अनि हामीले नै स्तरीय शिक्षा दिन सक्छौं कि ? आफैंले स्तरीय बन्न हामीलाई तालिम चाहियो भनेर माग्छौं कि ? म स्तरीय छैन भन्ने लागेमा पढाउने पेशा नै छोड्छौं कि ? छोडाइदा पनि आन्दोलन गर्दैनौं कि ? आफ्नो क्षमता चिन्छौं कि ? चिनाउँछौं कि ? मलाई लाग्छ माध्यमिक विद्यालयको प्रधानाध्यापक हुँदा मैले त्यसै गरें । गराएँ ।

> “ गुणस्तरीय शिक्षा चाहिन्छ भनी फलाक्नेहरू धेरै छौं तर आफैं स्वयं त्यो स्तरको छु कि छैन भनी घोत्लिनेहरू कमै छौं । तालिम लिने; दिने र माग्नेहरू धेरै छौं तर स्तरीय शिक्षाका निम्ति 'मलाई यो तालिम चाहियो' भन्न सक्नेहरू कमै छौं । ”

## निचोड

मैले यो लेखबाट दश वटा निचोड निकालें । पहिलो, व्यवस्थापकीय ज्ञान दिनेहरू अनेकन् छौं; तर त्यसमा खोजी गर्ने आँखा दिनेहरू छैनौं । दोस्रो, व्यवस्थापकमार्फत परिचालित हुनेहरू धेरै छौं; तर परिचालितहरूबाटै व्यवस्थापकीय बपौती स्वीकार्ने र हस्तान्तरण गर्ने संस्कारवाला छैनौं । तेस्रो, व्यवस्थापन यसरी गर्नुपर्छ भन्नेहरू बग्रेल्ती छौं, तर अनुभवमा सिद्धान्त जोड्ने र सिद्धान्तमा अनुभव खोज्नेहरू विरलै छौं । चौथो, जन-शिक्षाको वकालत गर्नेहरू धेरै छौं तर चारित्रिक एवं संरचनागत कारणले गर्दा हामी शिक्षक र व्यवस्थापन समितिले जन-शिक्षाको ग्यारेन्टी सम्भव छैन भनी बुझ्नेहरू कमै छौं । पाँचौं, डलरले थिचेको बोली बोल्नेहरू हजारौं छौं, तर इतिहास पर्गेलेर ती थिचाहाहरूलाई पढाउने कमै छौं । छैठौं, जे काम पनि सरकारले गर्नुपर्छ भन्नेहरू ताँती छौं, तर शिक्षाको मौलिक हक पूरा गर्ने जिम्मेवार निकाय व्यवस्थापन समिति वा शिक्षक हुन सक्छ कि सक्तैन भनी खोतल्नेहरू औंलैमा छौं । सातौं, सरकार जिम्मेवार छ भनी निर्क्योल गर्नेहरू धेरै छौं; तर कर्मचारीतन्त्र सरकार हो कि ? शिक्षक सरकार हो कि ? व्यवस्थापन समिति सरकार हो कि ? गाविस वा नपा सरकार हो भनी खुट्याउन सक्नेहरू न्यून छौं । आठौं, अधिकार खोज्नेहरू धेरै छौं, तर कसको चरित्र र संरचनाले कति अधिकार थाम्छ भनी विश्लेषण गर्नेहरू नगन्य छौं । नवौं, गुणस्तरीय शिक्षा चाहिन्छ भनी फलाक्नेहरू धेरै छौं तर आफैं स्वयं त्यो स्तरको छु कि छैन भनी घोत्लिनेहरू कमै छौं । दशौं, तालिम लिने; दिने र माग्नेहरू धेरै छौं तर स्तरीय शिक्षाका निम्ति 'मलाई यो तालिम चाहियो' भन्न सक्नेहरू कमै छौं ।

यो स्थितिमा मेरो एउटै प्रश्न छ; के हामीहरू आफ्नो व्यवस्थापनउपर एकछिन घोत्लिन सक्छौं ? हाम्रा व्यवस्थापकीय बुद्धि वितरकहरूको सोचमा फेरबदल ल्याउन सक्छौं ? जन-शिक्षाको व्यवस्थापन राजनीतिक जनप्रतिनिधिबाटै समाधान गर्न सक्छौं ? आफू स्वयं 'स्तरीय' छु कि छैन भनी घोत्लिन सक्छौं ? सोचौं ।

***कुशेश्वर माध्यमिक विद्यालय (दुम्जा, सिन्धुली) मा २०३० देखि २०३३ सालसम्मका प्रधानाध्यापक कोइराला हाल त्रिभुवन विश्वविद्यालयको शिक्षा शास्त्र संकायसँग सम्बद्ध हुनुहुन्छ ।***

## विचार

डा. तीर्थबहादुर श्रेष्ठ



# शिक्षा, शिक्षक र स्थानीय परिवेश

*गुरुर्ब्रह्मा गुरुर्विष्णुर्गुरुर्देवो महेश्वरः ।*
*गुरुः साक्षात् परब्रह्मस्तस्मै श्रीगुरुवे नमः ॥*
**(गुरु नै ब्रह्मा, गुरु नै विष्णु, गुरु नै महेश्वर र गुरु नै परब्रह्मा हुन्, त्यस्ता गुरुलाई नमस्कार गर्दछु ।)**

उपर्युक्त श्लोकमा 'तस्मै' शब्दले कस्तो गुरु भन्ने कुरा निर्दिष्ट गर्दछ । अर्थात् गुरुको परिभाषा स्पष्ट गर्छ, 'गुरु' शब्दको ओज दर्शाउँछ । त्यस्तै एकजना गुरुदेवलाई हामीले भर्खरै गुमायौं । २०६४ साल माघ २८ गते बिहान रेडियो सगरमाथाको कुरोकन्थोमा कान थाप्दा भैरव रिसालले प्राध्यापक केशवदेव भट्टराईको निधनमा अर्पेको श्रद्धाञ्जली मेरो कर्णपटल (इयर ड्रम) मा ठोक्किन पुग्यो । शरीरका रोमरोम झंकित भए । सबै सञ्चारमाध्यमबाट उहाँको निधन भएको समाचार सुन्दा गुरुले कति नै 'धन' जोड्नुभएको थियो होला र आज 'निधन' भयो भनी ख्याली पिट्नुपरेको होला भनेजस्तो पनि मनमा लाग्यो । वास्तवमा; रुण्डै एक शतक लामो जीवनका ६ दशकभन्दा बढी समय खर्चेर गुरुले कति शिक्षार्थीहरू कमाए होलान्, कति मूल्य बराबरको ज्ञानगुन जोडे होलान् भन्ने कुराको गणना स्वयं गणित गुरुले पनि गर्न भ्याएनन् होला । गुरुको धन नै विद्यार्थी हो र विद्यार्थीको धन विद्या । त्यस्तो धनको 'निधन' हुन सक्दैन । भौतिक अस्तित्व वा उपस्थितिको कुरा गर्दा पनि उहाँको जीव-तत्व वंशाणु (जीन) उहाँका वंशज सन्ततिमा सुरक्षित छन् । उहाँले आर्जन गर्नुभएको सामाजिक प्रतिष्ठा, मर्यादा र स्नेह विभिन्न पत्रपत्रिका, रेडियो र टेलिभिजनमा प्रकाशित/प्रसारित छन् । त्यस्ता गुरुदेवलाई नमस्कार छ ! ती गुरुदेवलाई श्रद्धाञ्जली अर्पण गर्दछु ! !



**स्व. केशवप्रसाद भट्टराई**
**१ भाद्र १९७०-२७ माघ २०६४**

प्राध्यापक केशवदेव र उहाँको पुस्ताले गुरुको गुरुत्व कायमै राखेर गए । आजभोलि 'गुरु'बाट सम्बोधित हुने नसिब वा भाग्य सवारी-चालक (ड्राइभर) सम्म मात्र सीमित हुन पुगेको छ । शिक्षा मन्त्रालयभित्रै पनि 'गुरुजी' बोलाउन पठाउँदा 'ड्राइभर' अगाडि आउँछन् । धन्य छन् 'गुरुजी'का शिष्य खलासीहरू !

२००८ सालसम्म रानीपोखरी नजिक दरबार हाईस्कूलमा पढ्दैथिएँ । त्यतिखेर स्कूलका शिक्षक 'मास्टर साहेब' बनिसकेका थिए । संस्कृत पढाउने शिक्षकलाई मात्र गुरु भनिन्थ्यो । नेपाली र संस्कृत पाठशालाका चाहिँ सबै शिक्षकहरू गुरु नै कहलिन्थे । रानीपोखरी पारि त्रिचन्द्र कलेज पुगेपछि सबै मास्टर साहेबहरू 'सर' मा परिणत भइसकेका हुन्थे । आजभोलि के प्राध्यापक, के शिक्षक, के कर्मचारी, के व्यापारी सबैले सबैलाई 'सर' भनेर सम्बोधन गर्ने फेसन चलेको छ । चक्रपथको बसयात्रामा पनि 'सर ! अलि ठाउँ सरिदिनोस्...' भन्नु सामान्य बोलीचालीको भाषा भइसक्यो । यस अर्थमा, निधन; प्राध्यापक केशवदेवको होइन वास्तविक 'गुरु'को भएको छ । त्यसैले होला *'शिक्षक'* पत्रिकाको प्रथम अङ्कले नै 'असुरक्षित र उपेक्षित शिक्षक' को आवरण ओढेर अवतरण हुनु सान्दर्भिक ठानेको ।

गुरुकै कुरा गर्दा आज अर्का अमर गुरु नयराज पन्तको पनि सम्झना भइरहेको छ । उहाँले सधैंजसो दोहोऱ्याउने गर्नुहुन्थ्यो "युरोपमा पहिले विद्याको क्रान्ति भयो र त्यसपछि मात्र राजनीतिक क्रान्ति आयो । र, देश उन्नतितिर लाग्यो । हाम्रोमा पहिले राजनीतिक क्रान्ति आयो, त्यो क्रान्ति फेरि फेरि भइरह्यो तर विद्याको क्रान्ति कहिल्यै हुन सकेन र भएन ।" हुनपनि राजनीतिक क्रान्ति नै विद्यार्थीबाट हुने भएपछि विद्याको क्रान्तिको औचित्य नै के रह्यो र ? तैपनि शिक्षा र विद्यालाई समय सापेक्षित र परिस्थिति अनुरुप बनाउँदै लैजानुपर्ने कुरामा राष्ट्रले चुक्नुहुँदैन ।

आज 'शिक्षा' व्यापारको वस्तु बनेको छ । खरिद बिक्री र लगानी अनुसार शिक्षा र विद्याको बजारमा किनबेच भइरहेछ । त्यस्तै शिक्षण एउटा जागिर वा व्यवसायमा परिणत भएको छ । यस अवस्थामा सनातन गुरुको परिकल्पना गर्ने बेला हामीसँग छैन । तर एउटा शिक्षकलाई उसको कर्तव्यबोध गराउने र त्यस पेशालाई मर्यादित तुल्याउने दायित्व समाजले, सरकारले र हामी

सबैले निर्वाह गर्नै पर्ने हुन्छ। आजका विद्यार्थी भोलिका कर्णधार हुन्। भोलिको नेपाल र भोलिका नेपाली कस्तो हुनुपर्छ, तिनको स्वरुप, स्वभाव र संरचना कस्तो बनाउने भन्ने कुरामा दृष्टिगत गरेर आजको शिक्षा व्यवस्थाले दिशाबोध गर्न सक्नुपर्दछ। दशकौँसम्म पनि अस्थिर र सङ्क्रमणकालबाट गुज्रिरहनुपर्ने नियतिमा नेपालले स्थिर र प्रगतिशील शिक्षाको विकासमा लाग्नु एउटा निकै ठूलो चुनौती मात्र नभएर राष्ट्र एवं समाजको खाँचो पनि हो। त्यस्तै ज्ञानको न्यूनतम आधारको रूपमा राष्ट्रिय स्वत्वको पहिचान, मानवताको मर्यादा, स्थानीय सम्पदा र संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकासतिर विद्यार्थीहरूलाई सचेत गराउनुलाई प्रत्येक शिक्षकले पनि आफ्नो कर्तव्य सम्झनुपर्दछ। यस्तो अवस्था सिर्जना गर्ने काममा समाज, सरकार तथा सरोकार अभिभावकहरू मात्र हैन राजनीतिक पार्टी वा तिनका कार्यकर्ताहरू समेतले विशेष सिर्जनशील कदमहरू चाल्नुपर्ने घडी आएको छ। समुन्नत नेपालको जग त्यहीँबाट शुरु हुन्छ।

शिक्षण पेशालाई मर्यादित र आस्थावान बनाउन तथा शिक्षाको स्तरोन्नतिका निम्ति देश, माटो, काल र परिस्थिति अनुकूल पढाइ सञ्चालन हुने वातावरण अत्यावश्यक हुन्छ। नेपालजस्तो बहुभाषिक, बहुजातीय एवं विषम भौगोलिक विविधतामा जकडिएको राष्ट्रमा विविध ज्ञानबाट सम्पन्न शिक्षकको आवश्यकता पर्दछ। राष्ट्रिय व्यवस्था एक भएपनि व्यञ्जन अर्थात् खुराक अनेक हुनुपर्ने स्थिति टड्कारो छ। यसका लागि औपचारिक भन्दा अनौपचारिक शिक्षाको ठूलो भूमिका हुनसक्छ। शिक्षाविद् केदारभक्त माथेमाको विचार अनुसार "अहिले विद्यालयमा हामीले कोरा पाठहरू घोकाएका मात्र छौँ, तिनको ज्ञानको दायरा हुनुपर्ने जति फराकिलो बनाउन सकेका छैनौँ। विद्यार्थीलाई सृजनात्मक हुन हामीले खासै प्रेरित गरेका छैनौँ" *(शिक्षक दोस्रो अङ्क, फागुन २०६४)*। यो चुनौतीको सामना गर्न अनौपचारिक शिक्षा सामग्रीहरू शिक्षक वर्गलाई उपलब्ध गराएर स्थानविशेष अनुसार शिक्षा प्रदान गर्नु वान्छनीय हुन्छ।

घटना १४/१५ वर्ष पुरानो हो। उत्तरी गोर्खाको भोट प्रदेश छेकम्पारको एक प्राथमिक विद्यालयमा केही सौगात र पुरस्कार बाँड्ने हेतुले विद्यार्थीहरूमाझ सामान्य ज्ञानको हाजिरीजवाफ (क्विज) प्रतियोगिता गराइदिन त्यहाँका शिक्षकलाई अनुरोध गर्‍यौं। प्रतियोगिता त भयो तर पूर्णत: असफल। कारण, विद्यार्थीलाई राष्ट्रिय विभूति, राष्ट्रिय रङ र राष्ट्रिय झण्डादेखि नेता र अभिनेता सम्बन्धी तिनै प्रश्नहरू सोधिएका थिए- जुन काठमाडौँमा हुने यस्ता प्रतियोगिता र परीक्षामा सोधिने गर्दथे। त्यसपछि हामीले दोहोर्‍याएर स्थानीय विषयवस्तुमा सीमित नयाँ प्रश्नहरू निर्माण गर्‍यौं। स्थानीय



"स्थानीय पशुपक्षी, बालीनाली, गुम्बा र यार्सागुम्बा, चाडपर्व, नाचगान आदिका बारेमा प्रश्न सोध्न भाषा पनि स्थानीय नै रोजियो । फलतः गुरु गोरु झैँ अनभिज्ञ रहे र चेलाहरू चिनी झैँ निख्खारिएको अवस्था सिर्जना भयो । त्यहाँका शिक्षकमा स्थानीय परिवेशको ज्ञान, सूचना सामग्री अनि तिनको उपयोग गर्नुपर्छ भन्ने चेत पहिल्यैदेखि उपलब्ध भएको भए त्यो अवस्था आउने थिएन ।"

पशुपक्षी, बालीनाली, गुम्बा र यार्सागुम्बा, चाडपर्व, नाचगान आदिका बारेमा प्रश्न सोध्न भाषा पनि स्थानीय नै रोजियो । फलतः गुरु गोरु झैँ अनभिज्ञ रहे र चेलाहरू चिनी झैँ निख्खारिएको अवस्था सिर्जना भयो । त्यहाँका शिक्षकमा स्थानीय परिवेशको ज्ञान, सूचना सामग्री अनि तिनको उपयोग गर्नुपर्छ भन्ने चेत पहिल्यैदेखि उपलब्ध भएको भए त्यो अवस्था आउने थिएन । अहिले राष्ट्रकै संरचनामा फेरबदल हुने घटनाक्रमहरू चलिरहेको, सार्वजनिक स्कूलहरू सामुदायिक विद्यालयमा रुपान्तर हुने क्रम जारिरहेको र शिक्षित वर्ग 'लाहुरिने' प्रवृत्ति हावी भएको अवस्थामा राष्ट्रले उत्पादन गर्ने जनशक्ति राष्ट्रकै गुरुत्व (ग्राविटी) भित्र पार्न सक्ने वातावरण निर्माण गर्न सक्नु परेको छ । यसका लागि बेलैमा अनौपचारिक माध्यमबाट स्व-स्थानीय (इन्डिजेनियस) शिक्षा प्रदान गर्ने/गराउने दिशातर्फ शिक्षक वर्गलाई उत्प्रेरित गर्नु जरुरी भइसकेको छ ।

अनौपचारिक शिक्षाका खजाना आफ्नै परम्परा, संस्कार, संस्कृति तथा आफ्नै परिवेश र प्रकृतिबाट प्राप्त गर्ने कार्य एउटा चुनौती हो भन्ने कुरालाई सर्वप्रथम आत्मसात् गर्नुपर्ने हुन्छ । त्यसमा अभिभावक र शिक्षकको संयुक्त प्रयासले धेरै उपलब्धि प्राप्त गर्न सकिन्छ । थोरै उदाहरणहरूले पनि त्यस कुरालाई पुष्ट्याउन सकिन्छ । जस्तै; टाउकोमा टोकरी राखेर बोझ उठाउँदा, काँधमा खर्पन राखेर भारी बोक्दा अथवा थाप्लोमा नाम्लो लगाएर डोको बोक्दाका दृश्यहरूमार्फत भौतिक विज्ञान वा वातावरणका कुरा मात्र हैन तिनका सिद्धान्तहरू पनि सिक्न-सिकाउन सकिन्छ । यसैगरी ढिकी, जाँतो वा घट्टले हामीलाई शक्ति सम्बन्धी सिद्धान्त सिकाउन सक्छन् भन्ने ज्ञानलाई पाठ्यक्रमसँग तालमेल मिलाएर शिक्षकले विद्यार्थीलाई बुझाउन सक्छ । आईज्याक न्यूटनको खप्परमा खसेको स्याउले भन्दा डोको बोकेर उकालो-ओरालो गर्ने विद्यार्थीले आफ्नै भोगाइका आधारमा पृथ्वीको गुरुत्वाकर्षण शक्तिबारे बढी ज्ञान लिन सक्छ भन्ने कुरा बुझ्न गाह्रो छैन । मादल, मुर्चुङ्गा र सारङ्गीले ध्वनि, स्वर र सङ्गीतको सैद्धान्तिक एवं व्यावहारिक ज्ञान प्रदान गर्न सक्दछन् । बादल, बिजुली, तारा र जुनकिरीबाट पनि ज्ञान-विज्ञानका कुरा प्राप्त हुन्छन् । मात्र हाम्रा शिक्षकहरूलाई त्यसप्रति आकर्षण हुने, जिज्ञासा जाग्ने र आस्थाको विकास हुने अवसर र सामग्रीहरू जुराई दिनुपर्ने हुन्छ । त्यसका लागि आजभोलि शैक्षिक सामग्री, आधुनिक प्रविधि, नयाँ नयाँ उपकरण एवं सञ्चारका माध्यमहरू उपलब्ध छन् । श्रव्यदृश्यका सामग्री, प्रचारप्रसारका भित्ते-चित्र, पत्रिपत्रिकालगायत खेलकुदका सामग्रीहरू पनि उचित ढङ्गबाट प्रयोगमा ल्याउन सकिन्छ र नयाँ सामग्रीहरू पनि निर्माण गर्न सकिन्छ ।

### प्रकृति नै गुरु

भविष्यका कर्णधारहरूले आफ्नो जीवनको मूल्य, मान्यता र आचरण स्थापित गर्न आफ्नै धर्म, संस्कृति, भाषा, भेषभुषाबाट समेत ज्ञान हासिल गर्न सक्ने वातावरण बनाउनुपर्दछ । आफ्नै संस्कृति र प्रकृतिबाट के ज्ञान प्राप्त न होला ! मात्र, तिनलाई शैक्षिक कार्यक्रम र पाठ्यक्रमसँग तालमेल मिलाउने सिर्जनशील कदमहरूको खाँचो पर्छ । आफ्नै संस्कृति र आफ्नै प्रकृतिलाई गुरुको स्वरुपमा सदुपयोग गर्न शिक्षक वर्गले विशेष योगदान पुऱ्याउनुपर्ने हुन्छ । विद्यालयको दायरालाई फराकिलो बनाउँदै खुला समाज र खुला आकाशको परिवेशमा शिक्षक, शिक्षार्थी र समाजले आपसी सहभागिताको आधारमा भोलिका कर्णधार निर्माण गर्नुपर्छ । यसका लागि प्रकृति र संस्कृतिलाई गुरु थाप्नु चाहिँ जरुरी हुन्छ ।


**Be a Child-centered Teacher**

Develop your teaching career

Have you always waited for a chance to be a professional world-class teacher? Were you waiting for a teacher training degree course with a difference, a course that would be both stimulating and fulfilling?

Rato Bangala Foundation offers a unique teacher training opportunity for those who are committed to the teaching profession with the Certificate in Education and the Post-Graduate Diploma in Education (PGDE).

The course brings the inherent strengths of three institutions: Rato Bangala Foundation, Kathmandu University and Bank Street College of Education in New York.

- The minimum requirements for entry into the programme is 10+2 or B.A.
- After a year-long course, all the students will graduate with a Certificate in Primary Teaching accredited by the Ministry of Education's National Center for Education Development (NCED).
- Students who enter with a BA degree will have the option of continuing for four months at Kathmandu University to a PGDE.



Forms are being distributed at Rato Bangala Foundation Office at Rato Bangala School from 9 am. - 4 pm. from 18 February 2008.

RBF

Bank Street

For further details, contact

Rato Bangala Foundation

P.O.Box: 202
Patan Dhoka, Lalitpur, Nepal
Tel: 5-534318, 5-542045, 5-522614
email: rbf@ratobangala.edu.np

# नेपाल मानवअधिकार वर्षपुस्तक




नेपालको ७५ वटै जिल्लामा भएका मानवअधिकार उल्लंघन/ज्यादतीका विविध घटना तथा तथ्याङ्कहरूका साथै मानवअधिकारको समग्र मूल्याङ्कन समावेश गरी हरेक वर्ष फागुन ७ गते इन्सेकद्वारा प्रकाशन गरिने पुस्तक

मानवअधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
कलंकी, स्यूचाटार, पो.ब.नं. २७२६, काठमाडौं, फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
इमेल: insec@insec.org.np वेबसाइट: www.inseconline.org



# Flying is not the only thing we do...

Each time you buy a Yeti Airlines Flight Ticket to any of our extensive destinations, you contribute NRs. 4.00 towards making a difference in someone's life. In 2006 - '07, Yeti Airlines donated a sum of NRs. 888,376.00 to four social organizations; namely, Sewa Kendra Leprosy Relief, Nepal Glaucoma Eye Clinic (Tilganga Eye Centre), Tewa and OCCED. With your continued support, we pledge to continue on our unrelenting mission of hope and comfort.

Recently, Yeti Airlines comforted approximately 400 flood affected families in Western Nepal.

This was possible only because of you.




*Please call us for more details on Yeti Airlines' Humanitarian Initiatives:*
**Corporate Office** : Tilganga, Kathmandu
**Tel:** 4465888, 4464878 **Ext.** 205

**Nepalgunj** 081 526556 **Bhairahawa** 071 527527
**Pokhara** 061 530016 **Biratnagar** 021 536612
**Bhadrapur** 023 455232

Yeti Airlines
*a great flying experience*
www.yetiairlines.com

आवरण

मोहन मैनाली



# राम्रा सामुदायिक स्कूल कसरी राम्रा भए ?

**२०६३ को एसएलसीमा १ लाख १३ हजार विद्यार्थी फेल भए।**
**२०६२ को एसएलसीमा १ लाख २० हजार विद्यार्थी फेल भएका थिए।**
**२०६१ को एसएलसीमा २१६ वटा स्कूलका सबै विद्यार्थी फेल भएका थिए।**

अर्थात् एसएलसी परीक्षामा बस्ने रुण्डै आधा जति युवायुवतीको भागमा असफलता हात लाग्ने गरेको छ। यसरी फेल हुनेमध्ये अधिकांश विद्यार्थी नेपालका ८५ प्रतिशत विद्यार्थी पढ्ने सामुदायिक स्कूलका हुने गरेका छन्। उता निजी स्कूलका भने थोरै मात्र विद्यार्थी फेल हुन्छन्। एसएलसी परीक्षाको आँकडा विश्लेषण गर्दा, सामान्यत: 'सरकारी' भनेर चिनिने सामुदायिक स्कूलहरूमा पढाइ नै हुँदैन कि जस्तो लाग्छ। निजी स्कूलको बढ्दो आकर्षणको एउटा प्रमुख कारण पनि यही हो।

तर, 'सरकारी' वा सामुदायिक स्कूलले एकदमै उत्साहजनक उपलब्धि हासिल गरेका उदाहरण पनि नभएका होइनन्। एसएलसी परीक्षामा लगातार तीन वर्ष 'नील' भएको कुनै स्कूल एउटा प्रधानाध्यापक फेरिएकै भरमा लगातार तीन वर्षसम्म जिल्लाको उत्कृष्ट स्कूल पनि हुन सक्दोरहेछ। कैयौं सामुदायिक स्कूल वर्षैपछि शतप्रतिशत विद्यार्थीलाई एसएलसी उत्तीर्ण गराउन सफल पनि भइरहेका छन्। आफ्ना छोराछोरीको पढाइमा सहयोग गर्न नसक्ने निरक्षर र गरिब अभिभावकका छोराछोरीको बाहुल्य रहेका स्कूलले पनि एसएलसीमा उत्कृष्ट नतिजा ल्याउन सक्दा रहेछन्। स्कूलको व्यवस्थापन समुदायलाई हस्तान्तरण नगरिएकै अवस्थामा पनि स्कूलको अवस्था सुधार्न र छोराछोरीको पढाइप्रति अभिभावकको रुचि जगाउन सकिँदो रहेछ।

*शिक्षक* को यस अङ्कमा प्रस्तुत नेपालका नौ वटा सामुदायिक स्कूलका उदाहरणले उही भौतिक पूर्वाधार,



आनन्द श्रेष्ठ

संखुवासभाको अरुणोदय माध्यमिक विद्यालय।

उस्तै पृष्ठभूमि भएका विद्यार्थी र उनै शिक्षक, उही पाठ्यक्रम र उही परीक्षा प्रणाली हुँदा पनि स्कूलको शैक्षिक अवस्था सुधार्न सकिने रहेछ भन्ने कुरा देखाएको छ। दश वर्षको समय लगानी गरेका विद्यार्थीलाई युवावस्थामा पस्न लाग्दा असफल हुनबाट जोगाउन सकिने रहेछ।

न्यूनतम पूर्वाधार नभइकन स्कूलको पढाइ राम्रो हुनसक्दैन भन्ने सबैले मानेको कुरा हो। तर भौतिक सुविधा नै सबैथोक हैन भन्ने कुरा दयनीय अवस्थामा चलेका स्कूलले पनि राम्रो नतिजा ल्याएबाट झल्किन्छ। एसएलसी परीक्षा र यसको परिणाम बारेमा अध्ययन गर्न सरकारले नियुक्त गरेको विज्ञहरूको समूहले चार वर्षअघि गरेको अध्ययनले पनि न्यूनतम मात्र सुविधा भएका स्कूलले पनि एसएलसीमा उत्तम परिणाम ल्याउन सक्छन् भन्ने देखाएको छ। शिक्षाविद् केदारभक्त माथेमाको संयोजकत्वमा गठित सो समूहले स्कूलहरूको स्थलगत अध्ययन गर्दा के पाएको थियो भने एसएलसीमा शतप्रतिशत

# प्रधानाध्यापकलाई जस

काठमाडौंको गीतामाता विद्यालयका विद्यार्थीहरूले गत वर्षको एसएलसी परीक्षामा काठमाडौंका अरू सामुदायिक स्कूलका विद्यार्थीलाई उछिने। त्यहाँका सबै १०६ जना परीक्षार्थीले एसएलसी पास गरे। दश जना विशिष्ट, ८२ जना प्रथम र १२ जना द्वितीय श्रेणीमा उत्तीर्ण भए।

यसअघि २०६२ सालको एसएलसी परीक्षामा पनि यस स्कूलका सबै विद्यार्थी उत्तीर्ण भएका थिए। ६ वर्षको अभिलेख अनुसार यस स्कूलको एसएलसी उत्तीर्ण सरदर ८० प्रतिशत रहेको छ। कक्षाकोठा, खेलमैदानका हिसाबले यो स्कूल नेपालका धेरै स्कूल भन्दा फरक छैन। तीन वटा भवन र पाँच रोपनी जग्गा स्कूलका लागि धेरै होइनन्। शिक्षा मन्त्रालयले दिएका पाँच वटा कम्प्युटर र एउटा प्रिन्टर २०६४ फागुन १४ गते स्कूल पुग्दा तिनलाई कहाँ राख्ने भन्ने समस्या पर्‍यो। किनभने कम्प्युटर कोठामा यसअघि नै १० वटा कम्प्युटरको भीड थियो। शौचालय चाहिँ यस स्कूलमा अरूभन्दा बढी नै अर्थात् २५ वटा छन्।

यस स्कूलका अभिभावकको आर्थिक अवस्था र छोराछोरीको पढाइप्रतिको चासोका हिसाबले यसले एसएलसीमा यति राम्रो परिणाम कसरी ल्यायो भनेर आश्चर्य मान्न पनि सकिन्छ। यो स्कूलमा अधिकांश विद्यार्थी मजदुरी गर्ने र निजी स्कूलको शुल्क तिर्न नसक्ने परिवारबाट आउने गरेका छन्। गणित र विज्ञान शिक्षक प्रदीप गौतम भन्छन्, "पच्चीस प्रतिशत विद्यार्थी घरमा पढ्न पाउँदैनन्।" त्यसैले यहाँका शिक्षकहरूले अरू धेरै स्कूलका शिक्षकले भन्दा बढी मेहनत गर्नुपर्छ। "हाम्रा शिक्षक मेहनती छन् र विद्यार्थीको पढाइतिर ध्यान दिन्छन्", प्रधानाध्यापक विद्यादेवी महर्जन भन्छिन्, "हामी कमजोर विद्यार्थीलाई विशेष ध्यान दिन्छौँ र अभिभावकसँग भेटघाट गर्छौं।"



कमजोर विद्यार्थीका लागि स्कूलले विशेष कक्षाको पनि व्यवस्था गरेको छ। सानै कोठामा भएपनि पुस्तकालयमा निबन्ध सङ्ग्रह, उपन्यास, बाल कथा सङ्ग्रह, कविता सङ्ग्रह तथा ज्ञानबर्द्धक पुस्तकहरू राखिएका छन्। यो स्कूलले राम्रो परिणाम ल्याउनुका पछाडि अरू पनि कारण छन्। काठमाडौंका जिल्ला शिक्षा अधिकारी दुर्गानाथ गौतमका अनुसार यस स्कूलका प्रधानाध्यापकले समुदायको सहभागिता जुटाएकी छिन्। शिक्षकहरू पनि प्रधानाध्यापकको क्षमताको तारिफ गर्छन्। "उहाँले शिक्षकलाई सुविधा पनि दिनुहुन्छ र काम लगाउन पनि सक्नुहुन्छ", शिक्षक गौतम भन्छन्। त्रैमासिक रूपमा परीक्षा सञ्चालन गरिने व्यवस्था छ। तर पनि शिक्षकले आवश्यकता अनुसार महिना र हप्तामा पनि साधारण जाँच लिइरहन्छन्।

यी सबै कारणले हुनुपर्छ, यस स्कूलमा टाढाटाढाका विद्यार्थी पनि आउँछन्। त्यसैले, यहाँ दुई हजार दुई सय विद्यार्थी पढ्छन्। महिलाको नेतृत्वमा गजब काम हुन्छ भन्ने कुरा पनि यस स्कूलले देखाएको छ। महिला प्रधानाध्यापक रहेको यस स्कूलका ६० प्रतिशत शिक्षक महिला छन्।

यो स्कूल काठमाडौंमा समुदायलाई हस्तान्तरण भएका ४० मध्येको एक हो। पूर्व मन्त्री सुरेश मल्ल यसको व्यवस्थापन समितिका अध्यक्ष हुन्। अभिभावक भेलाबाट निर्वाचित व्यवस्थापन समिति नीतिनिर्माण गर्ने, शिक्षक तथा कर्मचारी नियुक्ति गर्ने र भवन निर्माण लगायतका काममा सक्रिय छ। मल्ल भन्छन्, "यहाँका शिक्षक र विद्यार्थीका बीचमा मेलमिलाप छ। हामीले छलफल र समझदारीका आधारमा समस्याको समाधान खोज्ने गरेका छौँ। व्यवस्थापन समितिले शिक्षकका काममा हस्तक्षेप गर्दैन। हामी सबै आ-आफ्नो कर्तव्यप्रति सचेत छौँ।"

**बिन्जु सिटौला**

# राजनीति बन्द भएपछि सप्रिएको स्कूल

तीन वर्षदेखि यो स्कूलले भौतिक पूर्वाधार थपेको छैन। त्यहाँका 'अयोग्य' शिक्षक हटाएर 'योग्य' शिक्षक ल्याएको छैन। कमजोर विद्यार्थीलाई स्कूलबाट निकाला गरेको छैन र अरू स्कूलका 'जान्ने' विद्यार्थी फकाएर ल्याएको पनि छैन। सरकारबाट थप साधनस्रोत पाएको पनि छैन। अभिभावक पनि उनै हुन्।

स्कूलमा फेरिएको एउटै कुरा हो प्रधानाध्यापक। इलामको एउटा स्कूलका प्रधानाध्यापक केशव रिजाललाई अवकाश लिने बेलामा जागिरसहित झापा बसाइँ सर्न मन लाग्यो। उनी सरुवा मिलाएर भानु मावि गए। लगातार १२ दिनसम्म उनी स्कूल गए, फर्के। तर शिक्षक र स्कूल प्रशासनको विरोधले गर्दा हाजिर गर्न पाएनन्, काम गर्न पाएनन्।

तेह्रौं दिनका दिन बल्ल हाजिर गर्न पाए। त्यसपछि स्कूलमा विस्तारै धेरै कुरा फेरिन थाले। स्कूलमा जे जे काम हुनुपर्थ्यो त्यो काम मात्र हुन थाल्यो। अर्थात् स्कूलमा नियमित पढाइ हुन थाल्यो। स्कूलले कमजोर विद्यार्थीलाई विशेष कक्षाको व्यवस्था गऱ्यो, विद्यार्थीको जाँच नियमित रूपमा लिन र अभिभावकलाई स्कूलमा बोलाएर विद्यार्थीको पढाइका बारेमा बताउन थाल्यो। स्कूलमा जे जे काम हुनुहुँदैनथ्यो ती काम बन्द भए।

यसअघि स्कूलमा इखालु दलगत राजनीति हुने गर्थ्यो। कतिसम्म भने शिक्षक सङ्गठन र शिक्षक संघका सदस्यहरू खाजा पनि सँगै खाँदैनथे। एउटा सङ्गठनका सदस्य शिक्षकका



शैक्षिक अवस्था सुधार गर्ने प्रधानाध्यापक केशव रिजाल।

घरमा शुभकार्य हुँदा अर्को सङ्गठनका सदस्य शिक्षकलाई जान वर्जित थियो। स्कूलबाट वनभोज जाने चलन थियो तर दुई वटा समूहमा। कसैले राम्रो काम गर्न खोज्दा अरूले त्यसमा मेहनतपूर्वक भाँजो हाल्थे। यसो गर्नु 'परमकर्तव्य' ठानिन्थ्यो। यो काम रोकियो।

त्यतिबेलाका प्रअ केशव रिजाल "मध्यरात पछि रात बढ्ने ठाउँ हुँदैन भने जस्तै स्कूल बिग्रने ठाउँ बाँकी थिएन", सम्झन्छन्। स्कूल सुधारका लागि रिजालले आफू प्रधानाध्यापक नियुक्त भएको पहिलो दिन व्यवस्थापन समिति, अभिभावक र शिक्षकसँग एउटा

विद्यार्थी उत्तीर्ण भएका कुनै स्कूलमा त विज्ञानको प्रयोग प्रयोगशालामा नभई कालोपाटीमा गराउने गरिन्थ्यो; एउटा कोठामा १०० जना विद्यार्थी कोचिएर पढ्नुपर्थ्यो र एउटा मात्र शौचालय थियो।

सार्वजनिक स्कूलको शैक्षिक अवस्था समुदाय अर्थात् अभिभावक, स्थानीय नेतृत्व आदिको बेवास्ताले गर्दा खस्किएको हो भन्ने निष्कर्ष निकालिएको छ, र त्यसैलाई आधार बनाएर स्कूल व्यवस्थापनको जिम्मेवारी समुदायलाई सुम्पने अभियान चलाइएको छ। तर *शिक्षक* ले गरेका 'केस स्टडी'ले व्यवस्थापन हस्तान्तरण नभए पनि अभिभावकको सहयोग, समर्थन, खबरदारी र चासो बढाउन सम्भव छ भन्ने देखाएको छ। स्कूलको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने बाटो खोल्न शिक्षा ऐनमा संशोधन हुनुभन्दा चार वर्षअघि नै झापाको भानु माविले यसो गरिसकेको थियो। तर, यसको अर्थ स्कूलको व्यवस्थापनमा समुदायको भूमिका हुनुपर्दैन भन्ने होइन। स्कूल व्यवस्थापन र सञ्चालनको सम्पूर्ण जिम्मेवारी ग्रहण गर्न समुदाय तत्पर र सक्षम हुँदा त झनै राम्रो परिणाम आउन सक्छ। भानु माविले देखाएको कुरा के हो भने, स्कूल सपार्न नियम जत्तिकै बलियो नियत र चाहना पनि हुनुपर्छ।

*शिक्षक* ले गरेको अध्ययनको निचोड हो- स्कूललाई राम्रो बनाउने कामको थालनी स्कूलबाटै हुनुपर्छ। यस काममा प्रधानाध्यापकको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुन्छ। एसएलसी अध्ययन समूहले केही वर्ष पहिले गरेको अध्ययनमा पनि धेरैले प्रधानाध्यापकलाई मियो मानेका थिए। मियो अर्थात्, स्कूलको शीर्ष व्यक्ति राम्रो भए अरू धेरै कुरा आफैँ ठीक हुन्छन्। राम्रो नतिजा ल्याउने स्कूलका प्रधानाध्यापक आत्म-विश्वासी र 'केही गरौँ' भन्ने अठोट बोकेका; दृढ, विश्वासिला, नेतृत्व-गुणयुक्त र सामूहिक भावना जगाउन सक्ने मिलनसार स्वभावका थिए- सो अध्ययनले भनेको छ। यस्ता प्रधानाध्यापकले त दलीय राजनीतिमा चुर्लुम्म डुबेका स्कूललाई समेत उद्धार गर्न सक्ने रहेछन्! चकलेटको लोभ देखाएर विद्यार्थीलाई स्कूल डाक्नुपर्ने परिस्थिति बदलेर आफ्ना छोराछोरीको पढाइप्रति अभिभावक सचेत हुने अवस्था तयार पार्न सक्ने रहेछन्। अभिभावक, व्यवस्थापन समिति, विद्यार्थी र प्रधानाध्यापक बीचमा सौहार्दपूर्ण सम्बन्ध कायम गराउँदा रहेछन्।

केही गर्न सकिन्छ भन्ने आत्मविश्वास नभएका, अरूको विश्वास पनि गुमाएका, निराश, उत्तरदायित्व र अनुशासन नभएका, खराब नियत बोकेका प्रधानाध्यापक पाएको स्कूलको परिणाम स्वाभाविक रूपमै नराम्रो निस्कन्छ। धेरै ठाउँमा

अनुरोध गरे। “मन्दिरमा पस्दा जसरी जुत्ता बाहिरै खोल्छौं, त्यसै गरी स्कूल पस्दा राजनीतिको थोत्रे जुत्ता बाहिरै खोलौं।”

त्यतिबेला विद्यालयको पठन-पाठन एकदमै खस्केको थियो। त्यसैले, विद्यार्थी सबैभन्दा बढी कमजोर भएका विषयहरू विज्ञान, गणित र अङ्ग्रेजीका थप कक्षा चलाउन उनले अभिभावक, शिक्षक र विद्यार्थीलाई मनाए। यी तीन विषयका शिक्षक बिहान बेलुका विद्यार्थी पढाउन राजी भए। यस्ता थप कक्षाका लागि एक विषयको मासिक रु.१०० तिर्न अभिभावक मञ्जुर भए। अतिरिक्त कक्षा लिने शिक्षकलाई मासिक रु.४ हजार दिन स्कूल सक्षम भयो।

अतिरिक्त कक्षा चलाएपछि हरेक महिना विद्यार्थीको जाँच लिन र जाँचको परिणाम अभिभावकलाई सुनाउन थालियो। यसबाट कमजोर विद्यार्थीहरूले आफू कमजोर छु भन्ने थाहा पाए र थप मेहनत गर्न थाले। स्कूलले विद्यार्थीलाई जुन कक्षाका विद्यार्थीले कम्तीमा कति कुरा जान्नुपर्ने हो त्यो जानिसक्दा मात्रै अर्को कक्षा चढ्न पाइन्छ भन्ने सन्देश दियो। लामो बर्खे बिदाभन्दा अगाडि जाँच लिएर त्यसको परिणाम सुनाएर उनीहरूलाई बिदाका बेलामा थप मेहनत गर्न अवसर दियो। यो नियम १० कक्षामा पुगेपछि होइन तल पाँच-छ कक्षादेखि नै लागू भयो। स्कूलले हरेक तीन महिनामा परीक्षा लिएर विद्यार्थीको अवस्था अभिभावकलाई सुनाउने चलन अहिले पनि कायमै छ।

| साल | परीक्षार्थी | उत्तीर्ण | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|
| २०५२ | ३७ | १ | ३ |
| २०५३ | ७४ | ९ | १२ |
| २०५४ | २१ | १८ | ८६ |
| २०५५ | ५२ | ४३ | ८३ |
| २०५६ | ७३ | ६५ | ८९ |
| २०५७ | ५५ | ३८ | ७९ |

स्कूलको पढाइ सुध्रेपछि थुप्रै अभिभावकहरू निजी स्कूलमा पढ्ने आफ्ना छोराछोरीलाई यस स्कूलमा सार्न थालेका छन्। अहिले यस स्कूलमा एकहजार जना विद्यार्थी पढ्छन्। तिनका अभिभावक आफ्ना छोराछोरीको पढाइप्रति बेवास्ता गर्दैनन्। प्रधानाध्यापक टेकनाथ शिवाकोटी भन्छन्, “अभिभावक उत्साही छन्। आफ्ना छोराछोरीको पढाइको बारेमा र स्कूलको अवस्था सुधार्न के गर्नुपर्छ भन्ने विषयमा चासो राख्छन्।”

यहाँका अभिभावक कतिसम्म सक्रिय छन् भने उनीहरूले सहयोग जुटाएर स्कूलका लागि २० वटा कम्प्युटर किने। अहिले कम्प्युटर शिक्षा पढाइ हुने झापाका थोरै स्कूलमध्ये एक भएको छ यो। कम्प्युटर शिक्षकको तलब पनि स्थानीय स्रोतबाटै व्यहोरिएको छ। अभिभावकहरूले स्कूललाई सहयोग गर्न शैक्षिक सामग्री व्यवस्थापन समिति गठन गरेका छन्। यस वर्षदेखि ‘प्लस टु’ कक्षा सञ्चालन गर्न जुटेका छन्।

गत वार्षिक भेलामा स्कूलले आफ्ना सबल पक्षहरू यसरी प्रस्तुत गरेको थियो- ‘योग्य र अनुभवी शिक्षक, उत्साही र चनाखा अभिभावक, राजनीतिक खिचातानी मुक्त स्कूल हाता, सक्रिय व्यवस्थापन समिति, सक्रिय शिक्षक-अभिभावक संघ।’

तत्कालीन प्रअ रिजाल भन्छन्, “यो स्कूललाई नराम्रो अवस्थाबाट राम्रो अवस्थामा पुऱ्याएको जस मलाई आउने गर्छ तर खासमा चाहिँ अभिभावक, शिक्षक, व्यवस्थापन समिति र जिल्ला शिक्षा कार्यालय सबैको योगदान छ।” यस्तो गर्न सकिएकोमा उनी सन्तुष्ट छन्। भन्छन्, “तीसवर्षे शिक्षक जीवनमा पाएको सबैभन्दा बढी सन्तुष्टि यही हो।”

स्कूल सप्रेकोमा उनी मात्र होइन स्कूल र गाउँ समेत सन्तुष्ट छ। त्यसैले, प्रधानाध्यापक र शिक्षक जीवनबाट अवकाश लिएको आठ वर्षपछि पनि रिजाल त्यस स्कूल र त्यस गाउँका ‘हेडसर’ छन् जसलाई राजनीतिक इर्ष्याका कारण फर्केर आफ्नै ठाउँमा जाओस् भनेर शुरुमा १२ दिनसम्म हाजिर गर्न दिइएको थिएन। 📖

उमेरले गर्दा प्रधानाध्यापक उत्साहित नभएको गुनासो गर्ने गरिएको छ। तर कपाल फुल्दैमा उत्साह नघट्ने कुरा अध्ययनले देखाएको छ। यस पटकको अध्ययनका लागि छानिएका स्कूलहरूलाई राम्रो बनाउने सबै प्रधानाध्यापकले निकै लामो समयसम्म काम गरिसकेका छन्।

तर प्रधानाध्यापक एक्लैले स्कूलको अवस्था सुधार्न सक्दैनन्। एसएलसी अध्ययन समूहले भनेको छ- विद्यार्थीको नतिजा राम्रो हुनुमा सबैभन्दा ठूलो योगदान शिक्षकको रहन्छ र राम्रा शिक्षक दलगत राजनीतिमा लाग्दैनन्। नेपालका अधिकांश शिक्षकहरू योग्यतम जनशक्ति मध्येबाट छानिएका होइनन्। तर यो नेपालको मात्र समस्या पनि होइन। संसारका अधिकांश देशमा यस्तै हुने गरेको छ। तर मध्यमस्तरको जनशक्तिबाट नै पनि शिक्षा क्षेत्रमा ठूला काम भएका दृष्टान्त पाइन्छन्। मध्यम खालका जनशक्तिले पनि इमान्दारी साथ काम गरेको खण्डमा नेपाली स्कूलहरूको अवस्था अहिलेको भन्दा कता हो कता सुध्रन सक्ने देखिन्छ।

प्रधानाध्यापक र शिक्षक दत्तचित्त भएर लागेमा स्कूलमा नियमित रूपमा पढाइ हुन्छ। *शिक्षक* मासिकको अध्ययनमा समेटिएका केही स्कूलमा त राजनीतिक उद्देश्य पूर्तिका लागि गरिने बन्दमा पनि पढाइ चालु रहेको पाइन्छ। अरू मात्र होइन, आफ्ना माग पूरा गराउन शिक्षकका संघ-सङ्गठनहरूले गर्ने आन्दोलनबाट समेत त्यस्ता स्कूलमा पढाइ नविथोलिएको पाउनु एउटा सुखद आश्चर्य नै हो।


नियमित परीक्षा राम्रा स्कूलको अर्को विशेषता हो। राम्रा स्कूलका प्रधानाध्यापक र शिक्षकले विद्यार्थीको नियमित जाँचको व्यवस्था मिलाएको पाइन्छ। वर्षको अन्त्यमा गएर विद्यार्थीलाई ‘जान्नुपर्ने जति जानिनस्’ भनेर फेल गराउने वा जबर्जस्ती पास गराउनुको सट्टा पहिल्यै सचेत गराएर जान्ने बनाउने चलन भएका स्कूलले राम्रा विद्यार्थी तयार गरेका छन्।

“पहिलो र दोस्रो त्रैमासिकमा ४० प्रतिशत अङ्क ल्याउन नसक्ने विद्यार्थीलाई त्यसपछिको जाँचमा सहभागी गराउँदैनौं”, चितवनको नारायणी उच्च माविका अङ्ग्रेजी शिक्षक पूर्णप्रसाद दवाडी भन्छन्। सो स्कूलले अन्तिम परीक्षा भन्दा अगाडि एकपटक मौका परीक्षा लिन्छ। कक्षा चढ्नका लागि कम्तीमा ४० प्रतिशत अङ्क ल्याउनै पर्छ।

कमजोर विद्यार्थीका लागि कतिपय स्कूलले नै अतिरिक्त कक्षाको समेत व्यवस्था गर्ने गरेका छन्। यस्तो व्यवस्था विश्वमै स्कूले-शिक्षा राम्रो भएका सिङ्गापुर जस्ता देशले पनि गर्दै आएका छन्।


धेरैजसो स्कूलले तल्लो कक्षाको पढाइमा ध्यान

# सामुदायिक विद्या
# र उत्ती




स्रोतः *तथ्याङ्क पुस्तक-२०६१,* परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर।
२०६१ सालपछि यस्तो पुस्तक प्रकाशित भएको छैन।

# ालयबाट एसएलसी परीक्षामा सहभागी
# त्तीर्ण विद्यार्थी सङ्ख्या–२०६१



दीपक ओली



# सुदूरपश्चिमको शान

गएको साल बझाङ, भोपुरस्थित सत्यवादी उच्च माविका १०४ जना विद्यार्थीले एसएलसी परीक्षा दिएकोमा ८२ जना पास गए। एसएलसी परीक्षामा जिल्लामै राम्रो नतिजा ल्याएको भनेर शिक्षा विभागले सो स्कूललाई रु.४ लाखको राष्ट्रिय शिक्षा पुरस्कार दियो। अघिल्लो वर्ष पनि यस स्कूलले सो पुरस्कार पाएको थियो। २०६० सालमा एसएलसीको नतिजा राम्रो ल्याएको भनेर जिल्ला विकास समितिले रु.५ लाख दिएको थियो।

यो स्कूलका ६ वटा भवनमा १० कोठा शौचालय छन्। दुई वटा खेलमैदान राम्रो अवस्थामा छन्। प्रयोगशाला छ। पुस्तकालयमा चाहिँ पुस्तक धेरै छैनन्। प्रायः शिक्षकहरू तालिम प्राप्त छन्। उनीहरू अरू स्कूलका शिक्षक भन्दा बढी पढाउँछन्- हप्तामा ३२ पिरियड। उनीहरू समयमा कोर्स सक्छन्। प्रयोगात्मक कक्षा चलाउँछन्। विद्यार्थीलाई माया गरेर सिकाउँछन्। यहाँका विद्यार्थीहरू शिक्षकसँग खुलेर कुरा गर्न सक्छन्।

सरकारी अनुदान र विद्यार्थीबाट उठ्ने शुल्क बाहेक यस स्कूलले घरजग्गाको भाडाबाट पनि आम्दानी गर्छ। अभिभावकले पनि स्कूललाई आर्थिक सहयोग गरेका छन्।

स्कूलका उत्पादन प्राध्यापन, राजनीतिक, निजामती प्रशासन, कूटनीति, चिकित्सा आदि क्षेत्रमा देश-विदेशमा छाएका छन्। नेपालमा स्कूल कम भएका बेलामा भारतीय शिक्षक रामदत्त अवस्थीबाट गुरुकुलको जस्तो कडा अनुशासनमा शिक्षा पाएको स्मरण गर्छन्, पूर्व राज्यमन्त्री सुरेश मल्ल। आफू पढेको स्कूलले जगाएको शिक्षाप्रतिको मायाले गर्दा हाल उनी काठमाडौंको गीतामाता उच्च माविका व्यवस्थापन समितिका अध्यक्ष छन्।

यो स्कूल राजा जयपृथ्वीबहादुर सिंहको सक्रियतामा एकसय वर्षअघि काठमाडौंको नक्साल दरबारमा खुलेको थियो। १९९७ देखि यो स्कूल बझाङी राजाको पुरानो दरबार चैनपुरमा सञ्चालन भएको हो।

**दीपक ओली**

दिँदैनन् र एकैचोटि एसएलसी परीक्षा दिने बेलामा मात्रै विद्यार्थीको पढाइप्रति जागरुक हुन थाल्छन्। तल्लो कक्षामा जान्नुपर्ने कुरा नजानिकन कक्षा चढ्दै गएका विद्यार्थीलाई जति मेहनत गराए पनि सफल बनाउन गाह्रो पर्छ। तर राम्रा स्कूलले यस विषयमा तल्लो कक्षादेखि नै सोच्ने गरेको पाइन्छ। "हामीले एसएलसी आउने बेलामा मात्र होइन शुरुदेखि नै विद्यार्थीको पढाइमा ध्यान दिएका छौं", काठमाडौंको गीतामाता माविका व्यवस्थापन समितिका अध्यक्ष सुरेश मल्ल भन्छन्।

संखुवासभाको अरुणोदय माविमा ६ कक्षादेखि मात्र पढाइ हुन्छ। त्यसैले वरपरका प्राथमिक स्कूल पास गरेका विद्यार्थीलाई ६ कक्षामा भर्ना लिनुअघि प्रवेश परीक्षा लिने चलन छ। यस्तो परीक्षा लिनुको उद्देश्य कमजोर विद्यार्थीको पढाइ छुटाउनु होइन; बरु उसलाई थप मेहनत गर्नुपर्छ भनेर बताउनु हो। त्यसैले त्यहाँ एकपटक फेल भएका विद्यार्थीका लागि दोहोऱ्याएर परीक्षा लिइन्छ। यस्तो चलनले गर्दा वरपरका प्राथमिक स्कूलहरूलाई पनि पढाइ सुधार्न बाध्य पारेको छ।

राम्रा स्कूलले पढाइमा मात्र होइन शारीरिक तथा मानसिक क्षमता कम भएका विद्यार्थीहरूका लागि समेत पढ्ने वातावरण मिलाउनेतर्फ पनि ध्यान दिएका छन्। चितवनको नारायणी उच्च माविले सुस्तमनस्थितिका लागि विशेष कक्षा र नेत्रहीनहरूका लागि 'समाहित शिक्षा' कार्यक्रम चलाएको छ। उनीहरूका लागि छात्राबासको व्यवस्था पनि छ। प्यूठान खलङ्गाको महेन्द्र माविमा नेत्रहीनहरूलाई सजिलो हुने खालको शौचालयको व्यवस्था गरिएको छ।

समग्रमा भन्नुपर्दा, नेपालको स्कूल शिक्षाको स्तर अथवा एसएलसी परीक्षाको परिणामलाई वाञ्छित तहसम्म उकास्न धेरै ठूलो आर्थिक-भौतिक लगानी या 'क्रान्तिकारी शिक्षा नीति' नै पर्खिरहनु आवश्यक छैन। खाँचो छ- 'म गर्छु' भनेर अघिसर्ने दृढनिश्चयी व्यक्तिको। त्यो व्यक्ति एउटा हेडमाष्टर, जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक, स्थानीय समाजसेवी, विवेकशील नेता, व्यवस्थापन समितिको अध्यक्ष वा कुनै शिक्षक या केही शिक्षकहरूको समूहमध्ये जो कोही पनि हुनसक्छ। 'सरकारी' वा सामुदायिक नै रहेर पनि उत्कृष्ट परिणामसहित राम्रो स्कूलको कोटिमा परेका स्कूलहरू यिनीमध्ये पर्ने कुनै व्यक्ति वा समूहकै प्रयासका प्रतिफल हुन्। यथार्थमा एउटा मानिसको इमान र जाँगर नै एउटा स्कूलको दुरवस्था कायापलट गराउन पर्याप्त रहेछ भन्ने अनुभव तलका केही दृष्टान्तले गराउँछन्।

# बिना परीक्षा प्रवेश छैन



आनन्द श्रेष्ठ

लगातार तीन वर्षसम्म अरुणोदय माविका कुनै पनि विद्यार्थी एसएलसीमा उत्तीर्ण भएनन्। जिल्ला शिक्षा कार्यालयले स्कूललाई नसिहत दियो। त्यसपछि सो स्कूललाई आफ्नो अवस्था सुधार्न कर लाग्यो। २०५८ सालमा आधा विद्यार्थीले एसएलसी पास गरे। २०६३ सालमा ३६ जनाले जाँच दिएकोमा आंशिक परीक्षा समेत गरेर सबैले पास गरे।

संखुवासभाको सदरमुकाम खाँदबारीदेखि ६ दिन पैदल हिँडेर मात्र पुगिने चेपुवा, लिंगमको सो स्कूल अहिले दुर्गम गाउँको नमुना बनेको छ। अरू स्कूलका विद्यार्थी समेत यहाँ आउन थालेका छन्। यो वर्ष मात्र हेदाङ्नाको हिमालय मावि पढ्दै गरेका चार जना र सदरमुकाम खाँदबारीमा पढेका पाँच जना विद्यार्थी यस स्कूलमा आए। खाँदबारी छोडेर आएका किमाथाङ्काका विद्यार्थी वाङछे भोटे भन्छन्, "राम्रो पढाइ नभएको भए यहाँ आउने थिइनँ।"

यस स्कूलमा कक्षा ६ देखि मात्र पढाइ शुरु हुन्छ। विद्यार्थी भर्ना लिनुअघि प्रवेश परीक्षा लिइन्छ। यसलाई प्रचलित नियम विपरीत भयो भनेर धेरैले विरोध पनि गरे। जिल्ला शिक्षा कार्यालयले प्रधानाध्यापकसँग स्पष्टीकरण माग्यो तर प्रधानाध्यापक किङ्सन लामा आफ्नो निर्णयमा अडिग रहे र प्रवेश परीक्षामा सफल नहुनेलाई फर्काइदिए। लामाको यो कदमले पढाउँदै नपढाइकन पाँच कक्षा पास गराउने वरपरका स्कूलमाथि पढाइ सुधार्ने दबाब पर्न थाल्यो।

यसैको प्रभावले गर्दा चेपुवाको शान्ति प्राविले पनि विद्यालय व्यवस्थापनलाई चुस्त पारेको छ। सो स्कूलका प्रधानाध्यापक टासी शेर्पा भन्छन्, "यतातिर स्कूल भएको गाउँका शिक्षक घरकै काममा तल्लीन, टाढाको शिक्षक घर गएपछि फर्किन ढिलो गर्ने चलन थियो। हामीले ढिलो आउने शिक्षक शिक्षिकाको जति ढिलो आउँछ, घण्टाको हिसाबले तलब कटाएर स्कूलको कोषमा राख्न थाल्यौं। यसो गर्दा साह्रै जरुरी काम परेका बेला बाहेक अरू बेला शिक्षकहरू स्कूल छाड्दैनन्।"

अरुणोदय माविका सातमध्ये पाँच जना शिक्षक झापा, विराटनगर, भोजपुर र धनुषाबाट आएका छन्। पाँचैजना शिक्षक एउटै कोठामा बस्छन्। बिहान र अपरान्ह आठ, नौ र दश कक्षाका कमजोर विद्यार्थीका लागि विशेष कक्षा र दिउँसो नियमित कक्षामा पढाउँछन्। बेलुका अध्ययन गर्छन्, भोलिपल्टका लागि तयारी गर्छन्, विद्यार्थीको कापी जाँच्छन्।

स्कूल र पढाइ बाहेक अरू ध्याउन्न नभएका यहाँका शिक्षकलाई प्रधानाध्यापकले अरू खालका सुविधा दिएका छन्। टाढाका शिक्षकले दशैं विदामा घर गएपछि तिहार सकेर मात्र आए हुन्छ। माघको पहिलो हप्ता वार्षिक परीक्षा सकिएपछि वैशाखमा मात्र स्कूल फर्किए हुन्छ।

स्कूलमा दलीय खिचातानी छैन। "शिक्षक सङ्गठनले आह्वान गरेको हड्ताल र विरोध कार्यक्रमका बेला पनि हामीले निरन्तर पढायौं", शिक्षक गोपाल भट्टराई भन्छन्। "माओवादी, अरू संघ सङ्गठन वा आफ्नै शिक्षक सङ्गठनले दबाब दिँदा पनि यहाँ स्कूल बन्द हुँदैन", प्रधानाध्यापक लामा गर्व गर्छन्। अरू धेरै ठाउँमा स्कूल खुल्छ, हाजिर हुन्छ अनि छुट्टी हुन्छ। यहाँ स्कूल खुल्नु भनेको पढाइ हुनु हो। महिनाको रु.५० शुल्क तिर्नु परेपछि अभिभावकले पनि आफ्ना छोराछोरीले पढेका छन् कि छैनन् भनेर चासो दिन थालेका छन्।

अतिरिक्त क्रियाकलापमा पनि यो स्कूल अगाडि नै छ। सङ्गीत, वादविवाद, हाजिरीजवाफ, खेलकुद यहाँका नियमित विशेषता बनेका छन्। यहाँ पढेर गएका विद्यार्थीले सदरमुकाम खाँदबारीमा खोलेको भोटिया युथ क्लबले संखुवासभामा राम्रो नाम कमाएको छ।

स्कूलको ६ कोठे घर भत्कन लागेको छ। चर्पी भन्नका लागि मात्रै छ। टाढाटाढाका विद्यार्थी पढ्न आउँछन्। उनीहरू बस्ने ठाउँ छैन। गरिब गाउँको स्कूल हुनाले यहाँ पढ्ने विद्यार्थीहरू गरिब छन्। धेरै विद्यार्थीले साहुको अलैंची बोक्नुपर्छ। अरू कामले गर्दा त्यति ध्यान दिएर पढ्न सक्दैनन्। तर पनि शिक्षक, विद्यार्थी र अभिभावकको सामुहिक मेहनतले गर्दा आएको परिणामबाट उनीहरूलाई थप काम गर्ने प्रेरणा मिलेको छ। "स्कूललाई राम्रो उच्च मावि बनाएर र छात्राबासको व्यवस्था गरेर मात्र रिटायर्ड हुन्छु", प्रधानाध्यापक किङ्सन लामा भन्छन्।

**आनन्द श्रेष्ठ**

# सुर्खेतको नमुना



सुर्खेत, रामघाटको शिखर माध्यमिक विद्यालय गाउँमा छ। पुस्तकालय भवन छ, तर पुस्तक छैनन्। धेरै अभिभावक निरक्षर छन्। गरिब छन्। कामका लागि भारत जान्छन्। माध्यमिक तहमा ६ जनाको दरबन्दी भए पनि दुईजना मात्र शिक्षक छन्। स्कूल कम्पाउन्ड बारबेर गरिएको छैन। पढाइ भइरहेका बेला मानिस आउने-जाने गरिरहेका छन्।

यस्तो हेर्दा स्कूलको नतिजा राम्रो नहुनुपर्ने हो। तर पनि यस स्कूलको पढाइ तुलनात्मक रूपमा राम्रो छ। २०६१ सालको एसएलसी परीक्षामा यो स्कूल मध्यपश्चिमाञ्चल विकास क्षेत्रको दोस्रो भयो। रु ४ लाखको पुरस्कार पायो। त्यसको पछिल्लो वर्ष मध्यपश्चिमको पहिलो भयो। जिल्ला स्तरीय खेलकुद प्रतियोगितामा सधैंजसो प्रथम हुँदै आएको छ।

प्रतिकूल अवस्था हुँदाहुँदै पनि यस स्कूलले राम्रो गर्नुका पछाडि केही खास कारणहरू छन्। अन्यत्र हुने गरेका बन्दका बेलामा पनि यहाँ पढाइ हुन्छ। दशैं तिहार र बर्खे विदामा विशेष कक्षा चलाइन्छ। प्रत्येक हप्ता जाँच हुन्छ। पढाउने बेलामा ब्याख्यान भन्दा प्रयोगात्मक विधिमा जोड दिइन्छ।

शिक्षकहरू आफ्नो कक्षा छैन र अर्को शिक्षकको कक्षा खाली छ भने पढाउन जान्छन्। थप कक्षा लिएबापत थप पारिश्रमिक पाउँछन्। प्राय: सबै शिक्षक तालिमप्राप्त छन्। नियमित रूपमा स्कूल आउँछन्।

शिक्षक, विद्यार्थी र अभिभावकबीच मनमुटाव छैन। स्कूल व्यवस्थापन समितिको गठनमा राजनीतिक गन्ध पाइँदैन। व्यवस्थापन समितिको बैठक नियमित बस्छ। आवश्यक परे स्कूलका लागि पैसा उठाउँछ। जनश्रमदान चाहिए व्यवस्थापन समितिले त्यो पनि जुटाउँछ। अभिभावक भेला भएर कसले कति चन्दा दिने सो कुराको वचन दिन्छन्। यस गाविसका सबै वडाका विद्यार्थी बिहान स्कूल आएर बेलुका घर फर्कन सक्छन्। त्यसले गर्दा पूरा गाउँको सहयोग लिन सजिलो भएको छ।

विद्यार्थीहरू नियमित रूपमा स्कूल आउँछन्। गृहकार्य गर्छन्। लगनशील र अनुशासित छन्।

स्कूलका गरिब विद्यार्थीलाई सुर्खेत स्थित गैरसरकारी संस्थाले जिन्सी र नगद सहयोग गरेका छन्। जिल्ला विकास समिति र गाउँ विकास समितिले पनि सहयोग जुटाउँदै आएका छन्। स्कूल परिसरमा फलेको आँप र घाँस बेचेर स्कूलले बर्सेनि झण्डै रु.५० हजार आम्दानी गर्ने गर्छ।

यी सबै कारणले गर्दा अरू गाउँबाट पनि विद्यार्थी यस स्कूलमा आउने गरेका छन्। पहिलेका सफलताका कारणले गर्दा यो स्कूलले आगामी शैक्षिक सत्रदेखि उच्च मावि चलाउने योजना बनाएको छ।

**प्रकाश पन्त**

# पुरस्कारै पुरस्कार

प्युठानका ३१ वटा माध्यमिक स्कूलमध्येमा राम्रो गनिन्छ खलङ्गाको महेन्द्र उच्च मावि। यसले पाएका पुरस्कारहरूको सूची लामो छ- २०६० सालको एसएलसी परीक्षामा मध्यपश्चिमको सबैभन्दा राम्रो भएर पाएको वीरेन्द्र क्षेत्रीय सिल्ड अनि शिक्षा मन्त्रालयबाट प्राप्त पुरस्कार, २०६४ सालमा उच्च मावि शिक्षा परिषदबाट उत्कृष्ट पुरस्कार। पढाइ र अतिरिक्त क्रियाकलापबापत पाएका पुरस्कारको सङ्ख्या ६२ पुगेको छ। २०६० सालमा यस स्कूलका ९७ प्रतिशत र २०५९ सालमा ९२ प्रतिशत विद्यार्थीले एसएलसी पास गरेका थिए।

सातवटा स्कूल भवन छन्। एउटा भवन दृष्टिविहीन स्रोत कक्षाका लागि छुट्याइएको छ। विज्ञान प्रयोगशाला छ। पुस्तकालयमा ८०० भन्दा बढी पुस्तक छन्। शौचालय, खानेपानी, खेल-मैदानका दृष्टिले पनि स्कूल राम्रो अवस्थामा छ। व्यवस्थापन समितिका अध्यक्ष शिवराज श्रेष्ठका अनुसार स्कूलले थप कक्षाकोठा, शौचालय र नयाँ छात्राबास बनाउन लागेको छ।

सबै स्कूलमा हुने गरेका त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाका अतिरिक्त विषय शिक्षकले हप्तैपिच्छे जाँच लिने गरेका छन्। हरेक महिना स्कूलले परीक्षा लिने गर्छ। पढाउन र जाँच लिन शिक्षकले जाँगर चलाउँछन्। स्कूलले पनि शिक्षकलाई सकेसम्मको सुविधा दिएको छ। निजी स्रोतका शिक्षकले पनि सरकारी दरबन्दीका शिक्षकसरह तलब पाउँछन्। व्यवस्थापन समिति, अभिभावक र पूर्व विद्यार्थीहरूसँग स्कूलले बारम्बार छलफल गर्ने गर्छ।

अतिरिक्त क्रियाकलापका लागि स्कूलमा आठ वटा समिति छन्। हरेक हप्ता एउटा न एउटा अतिरिक्त क्रियाकलाप हुन्छ; जसमा दृष्टिविहीन पनि सहभागी हुने गर्छन्।

स्कूलका लागि सहयोग जुटाउने, स्कूल परिवारलाई अनुशासित बनाउने, अभिभावक र व्यवस्थापन समितिको सहभागिता अभिवृद्धि गर्ने जस्ता काममा प्रधानाध्यापकले बढी समय दिन्छन्।

**विमला पाण्डे**

# ३८ वटा त शौचालय !

ऐश्वर्य विद्या निकेतनबाट पोहोर साल १४८ जना विद्यार्थीले एसएलसी दिएकोमा १४७ जना पास भए। तीमध्ये १३ जना विशिष्ट श्रेणीमा उत्तीर्ण भएका थिए। नेपालमा सामान्यतया दोस्रो श्रेणीमा पास हुने विद्यार्थीको मात्रा बढी हुने गरेको छ। तर यस स्कूलमा त्यस्तो छैन। २८ जनाले दोस्रो श्रेणीमा पास गर्दा १०५ जना प्रथम श्रेणीमा आएका थिए। २०६२ सालमा १५ जना दोस्रो श्रेणीमा पास हुँदा १०४ जना प्रथम श्रेणीमा उत्तीर्ण भएका थिए। विशिष्ट श्रेणीमा पास गर्ने ११ जना थिए।

प्रकाश शाह



धनगढी, कैलालीको यो स्कूल सुदूर-पश्चिमका औसत स्कूलभन्दा अगाडि छ। परीक्षा नियन्त्रण कार्यालयले गरेको मूल्याङ्कन (यस्तो मूल्याङ्कन स्कूलका कुल परीक्षार्थी, विशिष्ट, प्रथम, द्वितीय र तृतीय श्रेणीमा उत्तीर्ण परीक्षार्थी सङ्ख्या, कुल अनुत्तीर्ण परीक्षार्थी सङ्ख्या, कुल उत्तीर्ण विद्यार्थी सङ्ख्या र राष्ट्रिय औसतलाई आधार मानेर गरिन्छ) अनुसार २०६१ सालको एसएलसी परीक्षामा सुदूर पश्चिमाञ्चलको औसत ३८ अङ्क रहेकोमा ऐश्वर्य विद्या निकेतनको ५३ अङ्क रहेको थियो। यसले २०६१ सम्ममा लगातार नौ वर्षसम्म क्षेत्रीय शिक्षा शिल्ड हात पारेको थियो। त्यसपछि २०६३ को शिल्ड पनि जित्यो।

भौतिक पूर्वाधारमा पनि यो स्कूल अब्बल दर्जाको छ। दश वटा भवनमा ७० वटा कक्षा कोठा छन्। तीनकोठे प्रयोगशाला भवन छ। कम्प्युटर प्रयोगशाला, पुस्तकालय आदिको व्यवस्था छ। शौचालय मात्रै ३८ वटा छन्।

हरेक हप्ता हरेक विषयमा शिक्षकले अभिमुखीकरण तालिम पाउँछन्। उनीहरू कक्षामा लगनशील भएर पढाउँछन्। सरकारी स्कूलमा हुने बाहेक हरेक महिना विद्यार्थीको थप जाँच लिन्छन्। नगरपालिका, र जिल्ला शिक्षा कार्यालयका प्रतिनिधि, महिला, चन्दादाता/अभिभावक र शिक्षक सदस्य रहेको व्यवस्थापन समितिको बैठक हरेक महिना बस्छ। आफ्ना छोराछोरीको पढाइ बुझ्न अभिभावक नियमित रूपमा स्कूल आउँछन्। राम्रो अभिभावकलाई पनि पुरस्कार दिने व्यवस्था छ।

२०३३ सालमा आठ जना विद्यार्थीबाट शुरु भएको यो स्कूलमा अहिले १६५० विद्यार्थी छन्। १२ कक्षा सम्मको पढाइ हुन्छ। वार्षिक आम्दानी डेढ करोड जति छ।

**प्रकाश शाह**

# सक्रिय व्यवस्थापन समिति

तनहुँको सत्यवती उच्च माविबाट २०६३ को एसएलसी परीक्षा दिने ८९ जना सबै पास भए। ६ जना विशिष्ट श्रेणीमा आए। प्रथम श्रेणीमा पास गर्ने ६१ जना थिए। तेस्रो श्रेणीमा कोही पनि पर्नु परेन। २०६२ सालमा ११४ जनाले परीक्षा दिएकोमा १०३ जना पास भएका थिए।



सन्तोष गुल्मेली

"स्कूलको वातावरण, विद्यार्थीको आँट, अभिभावक र व्यवस्थापनको सहयोगले गर्दा परीक्षाको नतिजा राम्रो भएको हो," अङ्ग्रेजी विषय सम्बन्धी पढाइ हेर्ने अनिल श्रेष्ठ भन्छन्। यो स्कूलमा आठ कक्षासम्म एक सेक्सनमा अङ्ग्रेजी माध्यममा पढाइ हुन्छ जुन क्रमशः अगाडि उच्च माविसम्म पुऱ्याउने लक्ष्य छ।

"अन्यत्र बन्द भएका बेलामा पनि यहाँ पढाइ हुन्छ। विदा कम छन्। शहरी वातावरण छ। शिक्षक लगनशील छन्", शिक्षक होमनाथ खनाल भन्छन्। खनाल प्रावि दरबन्दीका शिक्षक हुन् तर उच्च माविसम्मै पढाउँछन् थप सुविधा नलिइकन। "मेरो पेशा हो। जुन कक्षालाई भए पनि पढाउन पाउँदा खुशी लाग्छ।"

फूटबल, हाजिरीजवाफ, लोकगीत र लोक नृत्य, लोकदोहोरी गीत प्रतियोगिता भइरहन्छन्। वर्षमा पाँच पटक विद्यार्थीको जाँच हुन्छ। बेलाबेलामा लिइने क्लास टेष्ट छुट्टै छ।

व्यवस्थापन समिति सक्रिय छ। समितिका सदस्यहरूले प्रत्येक हप्ता पालो गरेर स्कूल निरीक्षण गर्छन्। छड्के जाँचमा आफूले देखेका कुरा रजिष्टरमा लेख्छन्। यस्ता विषयमा अभिभावक भेलामा छलफल गर्छन्। महत्त्वपूर्ण कुराको निर्णय गर्नको लागि अभिभावकहरूको भेला बोलाइन्छ। व्यवस्थापन समितिका अध्यक्ष रामनाथ भट्टराई भन्छन्, "म अरू स्कूलमा हुँदा व्यवस्थापनले भनेका कुरा शिक्षकले मान्दैनथे। तर यहाँ व्यवस्थापनले गरेको निर्णय शिक्षकले मान्छन्, शिक्षकले भनेको विद्यार्थीले।" उनी यस स्कूलका पहिलेका शिक्षक पनि हुन्।

अङ्ग्रेजी माध्यममा पनि पढाउन थालेपछि र स्कूलले क्षेत्रीय पुरस्कार पाएपछि यहाँ विद्यार्थीको चाप बढेको छ। "स्कूलले थेग्न नसक्ने भएपछि फर्काउनु परेको छ", शिक्षक निर्मला खनाल भन्छिन्।

**वसन्ती बास्तोला**

# उत्तीर्ण प्रतिशतः शून्यबाट ९९

"चितवन जिल्लाको सबैभन्दा राम्रो सार्वजनिक स्कूल नारायणी उच्च मावि हो", जिल्ला शिक्षा अधिकारी गोपालकृष्ण पौडेल आजकल सबैसँग यसै भन्ने गर्छन्। यसको आधार हो- गत सालको एसएलसी परीक्षाको नतिजा। यो स्कूलले यस वर्ष सेन्डअप टेष्टमा पनि राम्रो नतिजा ल्याएको छ।



शान्ता अधिकारी



जिल्ला शिक्षा कार्यालयले जिल्लाका उत्कृष्ट स्कूललाई दिने रु.२ लाखको पुरस्कार यस स्कूलले पोहोर र परार गरी लगातार दुई पटक पाएको छ। "आउने सालको पुरस्कार पनि हामीले नै पाउँछौं", प्रधानाध्यापक अरुण कुमार *(तस्विर)* भन्छन्। यस वर्षको सेन्डअप टेष्टमा यस स्कूलका १५८ जना परीक्षार्थीमध्ये १५७ जना पास भएका छन्।

भरतपुरको नारायणी माविको एसएलसी परीक्षाको नतिजा राष्ट्रिय स्तरभन्दा धेरै माथि छ। २०६२ सालमा देशभरका विद्यार्थीमध्ये ४६ प्रतिशतले एसएलसी पास गरेकोमा नारायणी माविका ८६ प्रतिशत विद्यार्थी पास भएका थिए। २०६३ मा चाहिँ ९८ प्रतिशत विद्यार्थी पास भए।

यो स्कूलका नयाँ र पुरानो गरी पाँच वटा भवनमा ४४ वटा कोठा छन्। साइकल स्ट्याण्ड, खेल मैदान, बगैंचा र पुस्तकालय छ। शौचालयबाट ३५ घनमिटरको वायोग्यास प्लान्ट सञ्चालन भएको छ। यसबाट निस्केको ग्यासँले छात्राबासमा बस्ने नेत्रहीन विद्यार्थीका लागि खाना पाक्छ।

३० वर्षदेखि सोही स्कूलमा पढाउँदै आएका प्रधानाध्यापक अरुण कुमार भन्छन्, "२०३८ सालमा एक जना पनि विद्यार्थी उत्तीर्ण नभएपछि यस स्कूलको पढाइ सुधार्न विभिन्न उपाय थालेको हो, सबैको प्रयासले स्कूलको अवस्था राम्रो भएको हो।"

जिल्ला शिक्षा अधिकारी पौडेलका अनुसार अनुभवी शिक्षक, सामूहिक भावना र परीक्षा प्रणालीले गर्दा यस स्कूलको नतिजा राम्रो भएको हो। यस स्कूलले न्यूनतम क्षमता नभएका विद्यार्थीलाई मौका दिन्छ तर परीक्षामा उत्तीर्ण नभई कक्षा चढाउँदैन।

शिक्षकहरूका अनुसार कुशल प्रशासकमा हुनुपर्ने गुण प्रधानाध्यापकमा भएकाले स्कूलको गुणस्तर बढेको हो। यो स्कूलले सरकारी पाठ्यक्रम बाहेक गणित र अङ्ग्रेजीमा थप कक्षा चलाएको छ। यसका लागि विद्यार्थीले थप शुल्क तिर्नुपर्छ। हाजिरीजवाफ, हिज्जे प्रतियोगिता, विज्ञान प्रदर्शनी, पाक-शिक्षा, लोकगीत प्रतियोगिता जस्ता अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दै आएको छ। निजी स्रोतका शिक्षक नियुक्त गर्दा खुला प्रतिस्पर्धा गराइन्छ। यसरी नियुक्त शिक्षकले सरकारी अनुदानका शिक्षकसरह सुविधा पाउँछन्। विषयगत शिक्षकलाई प्रोत्साहन र भत्ताको व्यवस्था गरिएको छ।

यहाँका अभिभावक पनि सक्रिय छन्। आफ्ना छोराछोरीको लब्धाङ्क पत्र लिन उनीहरू स्कूल आउँछन्। छोराछोरीको पढाइका बारेमा सोधपुछ गर्छन्।

दिनभर काम गर्ने मानिसहरूले राति पढ्न पाउन भनेर २०२० सालमा यो स्कूल खोलिएको हो। यतिबेला सरकारी कर्मचारीले स्कूलमा पढाउने गर्थे। त्यतिबेला यसको नाम नै 'रात्रि हाईस्कूल' थियो।

यो स्कूलको एक किलोमिटर वरपर ११ वटा निजी र सामुदायिक स्कूल छन्। तर यहाँ चार किलोमिटर परका विद्यार्थीहरू पढ्न आउँछन्। प्रअ अरुणकुमार भन्छन्, "स्कूलमा पर्ने चाप घटाउन प्रवेश परीक्षामा कडा प्रश्न सोध्ने गरेका छौं।"

**शान्ता अधिकारी**

पलपलको खबर
हिमालखबर
● ताजा समाचार ● रिपोर्ट
● अन्तर्वार्ता ● टिप्पणी




www.himalkhabar.com

# मातृभाषामा प्राथमिक शिक्षा जरुरी छ, सम्भव पनि छ

– प्रा. डा. योगेन्द्रप्रसाद यादव
प्रमुख, भाषा विज्ञान विभाग, त्रि.वि.वि.

**बालबालिकालाई मातृभाषामा शिक्षा दिइनुपर्छ भन्ने मान्यताप्रति अब त्यति विमति देखिँदैन। तर त्यो आवश्यक किन पऱ्यो ?**

यो प्राथमिक शिक्षाको सन्दर्भमा हो। कक्षा ५ सम्मका शिक्षा मातृभाषाको माध्यमबाट नै लिनु-दिनुपर्छ। त्यसपछि बालबालिकालाई सम्पर्क भाषा सिकाउन थाल्नुपर्छ। माध्यमिक तहमा पुगेपछि चाहिँ विश्वव्यापी सम्प्रेषण र विज्ञान-प्रविधिको ज्ञानोपार्जनको लागि अङ्ग्रेजी भाषा सिकाउनै पर्छ। नेपालको सन्दर्भमा कम्तीमा तीन भाषा सिक्नैपर्छ।

जब बालबालिका स्कूल जान्छन्, त्यसबेला उनीहरूलाई आफ्नो मातृभाषा मात्र थाहा हुन्छ। मातृभाषासँगै उनीहरूले आफ्नो परिवार र समुदायको रहनसहन, रीतिरिवाज, संस्कृति आदिका बारेमा पनि एकस्तरको जानकारी प्राप्त गरेका हुन्छन्। अहिले जब उनीहरू स्कूल जान्छन्, त्यहाँ धेरैजसोमा नेपाली र निजी स्कूलमा अङ्ग्रेजीमा पढ्नुपर्छ। आफ्नो भाषामै राम्रोसँग सञ्चार र संवाद गर्ने अवस्था नबन्दै उनीहरूले अपरिचित भाषामा पढ्नुपर्छ। प्रायः सबैजसो स्कूलमा नेपाली माध्यममा पढाइ हुन्छ। मैथिली मातृभाषी बालबालिकाले नेपाली कसरी बुझ्न सक्छन्? यो प्रसङ्गमा, शिक्षा मन्त्रालयका उपसचिव लवदेव अवस्थीले आफ्नो विद्यावारिधि शोधपत्रमा यसैसँग सम्बन्धित एउटा मार्मिक *केस* (घटना) राख्नुभएको छ। एउटा कक्षामा केही विद्यार्थी गैर नेपालीभाषी थिए। कक्षामा पढाइ भइरहँदा नेपाली मातृभाषी विद्यार्थीहरू सक्रियताका साथ भाग लिइरहेका थिए, रमाइरहेका थिए भने अर्को मातृभाषी केही विद्यार्थीहरू चाहिँ कुनामा झोक्राएर चुपचाप बसेका थिए। यसको सोझो अर्थ हो, ती बालबालिकाले केही पनि सिक्न सकेनन् र त्यहाँ सिक्ने वातावरण पनि थिएन। यो साधारण अवस्था हैन। यस किसिमको कहालीलाग्दो अवस्था आज देशभर छ। यति गहन र संवेदनशील विषयमा शिक्षक र अभिभावक जति सजग र सचेत हुनुपर्ने हो, त्यो भएको देखिँदैन। यस्तै गरी, शिक्षक र अभिभावकलाई 'एजुकेट' गर्नेदेखि मातृभाषामा शिक्षा दिनेसम्मको दायित्व बोकेको सरकारले पनि यो विषयमा रत्तिभर संवेदनशीलता देखाएको छैन। यो ज्यादै नै दुर्भाग्यपूर्ण कुरा हो।

**कति कक्षासम्म मातृभाषामा शिक्षा दिनुपर्छ ?**

कक्षा ५ सम्म दिँदा पुग्छ। त्यतिबेला बच्चाको उमेर साधारणतया १० वर्ष पुगेको हुन्छ। यो उमेरसम्म उसले मातृभाषा पनि धेरैजसो जानिसकेको हुन्छ भने उसको मानसिक विकास पनि राम्रैसँग



किरण पाण्डे



> भाषा सिकाउने ठीक ढङ्को तरिका प्रयोग गर्ने हो भने ३-४ वर्षमा कोही पनि नेपाली अङ्ग्रेजी भाषामा पोख्त हुनसक्छ। त्यसको लागि आफ्नो पहिचान समेत गुमाएर अङ्ग्रेजीको पछि लाग्नुपर्ने कुनै कारण छैन।

भएको हुन्छ। कक्षा ६ देखि मातृभाषा एउटा विषयको रूपमा पढाउन सकिन्छ, माध्यमको रूपमा चाहिँ कक्षा ५ सम्म प्रयोग गरे पुग्छ।

**तपाईँ माध्यमिक तहमा पुगेपछि मात्र अङ्ग्रेजी पढाउनुपर्छ भन्दै हुनुहुन्छ। तर सरकार कक्षा १ देखि नै अङ्ग्रेजी पढाउने व्यवस्था गर्दैछ नि!**

त्यही भएर नै हामीले यसको विरोध गरिरहेका छौं। यो एकदम ठूलो गल्ती हो। हो अङ्ग्रेजी पढाउनुपर्छ। आजको जमानामा अङ्ग्रेजीमा दक्ष नभई बजारमा काम पाउन पनि गाह्रो छ। त्यो कुरा हामीले पनि बुझेका छौं। तर त्यसको अर्थ केटाकेटीको स्वाभाविक र प्राकृतिक विकासको क्रमलाई बेवास्ता गर्न मिल्दैन। ५ वर्षको केटाकेटी मानसिक विकासको प्रारम्भिक अवस्थामा हुन्छ र उसले आफ्नो मातृभाषा नै सिकिरहेको हुन्छ। सर्वप्रथम कुनै पनि बच्चाले एउटा भाषामा कुनै पनि कुरा बुझ्नुपर्छ। त्यही भाषामा सोच्ने र सञ्चार गर्न सक्ने भइसकेपछि मात्र उसलाई अर्को भाषा सिकाउन शुरु गर्नुपर्छ। हो, यदि कोही आफ्नो बच्चालाई सानैदेखि अङ्ग्रेजी सिकाउन चाहन्छ भने उसले बोली फुट्ने बेलादेखि नै घरमा बच्चासँग अङ्ग्रेजी बोल्नुपर्छ। त्यसो भयो भने बच्चाको लागि अङ्ग्रेजी नै मातृभाषा हुन्छ। यसो गर्दा केही बिग्रँदैन।

शिक्षा विभागले गरेको अनुसन्धानले के देखाएको छ भने, गैर नेपाली भाषी विद्यार्थीहरूको स्कूल छाड्ने दर धेरै बढी छ। मातृभाषा सम्बन्धी युनेस्कोको एउटा रिपोर्टले भन्छ, अपरिचित भाषामा अपरिचित विषयवस्तु पढाइयो भने उसलाई मनोवैज्ञानिक 'सक' हुन्छ। यही कारणले गर्दा कतिपय विद्यार्थीहरूमा शिक्षाप्रति नै नकारात्मक भावना उत्पन्न हुन्छ र तिनीहरू स्कूल जान पनि छाड्छन्। केही समयअघि मैले देखेको एउटा घटना यहाँ उल्लेख गर्न चाहन्छु। तिहारमा काठमाडौं र पहाडतिर पीङ खेल्ने चलन हुन्छ। त्यही भएर कक्षा १ को किताबमा पीङको वर्णन छ। तर मेरो गाउँलगायत पूर्वी तराईका मैथिली समाजमा पीङ नै हुँदैन। अनि मैथिलीभाषी बालबालिकाले यो कुरा कसरी बुझुन् त्यो पनि नेपालीमा? यसको के अर्थ हो भनेर सोध्दा बच्चाहरू ट्वाल्ल परेर हेरिमात्र रहन्छन्। पाठ्यक्रमले राखेको उद्देश्य हासिल हुने गरी स्थानीय र परिचित विषयवस्तु पढाउँदा पो बच्चाहरूले कुरा पनि बुझ्छन्; रमाइलो पनि मान्छन्। बालबालिकालाई मातृभाषामा पढाउनु जति आवश्यक छ, परिचित र स्थानीय विषयवस्तुमा आधारित पढाइ उत्ति नै अपरिहार्य छ। यसो भएमा मात्र बालबालिका र शिक्षकका बीचमा अन्तरक्रिया बढी हुन्छ, सिकाइको प्रवृत्ति पनि धेरै हुन्छ।

**बालबालिकाले एकसाथ मातृभाषा, सम्पर्क भाषा र अङ्ग्रेजी सिक्न सक्दैनन् र?**

भाषा विज्ञानका दृष्टिले सबैभन्दा महत्त्वपूर्ण कुरा हो- मानिसले सर्वप्रथम एउटा भाषा जान्नुपर्छ। किनभने कुनै पनि कुरा बुझ्न सर्वप्रथम भाषाकै आवश्यकता पर्छ। हाम्रो प्रत्येक बुझाइ र सोचाइ नै भाषामा आधारित हुन्छ। हाम्रो जुन भाषा छ त्यही भाषामा हामी सोच्छौं। के कसैले बिना भाषा पनि सोच्न सक्छ? सक्दैन। जब कुनै पनि बच्चा एउटा भाषामा सोच्न र सञ्चार गर्न सक्षम हुन्छ, त्यसपछि अर्को भाषा सिक्न उसलाई धेरै कठिन हुँदैन। सबभन्दा कठिनाई त बच्चालाई पहिलो भाषा बुझ्न र सिक्नमै हुन्छ। किनभने त्यहाँ उसले भाषाको मर्म बुझ्नुपर्छ। उदाहरणका लागि जब बच्चाले पानी के हो भन्ने बुझ्छ, त्यसपछि उसलाई अङ्ग्रेजीमा 'वाटर' भनेर सहजै सिकाउन/बुझाउन सकिन्छ।

जब बच्चाले एउटा भाषाको स्वरुप, शैली र संरचना (कन्सेप्ट) बुझ्छ, त्यसपछि उसलाई अरू भाषामा बोल्न कुनै कठिनाई हुँदैन। किनभने 'कन्सेप्ट' बुझेपछि त उसले केवल नयाँ शब्द जाने मात्र पुग्यो। जति बेलासम्म बच्चाले 'कन्सेप्ट' बुझेको हुँदैन, त्यतिबेलासम्म उही भाषामा मात्र उसँग व्यवहार गरिनुपर्छ। साधारणतया बच्चाले ५ वर्षसम्म 'कन्सेप्ट' बुझ्छ र ८-९ वर्षको उमेरसम्ममा ऊ त्यो भाषामा सञ्चार गर्न दक्ष भइसकेको हुन्छ। त्यसपछि जुन भाषा सिकाए पनि बच्चाले सहजै सिक्छन्।

**प्राइभेट स्कूलमा नर्सरीदेखि नै अङ्ग्रेजी सिकाउने गरिएको छ। यसको असर के हुन्छ?**

त्यस्ता बालबालिका समस्यामा छन्। किनभने उनीहरूले भाषाको 'कन्सेप्ट' नै दुईवटा भाषामा बुझ्ने प्रयास गर्नुपरेको छ। पहिलो कुरा यो संसार उनीहरूका लागि नयाँ हो। दोस्रो; उनीहरू एकदमै साना छन्, जसका कारण उनीहरूको मानसिक विकास एकदमै शुरुको अवस्थामा छ। तेस्रो, उनीहरूले कुनै पनि वस्तु वा कुरालाई एउटा भाषामा पनि बुझ्न भ्याइसकेका हुँदैनन्। त्यस्तो अवस्थामा नर्सरीमा भर्ना गरिएका ३ वर्षका हाम्रा बच्चाले घरमा 'पानी' भनेर बुझेको कुरालाई स्कूलमा 'वाटर' भनिदिँदा यी दुवै कुरा एउटै हुन् कि फरक हुन् भनेर विश्लेषण गर्न तिनलाई कठिन हुन्छ। यसबाट उनीहरूको मानसिक विकासमा बाधा पुगिरहेको हुन्छ।

घरमा मातृभाषामा बोल्ने स्कूलमा चाहिँ नेपाली र अङ्ग्रेजीमा पढाइने अहिलेको परिपाटीले बच्चालाई हानि मात्र गरेको छैन, उसमाथि अघोरै अन्याय पनि भएको छ। तीन-चार वर्षको कलिलो र अबोध बच्चामाथि हामी अभिभावक र सरकार दुवै मिलेर जघन्य अपराध गरिरहेका छौं। त्यस दृष्टिले हेर्दा, पहाडको कुनाकन्दरा होस् वा मधेशको पिछडिएको गाउँमा तोतेबोली बोल्न थालेका बालबालिका भाग्यमानी छन्। किनकि तिनले एउटै भाषामा सोच्न र संवाद गर्न पाएका छन्, तिनले शहरको जस्तो ज्यादतीको सामना गर्नु परेको छैन।

**सबै बालबालिकालाई मातृभाषामा प्राथमिक शिक्षा दिन शिक्षकदेखि सबै नयाँ बन्दोबस्त गर्नुपर्ने र त्यसनिम्ति देशले धान्नै नसक्ने खर्च लाग्ने बताइन्छ नि?**

यो तर्क र आशङ्का निरर्थक छ। किनकि मातृभाषामा शिक्षाको आवश्यकतामा सहमत भइसकेपछि यसको लागि चाहिने खर्चको जोहो गर्नु राज्यको प्राथमिक कर्तव्यभित्रको कुरा हुन्छ। यसनिम्ति शिक्षामा लाग्ने कुल बजेटको ४ प्रतिशत मात्र खर्च बढी लाग्ने केही अध्ययनले देखाएका छन्। विभिन्न देशहरूमा भएको तुलनात्मक अध्ययनको नतिजाले पनि त्यही भन्छ। हाम्रो देशमा शिक्षामा रु.२८ अर्ब वार्षिक खर्च भइरहेको छ। त्यसको ४ प्रतिशत भनेको रु.१ अर्ब १२ करोड हुन आउँछ। ८ प्रतिशत नै थप खर्च लाग्दा

पनि हाम्रो सरकारले त्यो खर्च व्यवस्थापन गर्न सक्छ ।

**सबै छोडेर अङ्ग्रेजीलाई नै शिक्षाको माध्यम बनायौं भने के हुन्छ ?**

यो प्रश्नको उत्तर म दक्षिण पूर्वी एसियाको एउटा सानो राष्ट्र पपुवा न्यूगिनीको उदाहरणमार्फत दिन चाहन्छु । त्यहाँ झण्डै ८ सय भाषाहरू चलनचल्तीमा छन् । त्यहाँ पहिला शुरुदेखि नै अङ्ग्रेजी माध्यमबाट पढाइ हुन्थ्यो । पछि गएर त्यहाँ करिब ४ सय मातृभाषामा प्राथमिक तहमा पढाउन थालियो र अङ्ग्रेजी चाहिँ प्राथमिक तह पूरा गरेपछि मात्र पढाउने गरियो । अध्ययनले के देखायो भने, शुरुदेखि नै अङ्ग्रेजी माध्यममा पढाउँदाको तुलनामा प्राथमिक तह मातृभाषामा पढेका विद्यार्थीहरूको सिकाइको स्तर उच्च देखियो, शिक्षाको स्तर पनि पहिलेभन्दा बढेको पाइयो ।

भनाइ नै छ, 'यदि तिमी कसैलाई आफ्नो दास बनाउन चाहन्छौ भने उसलाई तिम्रो संस्कृति पछ्याउन बाध्य पार ।' भाषा नै संस्कृति पछ्याउन बाध्य पार्ने अचुक अस्त्र हो । जब अङ्ग्रेजी भाषा मातृभाषाको रूपमा हाम्रा बालबालिकाले बोल्छन् र प्रयोग गर्छन् भने तिनीहरू अङ्ग्रेज सभ्यता र संस्कृतिको स्वाभाविक रूपमा अनुयायी हुन्छन् । अङ्ग्रेजी भाषामा राम्रो दखल भयो भने तीमध्ये केहीले राम्रो जागिर पनि पाउलान् तर उनीहरूको आफ्नै पहिचान भने रहने छैन । अङ्ग्रेजी भाषी भए पनि तिनीहरू नेपाली नै हुनेछन् । आजको दुनियाँमा पहिचान झन् सबैभन्दा ठूलो र केन्द्रीय मुद्दा बनेको छ । कोही पनि मानिस आफ्नो पहिचान गुमाउन चाहन्न, बरु सकेसम्म बढी उजिल्याउन चाहन्छ । अङ्ग्रेजी भाषामा पोख्त हुन जन्मेदेखि नै अङ्ग्रेजी बोल्नु र सिक्नुपर्छ भन्ने जुन मान्यता हाम्रो समाजमा छ, त्यो भ्रम सिवाय केही होइन । भाषा सिकाउने ठीक ढङ्गको तरिका प्रयोग गर्ने हो भने ३-४ वर्षमा कोही पनि नेपाली अङ्ग्रेजी भाषामा पोख्त हुनसक्छ । त्यसको लागि आफ्नो पहिचानसमेत गुमाएर अङ्ग्रेजीको पछि लाग्नुपर्ने कुनै कारण छैन ।

**त्यसो हो भने प्राथमिक तहमा अङ्ग्रेजी नपढाए पनि त भयो नि ?**

हो । पढाउन आवश्यक छैन । तर हिजोआज शिक्षा व्यापार-व्यवसाय भएकोले अङ्ग्रेजी शिक्षा बजारमा बिकेको मात्र हो । जसले अङ्ग्रेजी जानेको छ, त्यसको सामाजिक प्रतिष्ठा र हैसियत माथि हुने अवस्था छ । तात्कालिक लाभ र औपनिवेशिक मानसिकताका कारण हामीले अङ्ग्रेजीमा बढी जोड गरिरहेका छौं । म अङ्ग्रेजी पढ्नै पर्दैन पनि भनिरहेको छैन । अङ्ग्रेजी आजको अन्तर्राष्ट्रिय सम्पर्क भाषा मात्र रहेन, यो भाषा नजानिकन बौद्धिकस्तरमा कामै नचल्ने भयो । यो सिक्नै पर्छ तर ५ वर्षको बाल्यकालमा हैन, अलि ठूलो भएपछि ।


**स्कूल तहको पढाइ सकिँदा एक विद्यार्थीले कति भाषा सिक्न सक्छ ?**

ढङ्ग पुऱ्याएर सिकाउने हो भने स्कूल शिक्षा पार गर्दा हाम्रा विद्यार्थीले मातृभाषा, सम्पर्क भाषा र कुनै विश्व भाषामा राम्रो दखल हासिल गर्न सक्छन् । अहिले कक्षा १ देखि अङ्ग्रेजी भाषा सिक्न शुरु गरेर १० कक्षामा पुगिसक्दा पनि अङ्ग्रेजी भाषामा राम्रोसँग लेख्न र बोल्न नसक्नुको कारण भाषा सिक्ने र सिकाउने दुवै तरिका नै ठीक नहुनु हो । हाम्रा स्कूलमा विद्यार्थीलाई अङ्ग्रेजी भाषा सिकाउनेभन्दा बढी घोकाइन्छ । भाषा घोकेर जानिने कुरा होइन । यो त अभ्यासबाट सिकिने कुरा हो । जुन भाषा सिक्ने हो, त्यही भाषामा बोलाइ, लेखाइ, सुनाइ र पढाइ हुनुपर्छ । तर हाम्रा धेरैजसो शिक्षकले अङ्ग्रेजी पनि नेपालीमै पढाउँछन् । कक्षाकोठाको सिकाइ वातावरणले पनि सिकाइमा फरक पार्छ । गाउँघरका धेरैजसो विद्यालयहरूमा न्यूनतम सिकाइको वातावरण समेत छैन । समग्रमा भन्नुपर्दा, शिक्षणकला सही नहुनु र शैक्षिक सामग्रीको अभावका कारण विद्यार्थीले अङ्ग्रेजी सिक्न नसकेका हुन् ।

**प्रसङ्ग बदलौं, मातृभाषामा शिक्षा दिन सरकार राजी भएको छ र १५ वटा भाषामा पाठ्यक्रम पनि बनिसकेको छ । तर भाषा पढाउने शिक्षकको ठूलो अभाव छ । यो अवस्थामा देशभरका दशौं लाखको सङ्ख्यामा रहेका बालबालिकालाई उनीहरूकै मातृभाषामा शिक्षा कसरी दिन सकिन्छ ?**

म 'सबैको लागि शिक्षा'को अल्पसङ्ख्यक भाषासम्बन्धी समितिमा संयोजकको हैसियतमा कार्यरत छु । त्यहाँ पनि यो विषयमा छलफल भइरहन्छ । पहिलो कुरा, स्थानीय परिप्रेक्ष्य र सन्दर्भलाई केन्द्रमा राखेर पाठ्यपुस्तकहरू तयार हुनुपर्‍यो । अहिले नेपालीको पाठ्यपुस्तकलाई सम्बन्धित भाषामा अनुवाद गर्ने काम बढी भइरहेको छ । यसरी मातृभाषामा शिक्षा दिन सकिन्न । पाठ्यक्रम अनुसार स्थानीय भाषा र सन्दर्भमा आधारित रहेर पाठ्यपुस्तक लेखिनुपर्छ । त्यस्तै शिक्षकको पनि अभाव छ । कहाँ कुन मातृभाषी शिक्षक छन् र तिनीहरूलाई कहाँ कहाँ पठाउन आवश्यक छ, त्यहाँ पठाउनुपर्‍यो । त्यसपछि जति शिक्षक अपुग हुन्छन्, नयाँ शिक्षक भर्ना गर्नुपर्‍यो । तर सरकारले यसतर्फ खासै केही गरेको छैन । बिना तयारी जसरी अहिले मातृभाषामा शिक्षा दिने कार्यक्रम लागू भइरहेको छ, यसरी नै अगाडि बढ्ने हो भने केही समयपछि नै मातृभाषामा शिक्षा दिने कुराप्रति नै सम्बन्धित समुदायमा वितृष्णा आउने खतरा देखिन्छ । यसो भनेर मातृभाषामा शिक्षा दिने सवालमा मैले समुदायको चाहिँ केही पनि भूमिका छैन भन्न खोजिरहेको छैन । स्थानीय तहमा स्कूलको व्यवस्थापनलाई सहयोग गर्ने, स्कूलमा कसरी पढाइ भइरहेको छ भनेर अनुगमन गर्ने र सरकारलाई निरन्तर खबरदारी गर्ने काम उनीहरूको हो ।

> "घरमा मातृभाषामा बोल्ने स्कूलमा चाहिँ नेपाली र अङ्ग्रेजीमा पढाइने अहिलेको परिपाटीले बच्चालाई हानि मात्र गरेको छैन, उसमाथि अघोरै अन्याय पनि भएको छ । तीन-चार वर्षको कलिलो र अबोध बच्चामाथि हामी अभिभावक र सरकार दुवै मिलेर जघन्य अपराध गरिरहेका छौं ।"



यस दिशामा, केही राम्रा कुरा पनि शुरु भएका छन् । शिक्षा विभागको समावेशी शिक्षा शाखाले फिनल्याण्ड सरकारको आर्थिक सहयोगमा ८ वटा भाषा (तामाङ, आठपहरिया, सन्थाल, उराँव, मैथिली, राना थारू र मगर) मा बहुभाषिक शिक्षा परियोजनाको 'पाइलट स्टडी' आरम्भ गरेको छ । त्यस्तै, पाठ्यक्रम विकास केन्द्रले विभिन्न मातृभाषामा पाठ्यसामग्री निर्माण थालेको छ । बहुभाषिक शिक्षाको क्षेत्रमा युनेस्को जस्ता संस्थाहरू पनि सहयोग जुटाइरहेका छन् । युनेस्कोको प्रयासमा बहुभाषिक शिक्षासम्बन्धी सामग्री नेपालीमा रूपान्तर भएर प्रकाशोन्मुख छ । यी गतिविधिहरूले राज्यको संघीय पुनर्संरचनापश्चात अरू सक्रियता र व्यापकता पाउँछन् भन्ने कुरामा हामी आशावादी छौं ।

प्रस्तुति: **सुदर्शन घिमिरे**

किरण पाण्डे




# शिक्षा र चरित्र-निर्माण

शिक्षाका धेरै उद्देश्यहरू हुन्छन्। ती सबैलाई एउटा शब्दमा भन्न नसकिए पनि 'चरित्र-निर्माण' ले तीमध्ये धेरैलाई समेट्छ। 'आदर्श चरित्र' भन्नाले योग्यता, विवेक, नैतिकता जस्ता गुणहरूको सन्तुलित संयोजन बुझिन्छ। चरित्रवान व्यक्तिले मात्र समाजलाई अघि बढाउन सक्छ। चरित्र-निर्माण एउटा अनवरत प्रक्रिया हो। यो घरमा शुरु हुन्छ र यसको एउटा ठूलो भाग स्कूलमा पूरा हुन्छ। तर, चरित्र-निर्माणको प्रक्रिया त्यसपछि पनि जारी नै रहन्छ। बालबालिकाको चरित्र-निर्माण प्रक्रियासित सम्बन्धित सबैले बुझ्नुपर्ने कुरा हो- आदर्श चरित्र मूलतः चार वटा कुरामा आधारित हुन्छ। क्षमता, साहस, संवेदनशीलता र बुद्धिमत्ता आदर्श चरित्रको घरका चार सुर हुन्। 'आदर्श चरित्र' भनेको के के हो वा के के होइन भन्ने सूचीमा अरू कुरा पनि थप्न सकिन्छ तर यी चार वटाको अभावमा अरू कुरा उति सार्थक हुन सक्दैनन्।

यहाँ 'क्षमता' भनेर बौद्धिक वा मानसिक क्षमता नभई शारीरिक क्षमताको र तन्दुरुस्तीको कुरा गरिएको हो। तन्दुरुस्ती शारीरिक ऊर्जाको स्रोत हो। यसले मानिसलाई आत्मविश्वासी र आँटिलो बनाउँछ र ईर्ष्यालु हुन दिँदैन। तर सबै अङ्ग सग्ला भएका व्यक्ति मात्र तन्दुरुस्त हुन्छन् भन्ने होइन। अपाङ्ग व्यक्तिहरू पनि ऊर्जाशील र कतिपय अवस्थामा अतिरिक्त क्षमता सम्पन्न हुन सक्छन्।

शिक्षालाई पाठ र सिद्धान्तमा मात्र सीमित नगराएर स्वास्थ्य शिक्षा, व्यायाम, खेलकुद आदिसित समाहित गराइएको बालबालिकाको शारीरिक क्षमता र तन्दुरुस्ती बढाउनकै लागि हो। स्वास्थ्य, शिक्षा, शारीरिक व्यायाम र खेलकुदले बालबालिकालाई ऊर्जाशील, आँटिला, समूहमा काम गर्न सक्ने र आफूभन्दा बढी क्षमता भएकालाई मान्न सक्ने बनाउँछ। विद्यार्थीहरूको क्षमता र सीमा चिनेर उनीहरूलाई उपयुक्त शारीरिक गतिविधि वा खेलकुदमा सामेल गराउन सकेमा चरित्रवान् नागरिक तयार पार्ने अभियानको एउटा चरणको राम्रो थालनी हुनसक्छ।

तन्दुरुस्तीपछि हुनुपर्ने अर्को महत्त्वपूर्ण गुण साहस हो। साहसका अनेक रुप हुन्छन्। निडर हुनु यसको एउटा पक्ष हो भने डरलाई नियन्त्रण गर्न सक्नु अर्को पक्ष हो। तर साहसको अर्थ नडराउनु मात्र पनि होइन। साहसी व्यक्ति डराउँदैन मात्र होइन, उसले डरलाई आफ्नो हतियार पनि बनाउँदैन। उसले अरूमा कृत्रिम त्रास उत्पन्न गराएर र डर फैलाएर आफ्नो स्वार्थ पूर्ति गर्ने कार्य पनि गर्दैन।

मानिसहरूलाई राष्ट्रियता, धर्म, ईश्वर, प्राकृतिक प्रकोप, मृत्यु, भूतप्रेत आदिका बारेमा डर देखाउने भयको उद्योग संसारमा लामो समयदेखि स्थापित छ। पुरुषले महिलामा निरन्तरको खतरा देखाएर आफूलाई उनीहरूको संरक्षक सिद्ध गर्ने प्रयास गर्नु यसको एउटा प्रत्यक्ष उदाहरण

हो। यही काम सरदार, सेनापतिदेखि सम्राटहरूले गरिआएका छन्। साहसी व्यक्तिले भयको प्रकृति बुझ्छ। भय असान्दर्भिक छ भने ऊ डराउँदैन। भय सान्दर्भिक छ भने ऊ त्यसलाई नियन्त्रण गर्छ र सुरक्षाका उपाय खोज्छ। शिक्षा र सामाजिकीकरणको प्रक्रियामा डरलाई एउटा महत्त्वपूर्ण औजारका रूपमा प्रयोग गरिएको पाइन्छ। फलानु जात निडर र फलानु जात कायर भन्ने कुरा स्थापित गरिएको हामी सबै समाजमा पाउँछौं। माथिल्लो वर्गका मानिसलाई 'डर देखाउन नहुने', 'आईमाईले जस्तो आँसु झार्नु नहुने', 'पिठ्यूँ फर्काएर भाग्न नहुने' शिक्षा दिइन्थ्यो भने तल्लो वर्गका व्यक्तिलाई डराउन र डराएर माथिल्लो वर्गका शरणमा जान सिकाइन्थ्यो। निर्भयता र संयमको परीक्षा लिने तरिका अत्यन्त क्रूर समेत हुन्थ्यो। 'ब्राह्मण' हुँ भनेर परशुरामकहाँ शिक्षा लिन आएका कर्णको शौर्य देखेर 'बाहुन यति साहसी हुन सक्दैन' भनेर परशुराम स्वयंले परीक्षा लिएको र कर्णले त्यसलाई साहसपूर्वक पार गरेपछि 'तँ बाहुन होइनस्, मलाई ढाँटिस्' भनेर श्राप दिएको महाभारतको कथा साहसको राजनीतिको एउटा घतलाग्दो उदाहरण हो।

तर आधुनिक शिक्षाले कसैलाई 'साहसी हुनैपर्छ' र कसैलाई 'साहसी नभए पनि हुन्छ' भन्दैन। त्यसैले यसले सबै विद्यार्थीलाई 'डर' बाट माथि उठ्न र स्थितिको मूल्याङ्कन गर्न सिकाउनुपर्छ। महान् प्राप्तिका लागि अत्यन्त ठूला जोखिम समेत लिन प्रेरित गर्ने औपचारिक अनौपचारिक शिक्षाकै कारण संसार अहिलेको अवस्थामा पुगेको हो। साहस नहुँदो हो त पर्वतहरू नाघिने थिएनन्, समुद्रहरू तरिने थिएनन्, मान्छे आकाशमा उड्ने थिएन, चन्द्रमामा पुग्ने थिएन, संसारमा क्रान्तिहरू हुने थिएनन्, शहीदहरू हुने थिएनन्। संसारलाई बाँच्न लायक ठाउँ बनाएको नै साहसी मानिसहरूले हो।

चरित्रवान् व्यक्तिको तेस्रो गुण हो संवेदनशीलता। संवेदनशीलताले चासो जन्माउँछ र चासो कर्मका रूपमा मूर्त हुन्छ। कला, साहित्य, सङ्गीत, सिर्जना, माधुर्य, प्रेम, सद्भाव सबै संवेदनशील मनका उपज हुन्।

संवेदनशीलता सबै प्राणीमा हुन्छ तर त्यो बढी परिमार्जित तब हुन्छ, जब त्यो 'आफू र आफ्नो' को साँघुरो सीमाबाट मुक्त हुन्छ। आफ्ना सन्तान, आफ्नो घर, आफ्नो आर्जन, आफ्नो सामानप्रतिको संवेदनशीलता स्वाभाविक हो र सबैमा हुन्छ। तर मानिसको मन जति अग्लो र फराकिलो हुँदै जान्छ, उसको संवेदना 'म' र 'मेरो' बाट मुक्त हुँदै जान्छ। मलाई जस्तै उसलाई पनि दुख्छ, मलाई जस्तै उसलाई पनि भोक लाग्छ, मलाई जसरी नै उसलाई पनि जित्न मन लाग्छ भन्ने किसिमका त्यस्ता भावनाले मानिस मानिस बीचका द्वेष र द्वन्द्वलाई कम गराउन सक्छन्। मानिसले युद्धमा आफ्ना आफन्त मारिनु र अर्काका आफन्त मारिनु एउटै हो भन्ने सोचे शायद युद्ध हुँदैन। मेरो पक्षले जित्दा म जस्तै अर्को मान्छेको पक्षले हारेको हुन्छ भन्ने कुरा सोचे सम्भवत: देश-देश र पक्ष-पक्षहरू बीचका बीचमा हतियार उठ्दैन।

असल शिक्षाले उदात्तता सिकाउँछ। उदात्तताले संवेदनशीलतालाई अहङ्कारबाट छुटाएर उदारतासित मिलाउँछ। उदारतासित मिलेको संवेदनशीलताले मान्छेलाई वास्तविक मान्छे बनाउँछ, जसको मन आफ्ना लागि मात्र होइन, अरूका लागि पनि कोमल हुन्छ।

आदर्श चरित्रको अर्को गुण हो- बुद्धिमत्ता। बुद्धिमत्ता सूचनाहरूको थुप्रो होइन बरु सूचनाको प्रयोग गरेर उचित अर्थ वा ज्ञान ग्रहण गर्ने खुबी हो। वास्तवमा बुद्धिमत्ता भनेको सूचनाको भण्डारण होइन, ज्ञानप्रतिको अभिरुचि र ज्ञान ग्रहण गर्ने क्षमता हो।

बुद्धिको जन्म उत्सुकताबाट हुन्छ। उत्सुकता जनावरहरूमा पनि हुन्छ र मानिसमा पनि। यसलाई पनि संवेदनशीलतालाई जस्तै, अपरिमार्जित र परिमार्जित भनेर छुट्याउन सकिन्छ। हजामको देखासिखी गरेर दाह्री बनाउँदा गाला काट्ने कथाको बाँदरको उत्सुकता र अर्काका व्यक्तिगत मामिलामा चासो लिने 'कन्सुत्ले' उत्सुकतादेखि विश्व ब्रह्माण्डका कुरा जान्ने र बुझ्ने चाहना सबै उत्सुकता हुन्। यीमध्ये कुन किसिमको उत्सुकता हामीले चाहेको हो भन्ने कुरा टुङ्गो लगाउन पनि गाह्रो छैन।

असल उत्सुकता भनेको वास्तवमा ज्ञानको तीव्र अभिलाषा नै हो। केही सिकौं भन्ने मनोभाव हो। यसलाई सामान्यतया स्वच्छ स्थितिमा देख्न सकिन्छ। एउटा बिरालोलाई नौलो कोठामा राख्दा कोठाको हरेक कुना चहार्छ, हरेक कुरा सुँघ्छ। त्यस्तै व्यवहार बच्चामा पनि देख्न सकिन्छ। प्राय: बन्द गरिने दराज वा घर्रा खोल्दा बच्चाले त्यहाँका सरसामान उत्सुकतापूर्वक हेर्ने गर्छ। जनावर, विभिन्न किसिमका मेशिनरी सामान, आकाशमा हुने मेघगर्जन लगायतका विभिन्न कुराले बच्चाको ध्यान आकर्षित गरिरहेको हुन्छ। बच्चाको अभिरुचिपूर्ण उत्सुकता देखेर कहिलेकाहीं ठूलाबडा समेत लज्जित हुन्छन्। तर यस्तो तीव्र उत्सुकता बाल्यकालमा जति बढी हुन्छ, उमेर बढ्दै गएपछि क्रमश: घट्दै जान्छ र कुनै बेला त मानिसमा केही नयाँ कुरा सिक्ने अभिलाषा नै रहँदैन। उत्सुकता समाप्त हुनु भनेको त्यो कुरा सिक्ने प्रक्रिया समाप्त हुनु हो।

यदि उत्सुकतालाई व्यावहारिक रूपमै फलदायी पार्ने चाहना राख्ने हो भने त्यसलाई ज्ञान प्राप्त गर्ने माध्यम बनाउन सक्नुपर्छ। निरीक्षण गर्ने बानी हुनुपर्छ। ज्ञान आर्जन गर्ने संभावना राखिरहनुपर्छ र यसका लागि धैर्य चाहिन्छ।

परिमार्जित उत्सुकताबाट जन्मेको बुद्धिमत्ता 'आदर्श चरित्र' को चौथो आधार-स्तम्भ हो। तर, यसको पनि प्रारम्भ बालककालमै हुने हो। जेम्सवाटलाई कित्लीको पानीको बाफले वा न्यूटनलाई स्याउले दिएको उत्सुकता बालमनका उत्सुकताका अमर उदाहरण हुन्।

शिक्षा गन्तव्य होइन, यात्रा हो। 'आदर्श चरित्रको' निर्माण चाहने वित्तिकै हुने कुरा होइन। तर, शिक्षकहरूले यस प्रक्रियालाई बुझेपछि एउटा नयाँ थालनी भने अवश्य हुन्छ। असल शिक्षा नै नयाँ संसारको साँचो हो। 📖

"शिक्षा गन्तव्य होइन, यात्रा हो। 'आदर्श चरित्रको' निर्माण चाहने वित्तिकै हुने कुरा होइन। तर, शिक्षकहरूले यस प्रक्रियालाई बुझेपछि एउटा नयाँ थालनी भने अवश्य हुन्छ। असल शिक्षा नै नयाँ संसारको साँचो हो।"

*यो लेख उमा भण्डारीले गर्नुभएको बर्ट्रेन्ड रसेलको निबन्ध 'द एम्स अफ एजुकेशन' को भावानुवादमा आधारित छ।*

केदार शर्मा

# कविताको स्वाद



कविता अक्षरमा उतारिएको मनको भाषा हो। कविताका माध्यमबाट मनका कुरा भनिन्छ। अरूको मन छुन सक्नु कविताको सबभन्दा ठूलो विशेषता हो।

सीधै भन्न नसकिने वा सीधै भन्दा रमाइलो नहुने कुरा व्यक्त गर्नका लागि कविता लेखिन्छ। कविको संवेदनशीलताले सत्यमा कल्पनाको जलप लगाइदिन्छ, गह्रुँगो यथार्थमा भावको पखेटा जडिदिन्छ र शब्दहरूलाई अलङ्कार (गहना) हरूले सजाएर भन्न सजिलो र सुन्न मीठो बनाइदिन्छ। उखान-आहानमा वा सामान्य कथनमा "जस्तो आफू उस्तै च्यापु", "जस्तालाई तस्तै ढिँडालाई निस्तै", "चोरले सबैलाई चोरै देख्छ" वा "आफू भलो त जगत भलो" भन्ने हामीले सधैँ सुनेका र बुझेका कुरा कविका कलमबाट यसरी निस्कन्छ:

*फूलको आँखामा फूलै संसार*
*काँडाको आँखामा काँडै संसार*

बालबालिकाको मन कोमल हुन्छ। उनीहरू कविता मन पराउँछन्। किशोरावस्थाका प्रारम्भिक बेलादेखि नै उनीहरूमा केही गर्ने, ठूलो मान्छे हुने प्राकृतिक चाहना मुखर हुन थालेको हुन्छ। त्यसले उनीहरू कविता लेखेर आफ्नो पहिचान बनाउन पनि एकदमै उत्सुक हुन्छन्। यस्तो बेलामा शिक्षकले अलिकति हौसला र साथ दिएमा उनीहरूले राम्रा कविता लेख्न सक्छन्।

## कसरी दिने त हौसला ?

कविता लेख्न सिकाउने तरिकाको सबभन्दा पहिलो र महत्त्वपूर्ण चरण हो विद्यार्थीहरूका लागि कविता पढिदिने र उनीहरूमा कविताप्रति प्रेम र विश्वास जगाइदिने। त्यसैगरी कविहरूको जीवनी, व्यक्तित्व तथा उनीहरूका कृतिको चर्चा गरेर उनीहरूप्रति सम्मान जगाइदिनाले पनि विद्यार्थीहरूको सिर्जनाको भोक जाग्छ। कविता मन पराउने र कविहरूलाई सम्मान गर्ने प्राय: सबैले कविता लेख्ने कोशिश गर्छन्। विद्यार्थीहरूले लेखेका प्रत्येक कविता पढ्ने, अरूलाई सुनाउन प्रेरित गर्ने र सुझावहरू दिने गरेमा उनीहरूको आत्मविश्वास बढेर जान्छ। कविता लेख्ने केही सरल विधिहरू यस लेखको पछिल्लो भागमा दिइएका छन्।

- किताब किन्नुहोस् र किन्न हौसला दिनुहोस्
- भाव-भङ्गिमाका साथ, लय हालेर कविता पढ्नुहोस् र त्यसरी नै पढ्न हौसला दिनुहोस्

## पहिले कविता पढ्न र मन पराउन सिकाऊँ

विद्यार्थीले कवितामा कति चाख लिन्छन् भन्ने कुरा शिक्षकले कस्ता कविता पढिदिन्छन् र कसरी पढिदिन्छन् भन्ने कुरामा धेरै भर पर्छ। केही वर्ष यता नेपालमा बाल-साहित्यका राम्रा-राम्रा किताब निस्केका छन्। धेरै कविहरूले बाल-कविता लेखेका छन्। तपाइँको सजिलोका लागि हामीले यहाँ केही स्थापित कविहरूका बाल-कविता साभार गरेका छौँ। यीमध्ये केही मौलिक कविता छन्, केही समाजमा चलिआएका कथनहरू सङ्कलन गरिएका पनि छन्।

तपाइँ आफ्ना विद्यार्थीहरूका लागि विभिन्न बाल-कविताका किताबबाट कविताहरू पढिदिन सक्नुहुन्छ।

कविता पढिसकेपछि विद्यार्थीहरूलाई यो कवितामा के कुरा मन पर्‍यो वा के नौलो कुरा पायौ भन्ने जस्ता प्रश्न गर्न सकिन्छ। यस्तो प्रश्नोत्तरबाट यी कुराहरूमा छलफल शुरु हुन सक्छ:

- कविताको लय कस्तो लाग्यो ? गद्य कविता भए पढ्न कत्तिको सजिलो छ ?
- शीर्षक कस्तो लाग्यो ? अर्को शीर्षक के हुन सक्थ्यो ?
- कविले छानेका शब्दहरू (शब्द चयन) कस्ता छन् ? बुझिन्छन् ?
- कविको भावना राम्ररी अभिव्यक्त भएको छ ?
- भन्न खोजेका कुरा वा सन्देश के के हुन् ?
- नबुझिने कुरा केही छन् कि ?
- यो कवितामा तिमीलाई मन नपरेका वा चित्त नबुझेका कुरा केही छन् ?

यस्तो प्रश्नोत्तरबाट विद्यार्थीको सहभागिता बढ्छ। उनीहरूले शिक्षकले आफ्ना विचारलाई महत्त्व दिएको अनुभव गरे भने आत्मविश्वासी हुन्छन्।

यी कविताबाट विद्यार्थीहरूलाई निम्न कुरा सिकाउन सकिन्छ:

१ प्रत्येक कविताको एउटा शीर्षक हुन्छ। कविताको शीर्षक मान्छेको नाम जस्तै नभई नहुने कुरा हो। तर कविताको शीर्षक र मान्छेको नाममा एउटा फरक हुन्छ। मान्छेको नामबाट उसको व्यक्तित्व वा गुण नझल्किन सक्छ। दुब्लो मान्छेको नाम बलबहादुर हुनसक्छ। बदमासको नाम ज्ञानप्रसाद पनि हुनसक्छ। तर प्राय: कविताको शीर्षक त्यसको विषयवस्तुसित मिल्दो जुल्दो नै हुन्छ, जसले गर्दा पाठकलाई कवितामा के छ भन्ने कुराको सामान्य जानकारी हुनसक्छ।

२ राम्रो कविता सजिलै लेखे जस्तो लाग्छ। यहाँ दिइएका सबै कविता यस्तै छन्।

*दुई एकम् दुई*<br>
*दुई दुना चार*<br>
*केटाकेटी रमाउने*<br>
*भन कुन बार*<br>
*- शनिबार*

३ कविताले कविका मनका कुरा वा कविले अनुभव गरेका कुरा भन्छ।

*नटिप्नु हेर कोपिला !*<br>
*नचुँड्नु पाप लाग्दछ।*<br>
*नच्यात्नु फूल नानी हो !*<br>
*दया र धर्म भाग्दछ॥*

४ कविता जुनसुकै विषयमा पनि लेख्न सकिन्छ। कविता एकदम गम्भीर विषयदेखि एकदमै हल्काफुल्का विषयमा पनि हुनसक्छ। यहाँ दिइएका सियो, चुरोट (खानुहुन्न), अल्छी लाग्नु, झुसिल्कीरा, फूल, कखरा जस्ता विषयमा लेखिएका कविता यसका उदाहरण हुन्।

५ कवितामा शब्दको जथाभावी प्रयोग गरिएको हुँदैन। शब्दको किफायती कविताको एउटा

## पाप लाग्छ

नटिप्नु हेर कोपिला !<br>
नचुँड्नु पाप लाग्दछ।

नच्यात्नु फूल नानी हो !<br>
दया र धर्म भाग्दछ॥

नछोप्नु है चरी बरी<br>
सराप आँसु लाग्दछ।

नमार्नु जन्तु है कुनै<br>
बसेर काल जाग्दछ॥

न घाउ चोट लाउनू<br>
सडेर चित्त पाक्दछ।

धूलो नफेक्नु नानी हो !<br>
उडेर भित्र ढाक्दछ॥<br>
हिलो नखेल्नु फोहरी<br>
खराब दाग लाग्दछ।

न चित्त है दुखाउनु<br>
डसेर आँसु बग्दछ॥

बनेर फूल झैं सधैं<br>
हँसाउनू सुवास दी।

सधैं रमाउनू जगत<br>
रमेर नित्य आश दी॥

जतातते छ ईश रे<br>
छ सुन्नु त्यो विचार रे।

छकाउने लुकाउने<br>
नराख भाव क्यै गरे !<br>
*(पाना २-३)*

*पुस्तक: सुनको बिहान*<br>
*लेखक: महाकवि लक्ष्मीप्रसाद देवकोटा*<br>
*आवरण कला: टेकबीर मुखिया, चित्रकला: केशव दुवाडी,*<br>
*प्रकाशक: साझा प्रकाशन*<br>
*संस्करण: चौथो: २०२६, पाँचौं: २०५८, छैटौं: २०६४*







ठूलो विशेषता हो । गद्यमा भनेको भए एउटा सिङ्गै अनुच्छेदमा मात्र भन्न सकिने कुरा कवितामा थोरै शब्दमा नै भनिएको हुन्छ । तल दिइएको वा यहाँ दिइएका अरू कविता पनि शब्दको किफायतीका उदाहरण हुन् ।



*शत्रु भनी चिनेपछि*
*दरो अठोट गरेपछि*
*जित्न किन सकिन्न र*
*सक्तो कोसिस गरेपछि ?*

६ कविता जत्रो पनि, जस्तो पनि हुनसक्छ । छन्दमा वा बिना छन्द, गीतको रूपमा गाइने वा नगाइने, लामो वा छोटो कविता जस्तो र जत्रो पनि हुनसक्छ । कविताको सबभन्दा छोटो रूप १७ अक्षरको जापानी कविता हाइकू हो भने कवितामा सिङ्गै महाकाव्य पनि लेखिन्छ ।

७ कवितामा कल्पनाशीलता हुन्छ । सबैजसो कवितामा कविको कल्पनाको जलप लागेको हुन्छ । "फुसिल्कीरा प्यूपाका रूपमा केही समय बस्छ र पुतली बन्छ" भन्ने जीव-विज्ञानको सामान्य कुरालाई फुसिल्कीरासितको प्रश्नोत्तरका रूपमा प्रस्तुत गर्नु कल्पनाशीलताको एकदमै सुन्दर नमुना हो ।

*कहाँ जाने फुसिल्कीरा ?*
*ध्यान गर्न !*
*किन जाने फुसिल्कीरा ?*
*जुनी फेर्न !*

त्यसैगरी, *घामपानी* मा आकाशबाट खसेको पानीको थोपाले पुतलीसित कुरा गरेको वा अर्को कवितामा "हराएको सियो लुकी गर्छ चियो" जस्ता वर्णन कल्पनाशीलताका राम्रा उदाहरण हुन् ।

८ धेरै कवितामा बोटबिरुवा, फूल, चरा, नदी, जनावर पनि मान्छे जसरी नै बोल्छन्, मान्छेकै जस्तो व्यवहार गर्छन् । 'मानवीकरण' को एउटा उदाहरणका रूपमा "हराएको सियो, लुकी गर्छ चियो" हो । यसका अरू उदाहरण यहाँ दिइएका अन्य कवितामा पनि देख्न सकिन्छ ।

*गोठे लौरी गोठै जा*
*भेडा हेर्न लेकै जा ।*
*थुम्बा लगो चोरले*
*हिर्काइदेन लौराले ।*

९ हामीले त्यसै गुन्गुनाउने गरेका कतिपय कुरा पनि स-साना बाल कविता नै हुन् । यस्ता कविताका लेखक कोही हुँदैनन् ।



## जित्न किन सकिन्न र ?


धूवाँ हाम्रो शत्रु हो
चुरोट किन खाएको ?
थाहा पाइ-पाइकन
मूर्ख किन भएको ?

ह्वास्स सास गन्हाउने
खोकी लाग्ने, छाती दुख्ने
दमले भेट्ने, आयु घट्ने
अपच हुने, अल्सर हुने

फोक्सो बिग्री क्यान्सर हुने
यस्तो कुरा नखाऊ भन्ने
साथीलाई उकुस-मुकुस
हुने गरी चुरोट खाने ?

शत्रु भनी चिनेपछि
दरो अठोट गरेपछि
जित्न किन सकिन्न र
सक्तो कोसिस गरेपछि ?
*(पाना २३)*

*पुस्तक: हामी हुन्छौं बलियो (बालगीत)*
*लेखक: श्यामप्रसाद, चित्र: कुलमान सिंह*
*प्रकाशक: साझा प्रकाशन*
*पहिलो-२०५२, दोस्रो-२०६१ (५१०० प्रति)*



*कुखुरी काँ, बासी भात खाँ।*
*खोइ मेरो बासी भात*
*बिरालाले खायो।*
*खोइ बिरालो*
*मुसो मार्न गयो।*

वा

*गोठे लौरी गोठै जा*
*नून लिन भोटै जा*
*कुलो लगो पैरोले*
*थुन्न जा लौराले।*

१० छन्द हुन पनि नहुन पनि सक्छ तर कवितामा कुनै न कुनै किसिमको लय भने हुन्छ। लय वा कुनै भाकामा पढ्न वा गाउन सकिने कविताहरू सम्झन पनि सजिलो हुन्छ। त्यसैगरी अनुप्रासले कवितालाई अरू मीठो बनाउँछ। तलका पङ्क्तिहरूमा अन्त्यमा रहेका समाऊ र लगाऊ वा पानी र रानी वा पर् पर् र सर् सर् वा खाएको र भएको वा ल्याउ र आउ जस्ता उस्तै उच्चारण हुने शब्द र अक्षरहरूले कविता सिँगार्ने कलालाई अनुप्रास वा अन्त्यानुप्रास भनिन्छ। लय र अनुप्रासका कारण कविता एक्लै पढ्न पनि र समूहमा पाठ गर्न पनि रमाइलो हुन्छ।

*कपुरी यो कले भन्छ कलम समाऊ*
*भित्रपल्टे खले भन्छ खकन लगाऊ*

वा

*घाम-पानी, घाम-पानी*
*आकाशकी रानी*

वा

*पानी पर्, पानी पर्, पानी पर् पर्*
*बादल सर्, बादल सर्, बादल सर् सर्*

## घाम-पानी

घाम-पानी, घाम-पानी
आकाशकी रानी

थोप्लाबाट खस्छिन्
भुइँभित्र बस्छिन्

पालुवाको फूलमा
मुस्कुराउँछिन् फूलमा

पुतलीका साथ
गर्छिन् मीठा बात
(पाना १)

पानी पर् पानी पर्
पानी पर्, पानी पर्,
पानी पर् पर्

बादल सर्, बादल सर्,
बादल सर् सर्

धारा झर्, धारा झर् धारा झर् झर्
धूलो मर्, धूलो मर्, धूलो मर् मर्

त्वार्र तुर्र बलेँसी त्वार् त्वार् त्वार्
हार्र हुर्र बाछिटा ह्वार् ह्वार् ह्वार्

रिम झिम धारा रिम् झिम् रिम्
पारि-पाखा इन्द्रिनी वारि तानिलिम्
*(पाना ५)*

*पुस्तक घाम-पानी, लेखक: माधव घिमिरे*
*चित्र: दुर्गा बराल/एकाराम, प्रकाशक: बालसाहित्य प्रवर्द्धन केन्द्र, हिमाल एसोसिएसन*





## ज्ञान दिने ज्ञ

कपुरी यो **क**ले भन्छ कलम समाऊ
भित्रपल्टे **ख**ले भन्छ खकन लगाऊ
गाईगोडे **ग**ले भन्छ गमला सजाऊ
घरजस्तो **घ**रले भन्छ घरबार बसाऊ
नाकेथोप्ली **ङ**ले भन्छ नाकेस्वर सुनाऊ

चरीचुच्चे **च**ले भन्छ लौ चर्खा चलाऊ
छाताओढ **छ**ले भन्छ छहारी बढाऊ
डाडुजस्तो **ज**ले भन्छ जहाज चलाऊ
झर्ना झऱ्यो **झ**ले भन्छ झन्डा फहराऊ
गोरुसिङे **ञ**ले भन्छ गोरुगोठ जाऊ
*(पाना ७ र ८)*

*पुस्तकः कति राम्रो क*
*(बालगीत सङ्ग्रह)*
*कृतिकारः छायादत्त न्यौपाने,*
*प्रकाशकः जम्को प्रकाशन प्रा.लि.*
*चित्रः उमेशचन्द्र अधिकारी,*
*संस्करणः पहिलो (२०६३)*

अनुप्रास धेरैजसो माथ्लो हरफ र तल्लो हरफमा नै मिलाइएको हुन्छ। तर कतिपय लयमा भने एक हरफ छाडेर मात्र मिलाइएको हुन्छ। लय मिलेको कवितामा जसरी राखिएको अनुप्रास पनि मीठो सुनिन्छ।

*धूवाँ हाम्रो शत्रु हो*
*चुरोट किन खाएको ?*
*थाहा पाइ-पाइकन*
*मूर्ख किन भएको ?*

वा

*कहाँ लाग्यो अल्छी ?*
*कहाँ लाग्यो झ्याउ ?*
*जहाँ लागे पनि*
*फालिदिन्छु आऊ*

कवितामा भाषाका अनेक कला प्रकट भएका हुन्छन्। विभिन्न कविका कविता पढ्दै जाँदा उनीहरूले प्रयोग गरेका थरी-थरीका भाषाका चमत्कार देखिन्छ। शिक्षकले आफ्ना विद्यार्थीहरूलाई यस्ता कुरा बताइदिने गरेमा उनीहरू आफैँ पनि चनाखा हुन्छन्।

प्रायः सबै कवितामा कविहरूले भाषाका कुनै न कुनै कला देखाएका हुन्छन्। यो एउटा नमुना हेरौँ जहाँ कविले भाषा र विषयवस्तुको सारै राम्रो तालमेल राखेका छन्। राम्ररी वाचन गर्ने हो भने कविता पढ्दा नै पानी परेको अनुभव हुन्छ।

*त्वार्र तुर्र बलेँसी त्वार् त्वार् त्वार्*
*हार्र हुर्र बाछिटा ह्वार् ह्वार् ह्वार्*

*रिम झिम धारा रिम् झिम् रिम्*
*पारि-पाखा इन्द्रिनी वारि तानिलिम*

**११** कवितामा सन्देश हुनै पर्छ भन्ने छैन। सन्देश नै नभएका कविता पनि रमाइला हुन्छन्। यहाँ दिइएका मध्ये बूँद रानाको *कहाँ लाग्यो* र माथि पनि कुरा आइसकेका *कुखुरी काँ* र *गोठे लौरी* त्यस किसिमका कविता हुन्।

तर कतिपय कविताहरू सन्देशले नै भरिएका पनि हुन सक्छन्। लक्ष्मीप्रसाद देवकोटाको पाप लाग्छ र श्यामप्रसादका *जित्न किन सकिन्न र ?* सन्देशमूलक कविता हुन्। कहिले भने कवितामा लुकाएर, अलिकति मात्र सन्देश दिइएको हुन्छ। माधव घिमिरेको *सियो खोइ सियो* का यी पङ्क्तिहरू हेरौँ, जसमा चलाइसकेपछि सरसामानको जतन गर्नुपर्छ भन्ने कुरा भनिएको छ।

*...पैले त्यसै फाल्यौ,*
*ऐले भन्न थाल्यौ...*

**१२** कविताका माध्यमबाट पढाउन पनि सकिन्छ। *जित्न किन सकिन्न र ?* शीर्षक कविता हामी हुन्छौँ बलियो भन्ने किताबबाट लिइएको हो, जसमा सङ्कलित सबै बालगीतहरू स्वास्थ्य र पोषण सम्बन्धी छन्। छायादत्त न्यौपानेको *ज्ञान दिने ज्ञ* ले कखरा चिनाउँछ र सम्झाउँछ। बूँद रानाको *दुई एकम् दुई* ले एकदमै रमाइलो गरी गुणन त पढाएको छ नै, गणित जस्तो विषयमा पनि रमाइलो कविता लेख्न सकिन्छ भन्ने पनि देखाएको छ। त्यसरी नै बूँद रानाकै अर्को कविता *कहाँ जाने* ले पुतलीको जीवन-चक्रलाई एकदमै कलात्मक ढङ्गले प्रस्तुत गरेको छ।

**१३** प्रायः अन्त्यमा एउटा चोटिलो र रमाइलो कुरा वा कल्पना हुन्छ।

*रिम झिम धारा रिम् झिम् रिम्*
*पारि-पाखा इन्द्रिनी वारि तानिलिम*



भनेर आकाशको इन्देणीलाई तान्ने कल्पना होस्

वा

*जित्न किन सकिन्न र*
*सक्तो कोसिस गरेपछि ?*

वा

*पर्खी बस्नू ए चङ्गा !*
*चन्द्रमामा पगेर,*
*हामी भेट्न आऔँला*
*रकेटमा चढेर ।*

वा

*बसे हुन्न फुसिल्कीरा डाँडावारि ?*
*नाइँ ! मलाई जानू छ फूलबारी ! !*

भन्ने जस्तो आफ्नो लक्ष्यको उद्घोष होस्, कविताको अन्त्यमा कुशलताका साथ बीट मारिएको हुन्छ ।

**१४** राम्रो कविता पढिसकेपछि त्यो कविता लेख्ने कविलाई चिन्न, कविका बारेमा जान्न मन लाग्छ । शिक्षकले विद्यार्थीहरूमा यो उत्सुकता जगाइदिन र कविहरूका बारेमा जानकारी दिन पनि आवश्यक हुन्छ ।

**१५** कविता नेपाली भाषा र साहित्यका कक्षामा मात्र पढाउने कुरा हो भन्ने नठानी गणित, विज्ञान, स्वास्थ्य शिक्षा, सामाजिक शिक्षा आदि पढाउँदा पनि सान्दर्भिक कविताको प्रयोग गरेमा पढाइ धेरै रूचिकर हुनसक्छ ।

शिक्षकले कविता पढिदिएर विद्यार्थीका मनमा कविताप्रतिको चाख जगाइदिएपछि उनीहरूलाई आफैं नै कविता लेख्न मन लाग्छ । उनीहरू लेख्न पनि थाल्छन् । यही बेलामा शिक्षकले अलिकति बाटो देखाइदिन सकेमा उनीहरूको सिर्जनशीलताले अरू मौलाउने मौका पाउन सक्छ ।

## अब कविता लेख्न सिकाऊँ

कविता प्रतिभाशाली मान्छेले मात्र लेख्न सक्छन् त्यसैले यो सिकाएर सिकिने कुरा होइन भन्ने कुरामा विश्वास गर्ने मान्छे धेरै छन् । तर आधुनिक शिक्षाको अनुभव बेग्लै छ । 'क्रिएटिभ राइटिङ' वा "सिर्जनात्मक लेखन" संसारभरि नै, सानै उमेरदेखि पढाइन्छ र त्यसको परिणाम पनि राम्रो पाइएको छ ।

कविता लेख्ने अभ्यासको पहिलो र सबभन्दा महत्त्वपूर्ण खुड्किलो कविता पढ्नु नै हो भनेर हामीले यसअघिका पानाहरूमा लामो चर्चा गर्‍यौं । त्यसैले अब त्यसभन्दा पछिका चरणहरूका बारेमा चर्चा गरौं ।



## मङ्लेको चङ्गा

हेर हावा लागेको
सररर कसरी,
चङ्गा हाम्रो उड्यो लौ
मैनाचरी जसरी

धागो छाड्दा फनन
तलतल फर्दछ,
धागो बेर्दा टकटक
आकाशमा चढ्दछ ।

कस्तो हावा लागेको
धागो पनि सक्कियो,
बादलमाथि पगेर
चङ्गा पनि बिलायो ।

पर्खी बस्नू ए चङ्गा !
चन्द्रमामा पगेर,
हामी भेट्न आऔँला
रकेटमा चढेर ।

*पुस्तक मङ्गलेको चङ्गा, लेखक: पुण्यशील गौतम*
*प्रकाशक: रातो बङ्गला किताब, पाटनढोका*

## झोला

कति राम्रो हेर साथी सानो-सानो झोला
त्यो झोला खोली हेर त्यसमा के के होला
खोली हेर्दा देख्छौ तिमीले ज्ञानको खानी
जतन गरी राख त्यसलाई जानी नजानी

कलिला औंला टोकी नबस बोक झोला
छिटो गरी हिंड स्कुल फेरि अबेर होला
छिटो गए सर मिसले माया गर्नुहुन्छ
त्यो गर्दा मेरो सानो हृदयलाई हुन्छ

*भरत पोखरेल, कक्षा ८*
*पूर्ण सञ्जीवनी मा.वि, धुलिखेल, काभ्रे*
*(सबै बालकविता 'कान्तिपुर' को कोपिलाबाट साभार गरिएका हुन्)*

**१** हौसला दिने। कविता लेख्ने भित्री प्रेरणा अरूले आफूलाई चिनून्, आफ्नो नाम चलोस्, तारिफ पाइयोस् भन्ने भावनाबाट आउँछ। त्यसैले विद्यार्थीलाई प्रत्यक्ष र नजानिँदो गरी पनि कविता लेख्न हौस्याउने। अरू नयाँ तथा पुराना कविको वा कविता लेख्न थाल्दै गरेका व्यक्तिहरूको चर्चाले उनीहरूभित्रको चर्चित हुने चाहना झन् जागृत हुन्छ।

**२** कविता लेख्नकै लागि केही पिरियड वा सम्भव भएमा स्कूल छुट्टी भएपछिको समय मिलाउने। माथि गरिए झैं कविताका विशेषताहरूका बारेमा चर्चा गर्ने।

**३** पहिलो दिनमा स्वतन्त्र लेखन गर्न दिने। उनीहरूलाई डेस्क बेन्चबाट मुक्त हुन दिने। चौरमा वा जहाँ मन लाग्छ त्यहाँ बसेर पाँच मिनेटसम्म, आफूले लेखेको कुरा सम्पादन नगरी, केरमेट नगरी, नसच्याइ जे मन लाग्छ त्यही लेख्न लगाउने। यसरी लेखेको कुरा कविता नभए पनि हुन्छ। यस्तो स्वतन्त्र लेखनले बालबालिकाको मन फुक्छ। आफ्नो लेखन नराम्रो होला कि भनेर डराउन नदिने।

**४** यसरी उनीहरूले स्वतन्त्रतापूर्वक लेखेको कुनै वाक्य वा विचारलाई कविताका रूपमा लम्ब्याउन, छोट्याउन वा मिलाउन लगाउने। यो काम उनीहरूले स्वतन्त्र लेखन गरेको लगत्तै, त्यो विचार उनीहरूको मन ताजै छँदा गर्न लगाउन जरूरी हुन्छ।

**५** शुरुमा "जे लेखे पनि हुन्छ" भन्ने। उनीहरूले डराएर वा धकाएर आफूलाई आफैँले नियन्त्रण गर्न (सेल्फ सेन्सरसीप) गर्न नथालून् भन्नेमा चनाखो रहने।

**६** लेखेका कुरा समूहमा सुनाउन लगाउने। तारिफ र सुझावहरूलाई स्वागत गर्ने। कोही पनि हतोत्साहित नहोऊन् भन्ने कुरामा विशेष ध्यान दिने।

**७** यसरी लेखिएका कविताहरूलाई अरू राम्रा पारेर र टल्काएर ल्याउने गृहकार्य दिने। यसरी तयार भएको दोस्रो खेस्रा पनि समूहमा वाचन गर्न लगाउने। पहिलोसित दाँजेर हेर्ने र पुनर्लेखन गर्दा हुने फाइदा उदाहरणसहित देखाउने।

**८** कसैले लेख्ने वा दोहोर्‍याउने काम गरेन भने गाली नगर्ने। उसको मन फुकेको नहुन सक्छ वा उसलाई लेख्न मन नै नलागेको हुनसक्छ। कविता लेखनलाई इच्छाधीन नै रहन दिने।

**९** कविताको मुसलधारे वर्षा भने नगराउने। यस किसिमको अभ्यास पछि दुई-चार दिनसम्म आफूले कविताको चर्चा नगर्ने र विद्यार्थीहरूले चर्चा गरून् भनेर बाटो हेर्ने। यसबाट उनीहरूले अरू विषय र क्रियाकलापका लागि पनि समय पाउँछन्। त्यसका साथसाथै त्यसअघिका अभ्यासहरूबाट कविताप्रति उनीहरूलाई कत्तिको चाख जाग्यो भन्ने पनि थाहा हुन्छ। उनीहरूले



## फूलबारी

चराचुरुङ्गी आउँछन् च्याई-च्याई कराई
सबै आउँछन् फूलबारीमा सधैं रमाई

पुतली पनि आउँछन् उडेर यहाँ
पूजापाठमा काम लाग्छ यो फूल जहाँ

किरण कोइराला, कक्षा ६
सन साइन इङ्गलिस स्कूल, सुनसरी
*(२०६१ माघ २८ को कोपिलाबाट)*

धेरै चाख राखेनन् भने आफूले अघिल्ला चरणहरूलाई अरू रोचक ढङ्गले दोहोऱ्याउने ।

**१०** स्कूल वा समुदायमा पुस्तकालय छ वा नजिकै किताब वा पत्रपत्रिका किन्न पाइने ठाउँ छ भने थप कविता पढ्न प्रेरणा दिने ।

**११** सकिन्छ भने आधा दिनको "कविता यात्रा" गर्ने । सबैलाई आफूलाई मन परेका कविता सुनाउन र यात्रामा देखेका वा अनुभव गरेका कुराका आधारमा कविता लेख्न लगाउने ।

**१२** शास्त्रीय छन्दमा लेखिएका कविता एकदमै राम्रा हुन्छन् । तर छन्दको साधना गर्न गाह्रो छ । शुरुमा छन्दमुक्त वा छोटा-छोटा लोकलयमा मात्र लेख्न सिकाउने । विविध छन्दका धेरै कविता पढेपछि मात्र छन्द खेलाउन सकिन्छ ।

**१३** विद्यार्थीहरूलाई लय, अनुप्रास जस्ता कुरा मिलाउन सघाउने, तर उनीहरूमा "सरले मिलाइदिएको" भन्ने भावको साटो "सरले मिलाउन सिकाउनु भएको" भन्ने भाव आओस् ।

**१४** कल्पनाशील हुन, तुलना गर्न, वर्णन गर्न र कलात्मक हुन प्रेरणा दिने । उनीहरूले इन्द्रेणीलाई गुलेली बनाउन्, बादलबाट धागो कातुन्, लठ्ठीले नदीलाई बाटो बनाइदिऊन्, बालुवालाई चामल बनाएर संसारबाट भोकमरी अन्त्य गर्छन् भने पनि गरून् । उनीहरूले गाईलाई आमा, कुकुरलाई साथी, चुनौतीलाई सगरमाथा, वेगलाई नदी, दुष्टलाई ब्वाँसो र शान्तिलाई परेवा मात्र होइन नयाँ र नौला उपमाहरू दिन सिकुन् ।

**१५** बालबालिका विद्रोह गर्छन् भने त्यो पनि गरून् । तलको कविता यस्तै एउटा नमुना हो ।

*एक दिनको होमवर्क नगर्दा*
*डेस्कमाथि उभ्याई ६ सयपटक उठबस गराउने ?*
*अहँ त्यस्तो शिक्षक चाहिन्न*
*भविष्यको कर्णधार ठान्छन् सबैले हामीलाई*
*त्यै पनि यतिविध्न यातना दिन्छन् किन हामीलाई*
*त्यसैले त्यस्तो शिक्षक चाहिन्न*

*- सुमन शाह, कक्षा ५*
*सन-साइन इङ्लिस स्कुल, खनार, सुनसरी*
*(२०६२ चैत ४ को कोपिलाबाट)*

**१६** बालबालिकालाई सामाजिक रूपमा सचेत र संवेदनशील हुन प्रेरित गर्ने । तलको कवितांशको तेस्रो पङ्क्तिमा प्रयोग भएको शब्द 'खाते' सडक बालबालिकालाई हेला गरेर भनिने शब्द हो । यस्ता, कसैलाई होच्याउने शब्दहरूको प्रयोग नगर्न सुझाव दिने ।



## भाँडाकुटी

प्राची, स्मृति, अस्मु र म
साथी-साथी मिल्छौं

स्कुलबाट आएर
भाँडाकुटी खेल्छौं

कहिले आमा बन्छौं
कहिले छोरी हुन्छौं

बाबु-आमा छोराछोरी
बनी हामी खेल्छौं

अस्मिता पराजुली, कक्षा ३
सन साइन स्कूल, भक्तपुर

*(२०६१ जेठ २२ को कोपिलाबाट)*

*पढिलेखी ठूलो बन्ने हाम्रो यो बेला*
*सानो छु भनेर नगर है हेला*
*हिँड्दिन म अरू जस्तो खाते हेर बनी*
*अहिलेदेखि सोचेको छु डाक्टर बन्छु भनी*

**१७** स्कूलमा भित्ते-पत्रिका शुरु गर्ने । भित्ते-पत्रिकाबाट तपाइँहरूको अभ्यासका बारे अरूले थाहा पाउँछन् । बालबालिका उत्साहित हुन्छन् । भित्ते-पत्रिकामा टाँस्नका लागि कविता र लेखहरू लेख्दा हस्ताक्षर पनि राम्रो हुनसक्छ ।

शिक्षकले यी सबै चरणहरूमा ध्यान दिएर विद्यार्थीलाई हौसला दिएमा उनीहरूले राम्रा-राम्रा कविता लेख्न सक्छन् र उनीहरूको सृजनशीलताको ढोका सधैंका लागि खुल्न सक्छ ।

## आत्म-समीक्षा

खगेन्द्र सङ्ग्रौला



# म अनादर्श शिक्षक

**शिक्षालयमा आमा-बाबुको भूमिका निर्वाह गर्ने स्थानमा रहने शिक्षक जब पक्षपाती हुन्छ, ऊ आफ्नो कर्तव्यमा नराम्ररी चुकेको ठहरिन्छ । हो, म चुकेको छु । अनि म केको आदर्श शिक्षक ?**



सानो छँदा मेरो जीवनका आदर्श नायक दुईथरी मानिस थिए; एउटा लाहुरे, अर्को मास्टर । लिम्बू जातिको लाहुरे 'छ महिने छुट्टी'मा मलाया छाउनीबाट घर आउँदा खुल्दुली र ईर्ष्या भरिएका गाउँभरिका आँखा उसमाथि पर्थे । शिरमाथि छत्रे-टोपी, पाउमा बुट र आङमा जर्सी लगाएको लाहुरे सनक्क कोरेको जुल्फी टल्काउँदै बडो शानसँग आउँथ्यो । उसले कुममा भिरेको 'रेडुई बाजा'ले उसको आकर्षण बढाइदिन्थ्यो र उसको व्यक्तित्वमा चमकदार आभा भरिदिन्थ्यो । उसको खल्तीबाट झिल्के रुमाल झुण्डिएको हुन्थ्यो, ऊ चौतारी र हाटबजारमा सोल्टिनीहरूलाई जिस्क्याउँदै चुरोट बाँड्थ्यो । कहिलेकाहीं त रक्सीले टिल् परेर हाटबजारछेउको चउरमा ऊ इन्तु न चिन्तु भएर लमतन्न पल्टिँदा पनि उसको रेडुई बाजा भने बजिरहेकै हुन्थ्यो । लाहुरेको धन, चिटिक्कपन, शान र सोख देख्दा मलाई पनि लाहुरे हुन रहर लागेर आउँथ्यो । तर चुच्चे नाकले मलाई लाहुरे हुन दिएन ।

त्यसपछि मेरो जीवनको आदर्श नायक मास्टर बन्यो । डाँडापारि बिरानो ठाउँबाट आएको सुकिलो र फुर्तिलो मास्टर नीलो आकासमुनिका ज्ञानगुनका सबै कुरा जान्ने मानिन्थ्यो । आधुनिक ज्ञान, प्रविधि र सुविधाको नाकमुख देख्न नपाएको मेरो गाउँमा मास्टर भरअभरको वैद्य, झै-झगडा छिनोफानो गरिदिने न्यायाधीश, अर्ती-बुद्धि चाहिँदा सरसल्लाह दिने नीति निर्देशक र अँध्यारोमा धिपधिपे उज्यालो छर्ने जूनकिरी सबैथोक थियो । ऊ लाहुरे झैं सबैको आकर्षणको केन्द्र त हुन्थ्यो नै, सँगसँगै ऊ सबैको अगाध सम्मानको पात्र पनि हुन्थ्यो । गाँठी त कुरो के भने पैसाको चल्तीफिर्ती साह्रै कम हुने गाउँमा मास्टरले महिनैपिच्छे ठूलो थैलो थाप्थ्यो । त्यस्ता ज्ञानवान्, चुम्बकीय आकर्षणका खानी, रकम-कलमका धनी र मान-सम्मानका अधिकारी मास्टरलाई देख्दा म लोभिँदै मनमनै गम खान्थें– पढीगुनी कामैकाम– धन, माम र चैनै-चैन ।

नभन्दै मेरो सपना साकार हुन बेर लागेन । गाउँको मिडिल स्कूलमा सात कक्षा पार गरें । घरबाट धाउन मिल्ने दूरीमा हाईस्कूल थिएन । त्यसैले पढाइ थाती राखेर एक वर्ष आफूले पढेकै स्कूलमा म मास्टर भएँ । खुट्टामा जुत्ता नभए पनि म फुच्चे मास्टरको हातमा छडी भने हुन्थ्यो । छडी हल्लाउँदै कक्षामा पस्दा विद्यार्थीहरू एकै तालमा जुरुक्क उठेर एकै लयमा मलाई 'गुड मर्निङ सर' भन्थे । र म हात घोप्टो पारेर बडो शानले 'बस' भन्थें । ऊ बेला मास्टर र विद्यार्थीको नाता मास्टरको धाक र विद्यार्थीको धकको जगमाथि उभिन्थ्यो । मास्टर

खुट्टा हल्लाउँदै माथि कुर्सीमा बस्थ्यो, विद्यार्थीहरू डल्लो परेर तल धुलेभुइँमा गुन्द्रीमा बस्थे। मास्टर पाठ्यपुस्तक पल्टाएर एकोहोरो भट्याउँथ्यो, विद्यार्थीहरू मौन मूर्ति भएर सुन्थे। भट्याइसकेपछि मास्टर 'बुझ्यौ ?' भनेर सोध्थ्यो, विद्यार्थीहरू समवेत स्वरमा 'बुझ्यौं सर' भनेर सधैँ एकनासको उत्तर फर्काउँथे। बुझेको के हो प्रायः विद्यार्थीलाई थाहा हुँदैनथ्यो, 'के बुझ्यौ ?' भनेर मास्टर कहिल्यै थप प्रश्न गर्दैनथ्यो। त्यो मास्टरको एकालाप र विद्यार्थीको निष्क्रिय श्रवणमा आधारित शिक्षा थियो- पुरानो गुरुकुल परम्पराको पोयोमा झुण्डिँदै मेरो गाउँमा आइपुगेको पुरानो शिक्षा !

हुन त सुखद् संयोगवश मैले कल्पनाशील र सिर्जनशील शिक्षणविधि अँगालेर पुस्तकको पाठ्यवस्तुलाई जीवनका जटिल समस्या र हाँकहरूसँग जीवन्त तरिकाले गाँस्न यत्न गर्ने केही शिक्षक नपाएको होइन। तर ती शिक्षकको गोलोभित्र आम पात्र भने थिएनन्। ती त चिलाउनेको रूखमा फलेका आँपजस्ता अपवादजन्य पात्रहरू थिए।

उच्च शिक्षाका सिँढीहरू छिचोलेर पनि म मास्टरै भएँ। म सानो कक्षाको विद्यार्थी छँदाको मास्टर त्यो बेलासम्ममा शिक्षक भइसकेको थिएँ। तर मैले पढाउने कथित 'नयाँ शिक्षा' भने पुरानै विभेदकारी वर्ण-व्यवस्थामा आधारित महेन्द्रीय राष्ट्रवादबाट निर्देशित थियो। त्यो शिक्षाको अन्तर्निहित आदर्श सामन्ती भक्तिवाद र दासता थियो। शिक्षाको त्यो भक्तिवादी र दासतामुखी चरित्र र मैले पढेको आलोचनाशील र मुक्तिमार्गी मार्क्सवादबीचमा ठूलो अन्तरविरोध थियो। त्यो अन्तरविरोध मेरो अध्यापन कालभरि नै मेरो लागि मानसिक खिचातानी र पीडाको विषय भइरहन्थ्यो। त्यसैले मानसिक खिचातानी र पीडाबाट मुक्ति खोज्न मैले कार्यनीतिक चातुर्य अपनाएँ। पाठ्यवस्तुमा फेला परेको छिद्रमा मार्क्सवादको विद्रोही चेतना घुसाउन थालेँ। विद्यालयबाहिर रात-साँझ अन्धकारको बर्कोभित्र लुकेर निकट सम्पर्कमा रहेका विद्यार्थीहरूका मन-मानसमा सामाजिक समानता र न्यायको बागी चेतना घुसाउने यत्न त मेरो दिनचर्याको अभिन्न अङ्ग नै बन्यो।

तर मेरो चातुर्य जगतको कुटिल व्यवहारसामु उति प्रभावकारी ठहरिएन। छनलाई म कुनै पनि कम्युनिष्ट समूहमा आबद्ध थिइनँ। उसो त व्यावहारिक राजनीतिमा मेरो उत्रो चाख पनि थिएन। तर राजधानीदेखि दूरवर्ती गाउँमा दमनकारी प्रशासन, निहुँ खोजाहा जासुस र कतिपय अनुदार काङ्ग्रेसीहरूका नजरमा म खतरनाक लाल कम्युनिस्ट देखिएँ। ऊबेला महेन्द्रीय शिक्षाबाट निःसृत संस्कार तथा काङ्ग्रेस र कम्युनिस्ट स्वयंको आपसी असहिष्णुताका कारण तिनका बीचको सम्बन्धमा पारस्परिक द्वेष र निषेधको दुर्भाव टनाटन भरिएको थियो। मलाई लालैलाल देख्नेहरूले भकुण्डो हाने झैँ मलाई घरिघरि यो विद्यालयबाट ऊ विद्यालय, ऊ विद्यालयबाट त्यो विद्यालयमा सरुवा गरिरहे। मेरो गुँडको खानतलासी गर्दा जासुसहरूले दुई-तीन पटक त मेरा सारा प्रिय पुस्तकहरू नै लुटेर लगे। तर मेरो वैचारिक दिनचर्या र रातचर्या भने उसैगरी चलिनै रह्यो।

पछि लखेटुवाहरूको रातोदिनको लखेटाइबाट आजित भएर मैले अध्यापन नै छाडिदिएँ। नयाँ इलमको मेलोमेसोविना छँदाखाँदाको जागिर छाड्दा आः जागिर नाथे केही होइन, जीवन-आदर्श पो ठूलो हो भन्ने भावनाले मलाई साहस र शक्ति प्रदान गरेको थियो।

अहिले, निकै लामो समयपछि, पछिल्तिर फर्केर आत्मसमीक्षा गर्दा मलाई आफ्नो शिक्षक जीवन नानावली असङ्गतिहरूले भरिएको महसुस हुन्छ। म अङ्ग्रेजी पढाउँथेँ। नेपालीका शिक्षक गयल परेको मौका छोपेर म यदाकदा नेपाली पनि पढाउँथेँ। आफूले पढाउने विषयमा मेरो दख्खल राम्रै थियो। प्रायः आलटाल र ठगठाग गर्ने मेरो बानी थिएन। पढाइलाई रुचिकर बनाउन म पाठ्यवस्तुको बीचबीचमा कथा-कुथुङ्ग्री गाँस्थे र ठट्टा-मजाक पनि गर्थें। राम्रो पढाउने शिक्षक भनेर मेरो डेरामा ट्युसन पढाइ-माग्नेहरूको लर्को नै लाग्थ्यो। हो, म आदर्श शिक्षक मानिन्थें। ऊबेला ममा म आदर्शै हुँ भन्ने भावना नभएको होइन। तर अहिले मलाई त्यो सब मिथ्या रहेछ भन्ने लाग्छ।

## कारणहरू छन्



ज्ञानशास्त्रकै कुरा गर्ने भने मैले मार्क्सवाद र शिक्षा मनोविज्ञानसमेत पनि राम्रैसँग पढेको थिएँ। तर अतीतलाई नियाल्दा अहिले मलाई शिक्षणको प्रक्रियामा आफ्ना धारणागत मान्यताहरूलाई मैले संस्कारको तहमा आत्मसात् गर्न नसकेको महसूस हुन्छ। लाग्छ, शिक्षकको भेषमा अक्सर म हातमा छडी बोक्ने हली थिएँ र म विद्यार्थीहरूलाई जुवामुनि नारेर सोझो सियोमा एकोहोरो जोतिरहन्थेँ। आक्कल-झुक्कल विद्यार्थीहरूका कान निमोठेको र तिनका गाला चड्काएको मलाई अझै सम्झना छ। ती कुरुप क्षणहरू जब सम्झन्छु, मलाई आफ्नो आत्मा नै कलङ्कित भएजस्तो लाग्छ।

"राम्रो पढाउने शिक्षक भनेर मेरो डेरामा ट्युसन पढाइमाग्नेहरूको लर्को नै लाग्थ्यो। हो, म आदर्श शिक्षक मानिन्थें। ऊबेला ममा म आदर्शै हुँ भन्ने भावना नभएको होइन। तर अहिले मलाई त्यो सब मिथ्या रहेछ भन्ने लाग्छ।"

अचेल, बागमतीको पुलमुनि धेरै पानी बगिसकेपछि, बाटाघाटामा, सभा-समारोहमा वा भोज-भतेरमा कहिलेकाहीँ पहिलेका आफ्ना विद्यार्थीहरूसँग अप्रत्यासित रूपले मेरो भेट हुन्छ। कोही डाक्टर भएका छन्, कोही इन्जिनियर। कोही शिक्षक भएका छन्, कोही उद्यमी वा व्यापारी। ती प्रसन्नता र आदर-भावका साथ अघि सरेर मसँग चिनारी नवीकरण गर्छन्। र तीमध्ये कोहीकोही ओठमा व्यङ्ग्यभाव लुकाएर विनयशील भाकामा मलाई स्मरण गराउँछन्– सरले कहिलेकाहीँ कान ननिमोठेको भए म बरालिएर बिग्रिन्थेँ हुँला। झस्केर हेर्छु, तिनका आँखामा मप्रति क्रोध, घृणा वा प्रतिशोधको लक्षण लेसमात्र पनि देख्दिनँ। तैपनि म लज्जा र ग्लानिले भित्रभित्रै खुम्चिएर, गलेर त्यसै-त्यसै मर्माहत हुन्छु।

त्यस्तै ६ महिनाअघि अस्तव्यस्त फुटपाथमा एकसुरले हिँडिरहँदा एउटी महिलाले मलाई गम्लङ्ग अँगालो मारिन्। त्यो अनपेक्षित अङ्कमालबाट म चकित र विस्मित भएँ।



> “जब यस्ता कथाहरू सुन्छु, मलाई तुफानी गतिमा गएर शिक्षक नामधारी ती आततायीहरूलाई हल्का ‘जनकारबाही’ गरेर अतीतमा आफूले गरेका भूलहरूप्रति प्रायश्चित गर्न मन लाग्छ”

मलाई सहज बनाउन खोज्दै तिनले हत्तपत्त भनिन्– म फलान्ठाउँकी फलानी, सरकी प्यारी चेली। मेरो मस्तिष्कको नेपथ्यमा बास बसेको तिनको अनुहार विस्तारै मेरा आँखासामु उत्रियो। र मैले तिनको कपाल मुसारेँ। स्मृतिको पन्तुरो खोलेर तिनले मलाई स्मरण गराइन्– सर, पाठ बुझाउन नसक्दा मेरो टाउकोमा सरले चोरऔंलाले टक्करी लाउँदाको टुटुल्को अझै पनि होला। छामेर हेर्नुस् त। म झस्कें। तिनी मेरो पाखुरो समातेर, मेरा आँखामा अपलक हेर्दै मेरी छोरी झैँ अबोध भावले मुस्कुराइरहेकी थिइन्। मेरो अन्तर्मनमा धिक्कारको भावना गुन्ज्यो– सुनिस् नाथे ! तँ टक्करीकर्मी केको आदर्श शिक्षक !

आवरण फेरिएको भए पनि हाम्रो शिक्षाको चुरो कुरो अझै फेरिएको छैन। शिक्षक नाउँका बुद्धुहरूले विद्यार्थीका कान च्यातेका, विद्यार्थीलाई मूर्च्छित हुने गरी उठ-बस गराएका वा चर्पीमा थुनेर तिनको हुर्मत लिएका बीभत्स कथाहरू छापामा आउन छाडेका छैनन्। जब यस्ता कथाहरू सुन्छु, मलाई तुफानी गतिमा गएर शिक्षक नामधारी ती आततायीहरूलाई हल्का ‘जनकारबाही’ गरेर अतीतमा आफूले गरेका भूलहरूप्रति प्रायश्चित गर्न मन लाग्छ।

मेरो शिक्षक जीवनको अर्को एउटा अप्रिय सम्झनाले मलाई बारम्बार गिज्याइरहन्छ। मेरो कक्षामा तीनथरी आस्था भएका विद्यार्थी हुन्थे। ती वाम, काङ र पञ्चमुखी थिए। अहिले म आफैँलाई सोध्छु– के मैले वाम विद्यार्थीहरूलाई काखा र काङ र पञ्चमुखी विद्यार्थीहरूलाई पाखाको व्यवहार गरेँ हुँला? भिन्न मत भएका विद्यार्थीहरूप्रति कक्षामा, खेल मैदानमा, बाटा-घाटामा, चौतारी-देउरालीमा, हाट-बजारमा वा अन्त कतै त्यस्तो व्यवहार भयो होला भन्ने भावनाले डसेर अहिले मलाई उदास बनाउँछ। आफ्ना छोरा-छोरीहरूको स्वभाव, रुचि वा लत फरक हुँदैमा आमा-बाबुको तिनप्रतिको व्यवहारमा पक्षपात हुँदैन। शिक्षालयमा आमा-बाबुको भूमिका निर्वाह गर्ने स्थानमा रहने शिक्षक जब पक्षपाती हुन्छ, ऊ आफ्नो कर्तव्यमा नराम्ररी चुकेको ठहरिन्छ। हो, म चुकेको छु। अनि म केको आदर्श शिक्षक ?

जीवन-यात्राको फेरोमा घुम्दै जाँदा यदाकदा भिन्न मतका मेरा विद्यार्थीहरू पनि भेटिन्छन्। म सूक्ष्म दृष्टिले तिनका आँखाको भावको अर्थ केलाउन खोज्छु। तिनका मुद्रा, वचन वा भङ्गिमामा आक्रोश, घृणा वा प्रतिशोधजस्तो भाव मलाई दृष्टिगोचर हुँदैन। र म शिर झुकाएर महसूस गर्छु, मेरा सबै विद्यार्थीहरू मप्रति क्षमाशील छन्। म अनादर्श शिक्षकका समझदार विद्यार्थीहरू !

शिक्षक जीवनका लोकलाई सुनाउँदा आफ्नो भारी मन हल्का हुने यस्ता कटु अनुभवहरू मसँग थुप्रै छन्। लाग्छ, कुनै दिन भाँती पारेर भन्न सके मेरा यी अनुभवहरू आजका शिक्षकहरूका लागि उपयोगी हुँदा हुन्। अहिले भने घडीले लोडसेडिङरुपी खतराको घण्टी बजाउन लाग्यो !




# शिक्षक मासिक विज्ञापन दर

| स्थान | आकार (चौ×ल) सेन्टीमिटर | रङ्ग | रकम (रू) (भ्याटबाहेक) |
|---|---|---|---|
| अन्तिम आवरण | १९.५×२६ सेमी | रङ्गीन | ३०,०००/- |
| अन्तिम भित्री आवरण | १९.५×२६ सेमी | रङ्गीन | २५,०००/- |
| भित्री आवरण | १९.५×२६ सेमी | रङ्गीन | २५,०००/- |
| भित्री पहिलो पाना | १९.५×२६ सेमी | रङ्गीन | २५,०००/- |
| पूरा पाना | १९.५×२६ सेमी | रङ्गीन | २०,०००/- |
| आधा पाना | १६.५×११ सेमी | रङ्गीन | १२,०००/- |
| तिहाई पाना | १६.५×८.५ सेमी | रङ्गीन | ८,०००/- |
| चौथाई पाना | १६.५×५.५ सेमी | रङ्गीन | ६,०००/- |

# भोलिको कृषि–प्रविधिः जिएमओ

**विश्वको बढ्दो जनसङ्ख्या र बढ्दो जीवनस्तर धान्न सुधारिएको आनुवंशिक कृषि–प्रविधि (जिएमओ) एउटा बरदान सावित हुनसक्छ। तर, चिन्ताको कुरा, यो प्रविधि विश्वका गरिब किसानको पहुँचभन्दा धेरै टाढा, अमेरिका र युरोपका केही ठूला बहुराष्ट्रिय कम्पनीहरुको मुठ्ठीमा सीमित छ।**

आनुवंशिक गुण परिवर्तनले विश्वको कृषि क्षेत्रको स्वरुपमा आमूल परिवर्तन ल्याइरहेको छ। *मोन्सान्टो* जस्ता अमेरिकाका जैविक प्रविधिमा लागेका संस्थाहरूले वंशानुगत गुण परिवर्तन गरिएका बाली (जेनेटिकल्ली मोडिफाइड अर्गानिज्म-जिएमओ) को प्रवर्द्धन गर्न गरेका प्रयासलाई युरोपले शुरुदेखि नै अस्वीकार गर्दै आएको छ। जिएमओ प्रविधिबाट उत्पादित अन्न उपभोग गर्दा कुनै हानि पुग्दैन भनेर वैज्ञानिकहरूले आश्वासन दिए पनि र विश्व-व्यापार संघले यस्ता वस्तुको आयातमा लगाएको प्रतिबन्ध हटाउन युरोपेली आयोगलाई आदेश दिएको भए पनि धेरै युरोपेलीहरूले अझै त्यस्ता कृषिउपजको उपभोग गर्न पाएका छैनन्। तर बेलायतको खाद्यान्न व्यापार कम्पनी *टाटे एन्ड लिल* का मालिक इयान फर्गुसनको विचारमा यो अवस्था छिट्टै बदलिन सक्छ। उनी आशावादी हुँदै भन्छन्, "हामी इतिहासको यस्तो मोडमा छौँ जहाँ 'जिएमओ' प्रविधि जीवनको अपरिहार्य अङ्ग बन्न जाँदैछ।"

बेलायतको खाद्यान्न तथा पेय पदार्थसम्बन्धी व्यापार संस्थाहरूको महासंघका अध्यक्ष समेत रहेका फर्गुसनको भनाइमा विश्वका ठूला खाद्यान्न निर्यातक कम्पनीहरूले यो प्रविधिलाई स्वीकार गरिसकेको हुँदा यसलाई बेवास्ता गर्न अब गाह्रो छ। हुन पनि केही हप्ता पहिले मात्र बेलायती किसानहरूको समूह 'कोपाकोगेक'ले जिएमओ माथिको प्रतिबन्ध नहटाएमा युरोपको पशुपालन उद्योग तहसनहस हुने चेतावनी दिएको छ। हालसालै बसेको युरोपका कृषि मन्त्रीहरूको बैठक 'जिएमओ' मकै र आलुको आयातमा लगाइएको प्रतिबन्ध हटाउने कि नहटाउने भन्ने विषयमा अनिर्णित नै टुङ्गियो तर छिटै बस्ने युरोपेली आयोगको बैठकले यो प्रतिबन्ध हटाउन सक्ने सम्भावना धेरैतिरबाट व्यक्त गर्न थालिएको छ।

युरोपेली आयोगले जिएमओमाथिको प्रतिबन्ध हटायो भने *मोन्सान्टो* को स्वाभाविक विजय हुनेछ। किनभने *मोन्सान्टो* ले यो क्षेत्रमा यसअघि नै ठूलो व्यापारिक सफलता हासिल गरिसकेको छ। विगत तीन वर्षदेखि यसको आम्दानी र नाफा तीव्र गतिमा बढेको छ। *मोन्सान्टो* ले गत वर्ष ८.६ अर्ब अमेरिकी डलरको कारोबार गरेर रुण्डै एक करोड डलर नाफा कमाएको थियो। यसरी नाफा बढ्नमा विश्वभर खाद्यान्नको भाउ आक्कासिनुले बल पुऱ्याएको छ। तर *मोन्सान्टो* का उच्च अधिकारी ब्रेट बेगेम्यान *मोन्सान्टो* ले जिएमओमा गरेको प्रगतिका कारणले संस्थाको नाफा बढेको बताउँछन्। सन् २०१२ सम्ममा संस्थाको नाफा दोब्बर हुने उनको आशा छ।

युरोप बाहेक अन्यत्र जिएमओ प्रविधि सफल भएकाले *मोन्सान्टो* को नाफा बढेको हो। यस उद्योगको उतारचढावलाई नजिकबाट नियालिरहेको गैरनाफामुखी संस्था *इन्टरन्यासनल सर्भिस फर एक्विजिसन अफ एग्रि-टेक एप्लिकेसन्स* (आईएसएएए) का अनुसार जिएमओ प्रविधि व्यावसायिक रूपमा बजारमा आएको १२ वर्षमा यसले पत्याउनै नसकिने खालको प्रगति गरेको छ। गत वर्ष विश्वमा जिएमओ खेती भएको क्षेत्रफल १२ प्रतिशतले बढेर ११ करोड ४० लाख हेक्टर पुगेको छ। जिएमओ खेती भएको क्षेत्रफल सबैभन्दा बढेको देश अमेरिका हो तर अर्जेन्टिना, ब्राजिल, भारत र चीनमा पनि


**विश्वमा गहुँको घट्दो भण्डार, बढ्दो मूल्य**




* प्रक्षेपित अनुमान

१ बुसेल = २७.२१ केजी
१ डलर= रु ६३

स्रोत: द इकोनोमिस्ट




> भारत र चीन धनी हुँदै जाँदा विश्वमा खाद्यान्नको माग अरु बढ्ने तर खेतीयोग्य जमिन, पानी र ऊर्जा दुर्लभ हुँदै जाने निश्चित छ। थोरै पानी, थोरै ऊर्जा र थोरै मल प्रयोग गरेर उत्पादन बढाउने आफ्नो वचन 'जिएमओ'ले पूरा गऱ्यो भने यसले यो समस्या समाधान गर्छ।

यसको द्रुतगतिमा विस्तार भइरहेको छ। अमेरिकाको अर्को बहुराष्ट्रिय कम्पनी डुँ पो को एउटा विभाग *पायोनियर हाइ-ब्रिड* का थोमस वेस्ट भन्छन्, "युरोप चाँडै यस बसमा चढिसक्नुपर्छ नत्रभने उसको बस छुट्छ।"

औद्योगिक परामर्शदाता कम्पनी *क्रोप्नोसिस* का अनुसार कृषि जीव (जेनेटिक) प्रविधिको विश्व बजार सन् २००१ मा तीन अर्ब डलर रहेकोमा २००६ मा ६ अर्ब डलर पुग्यो। २०११ सम्ममा यो कारोबार बढेर आठ अर्ब डलर नाघ्ने अनुमान गरिएको छ। जर्मनीको *बीएएसएफ प्लान्ट साइन्स* का प्रमुख कार्यकारी हान्स कास्टले सन् २०२५ मा जिएमओ प्रविधिको दोस्रो पुस्ता बजारमा आउँदा यसको बजार बढेर ५० अर्ब डलर पुग्ने अनुमान गरेका छन्।

जिएमओका समर्थकहरू आशावादी छन् किनभने सामाजिक, व्यापारिक र प्राविधिक शक्ति सबै यसको पक्षमा एकोहोरिएका छन्। भारत र चीन धनी हुँदै जाँदा विश्वमा खाद्यान्नको माग अरु बढ्ने तर खेतीयोग्य जमिन, पानी र ऊर्जा दुर्लभ हुँदै जाने निश्चित छ। थोरै पानी, थोरै ऊर्जा र थोरै मल प्रयोग गरेर उत्पादन बढाउने आफ्नो वचन 'जिएमओ'ले पूरा गऱ्यो भने यसले यो समस्या समाधान गर्छ।

*मोन्सान्टो* को 'राउन्ड-अप रेडी' मकै र भटमास जस्ता यो प्रविधिका शुरुका उत्पादनलाई वंशानुगत परिमार्जन गरी विषादीले नछुने बनाइएको थियो। यसो गर्दा किसानलाई बालीमा क्षति नपुऱ्याइकन खेतबारीमा लाग्ने कीरा र झार नष्ट गर्न सजिलो भएको छ। जिएमओको अर्को चरणमा यस्ता बालीमा सुख्खा प्रतिरोध गर्न सक्ने गुण थपिनेछ। *मोन्सान्टो* का अधिकारीहरू यो प्रविधिको विकास द्रुतगतिमा हुने बताउँछन्। उनीहरूका अनुसार शुरुमा कम्प्युटर प्रविधि जुन अवस्थामा थियो जिएमओ प्रविधि अहिले त्यही अवस्थामा छ। *मोन्सान्टो* का अधिकारीका अनुसार कम्प्युटरको सफ्टवेयर उद्योगमा जस्तै यसमा पनि बौद्धिक सम्पत्तिको अधिकार कायम हुनाले यसको महत्त्व बढ्छ। तर सफ्टवेयर उद्योगमा जस्तै यस उद्योगमा पनि चोरीको डर छ। अर्जेन्टिना र चीनमा त सरकारले नै यस्तो चोरीलाई बढावा दिएका छन्।

कम्प्युटर सफ्टवेयर उद्योगले सफलता पाउनुको रहस्य के थियो भने उसले आफ्नो सफ्टवेयर चोरी हुँदा पनि त्यसलाई चुपचाप सहेर बसेको थियो किनभने भविष्यमा चोरी गर्न नपाइने कानून लागू भएपछि पनि ग्राहकहरूले त्यही सफ्टवेयर चलाउलान् र त्यो किन्न तयार होलान् भन्ने आशा कम्पनीले गरेका थिए। जिएमओको मामलामा पनि यही कुरा लागू हुनसक्छ। यस्ता कम्पनीका मालिकलाई प्रविधि चोरी हुने कुरासँग डर लाग्छ भनी सोध्दा उनीहरू भन्छन्, "लाग्छ पनि लाग्दैन पनि।" उनीहरूका अनुसार, ती देशहरू धनी भएपछि अथवा विश्वव्यापार संघको नियम लागेपछि त्यहाँका किसानले यो प्रविधि प्रयोग गरेबापत शुल्क तिर्न थाल्छन्। अर्जेन्टिनाले त यसो गर्न थालि पनि सकेको छ।

जिएमओको भविष्य यसले किसानलाई भन्दा पनि उपभोक्तालाई दिने फाइदामा भर पर्नेछ। उदाहरणका लागि *पायोनियर हाइब्रिड* ले सन् २००८ सम्ममा बजारमा ल्याउने लक्ष्य राखेको जिएमओ प्रविधिमा आधारित भटमास अरु स्वादिलो र स्वास्थ्यवर्द्धक हुने दाबी गरेको छ।

*द इकोनमिस्ट, २३ फेब्रुअरी २००८*

# जिएमओ बालीः डर र कौतुहल

आनुवंशिक इञ्जिनियरिङ दोस्रो औद्योगिक क्रान्ति हो। पहिलो औद्योगिक क्रान्तिमा भौतिकशास्त्रको उपयोग भएको थियो र त्यसको असर उपनिवेशवादसँगै विश्वभर विस्तार भएको थियो। अहिलेको क्रान्ति जीवविज्ञानसँग सम्बन्धित छ र यो विश्वव्यापीकरणसँगै विस्तार हुँदैछ। जीवप्रविधि अहिलेसम्मका सबै क्रान्ति भन्दा ठूलो क्रान्ति हुनेछ।

अहिलेसम्मका सबै क्रान्ति- ढुङ्गे हतियार बनाउनेदेखि लिएर चन्द्रमामा पुग्ने अनि इन्टरनेटको आविष्कार- मा मानिसले प्रकृतिले दिएका कुरालाई तलमाथि, वरपर पार्ने काम मात्र गरेका थिए। तर जिएमओ अन्तर्गत प्रकृतिले दिएका वस्तु नै बदल्न सम्भव भएको छ।

यो मानव इतिहासको सबैभन्दा ठूलो विकास हो। यसले मानिसको नैतिकता र यसको परिणाम सम्बन्धमा पनि प्रश्न उठाएको छ। अहिलेसम्म नैतिकताको प्रश्न मानिसले मानिससँग गर्ने व्यवहारसँग मात्र सम्बन्धित थियो। अब मानिसले प्रकृतिसँग गर्ने व्यवहारसँग पनि यो सम्बन्धित हुन पुगेको छ। आनुवंशिक इञ्जिनियरिङसँग सम्बन्धित कुनै पनि छलफल विज्ञानसँग मात्रै सम्बन्धित हुँदैन। यसमा अन्य पक्ष पनि सम्बन्धित हुन्छन्।

खाद्यान्न जस्तो मानिसका लागि नभई नहुने तत्वसँग सम्बन्धित र मानव इतिहासको सबैभन्दा ठूलो वैज्ञानिक उपलब्धि मानिएको जैविक प्रविधि आज मानिसको कौतुहलबाट होइन साहुजीहरूको स्वार्थबाट निर्देशित छ।

बिरुवाको विशेषता तिनको 'जिन'मा भर पर्दछ, जुन उनीहरूले आफ्ना पुर्खाबाट ग्रहण गरेका हुन्छन्। एकापसमा मिल्ने बिरुवाहरूका बीचमा एउटाका निश्चित गुण अर्कोमा राख्ने चलन पुरानो हो। यस्तो काम मानिसले खेतबारीमा गर्ने गर्थे। यसो गर्न लामो समय लागेको थियो। तर कुनै बिरुवाको आनुवंशिक गुण फेर्न अहिले धेरै समय पर्खनुपर्दैन, तुरुन्तै हुन्छ, खेतबारीमा जानुपर्दैन, प्रयोगशालामै हुन्छ। बिरुवामा कुनै जिन थप्न सकिन्छ, कुनै जिनलाई निष्क्रिय बनाउन सकिन्छ। यसोगर्दा यस्तो 'जिन' नजिकको नातेदारकै हुनुपर्छ भन्ने छैन, जुनसुकै बिरुवाको भए पनि हुन्छ, जनावरको भए पनि हुन्छ।

## कृषि-जीव प्रविधिको व्यापार

कृषि-जीव प्रविधिको ८० प्रतिशत विश्व-व्यापार अमेरिकी कम्पनी *मोन्सान्टो* को हातमा छ। बाँकी *सिन्जेन्टा, बायर क्रप सर्भिस, डाओ* र *डुँ पो* ले लिएका छन्। अहिलेसम्म भटमास, मकै, कपास र रेपसिड गरी चार वटा बालीको मात्रै जिएमओ बजारमा उपलब्ध छ। सखरखण्ड बजारमा आउने क्रममा छ।

यी बालीमा दुई किसिमले वंशानुगत गुण परिवर्तन गरिएको छ। पहिलो, एउटा बिरुवामा अर्को बालीको जिन हालेर यिनमा कीरा मार्ने गुण थपिन्छ। दोस्रो, यसरी इन्जिनियरिङ परिवर्तन गरिन्छ कि खेतबारीमा जीवनाशक विषादी हाल्दा अरू झार मर्छन् तर बिरुवा बाली मर्दैन।

जिएमओले हानि गर्दैन त? नोबेल पुरस्कार विजेता जिनविज्ञ ब्रेनरका अनुसार वैज्ञानिकहरू जिएमओले हानि गर्दै गर्दैन भनेर भन्न डराएका छन्। उनीहरूलाई आफू नमरिकन यसले हानि गरेको देख्नुपर्ला कि भन्ने डर लागेको छ। जिएमओ बालीको परीक्षण गर्न नसकिएला भन्ने पनि लागेको छ। वैज्ञानिक परीक्षण गर्दा जे को परीक्षण गर्न लागेको हो त्यसलाई अरूको सम्पर्कमा आउन दिनुहुँदैन। तर जिएमओ बिरुवालाई अरू बिरुवाबाट पूर्ण रूपमा अलग गर्न मिल्दैन। चरा, माहुरी, पुतली र हावा जस्ता परागसेचन गराउने तत्वहरूले कुन जिएमओ बिरुवा हो कुन होइन भनेर वास्ता गर्दैनन्।

## व्यापारद्वारा निर्देशित

बिडम्बनाको कुरा, खाद्यान्न जस्तो मानिसका लागि नभई नहुने तत्वसँग सम्बन्धित र मानव इतिहासको सबैभन्दा ठूलो वैज्ञानिक उपलब्धि मानिएको जैविक प्रविधि आज मानिसको कौतुहलबाट होइन साहुजीहरूको स्वार्थबाट निर्देशित छ। जिएमओ प्रविधि मानिसको सामूहिक प्रयासको उपज हो भन्ने कुरा मान्न कोही पनि तयार छैन। यसको उल्टो यस प्रविधिलाई व्यापारिक स्वार्थद्वारा प्रेरित समूहको काम भन्ने ठानिन्छ। यस प्रविधिका विरुद्ध दिइने अधिकांश तर्कहरू 'प्रविधि काम नलाग्ने छ' भन्ने विषयसँग होइन; ठूला बहुराष्ट्रिय कम्पनीले आफ्नो शक्तिको दुरुपयोग गर्लान् भन्ने चिन्तासँग सम्बन्धित छन्। यो प्रविधि विश्वव्यापीकरण र अमेरिकन प्रभुत्व विरोधको सङ्केत बन्न पुगेको छ।

कृषि मानव सभ्यताको आधार हो। यो क्षेत्र केही ठूला कम्पनीको नियन्त्रणमा रहेको उच्च प्रविधिको अङ्कुशमा जेलिन पुग्यो भने स्थानीय स्वतन्त्रताको के हालत होला? कृषिसँग सम्बन्धित यो प्रविधि मन लाग्नेले अपनाउन पाउने र मन नलाग्नेले नअपनाउन पाउने सार्वजनिक वस्तु भइदिएको भए मामला अर्कै हुनेथियो।

विश्व खाद्य तथा कृषि सङ्गठन जस्ता अन्तर्राष्ट्रिय सङ्गठनहरूले यो प्रविधि खरिद गरेर सबैलाई सित्तैंमा उपलब्ध गराउने व्यवस्था गर्न सके भने चाहिँ धेरै चिन्ताको अन्त्य हुनेछ। त्यस्तै यो प्रविधिलाई आफ्नै गति र आफ्नो आवश्यकता अनुसार परिमार्जन गर्न पाउने अधिकार हरेक देशलाई दिनुपर्छ। हरित क्रान्तिमा पनि यस्तो स्वतन्त्रता दिइएको थियो।

जीव प्रविधि कम्पनीहरूले कविता पढ्लान् र तिनको स्वाद लेलान् भन्ने लाग्दैन। उन्नाइसौं शताब्दीका जस्ता वैज्ञानिक भएका भए उनीहरूले विलियम ब्याकको कविता उद्धृत गर्दै जवाफ दिने थिए होलान्- "गल्ती हुनु र लोप हुनु भगवानको लीला हो।" व्यापारिक बालीका दृष्टिले चरा वा माहुरी अथवा कुनै झार लोप हुनु कसैको गल्तीका उपज हुन सक्लान् तर प्रकृतिको लीलाका लागि भने ती अपरिहार्य चिज हुन्।

**राजेश कोचार**

*(द हिन्दू, २४ फेब्रुअरी २००८)*

रिपोर्ट

अनुशील

Mt. 8848

# शिक्षकको पप-ब्याण्ड

**पाँच जना शिक्षक मिलेर शुरु गरेको साङ्गीतिक ब्याण्ड 'एमटी-८८४८' क्रमशः नेपाली पप सङ्गीत विधाको उचाइतर्फ लम्कँदो छ । तर पप गायनबाट ख्याति कमाए पनि उनीहरू आफू शिक्षक हुनुमै बढी गर्व गर्छन् ।**

नेपाली पप सङ्गीतको क्षेत्रमा दुई वर्षयता देखा परेको *एमटी ८८४८* (Mt. 8848) ब्याण्ड छोटो समयमै स्थापित भएको छ । ब्याण्डका पाँच युवा सङ्गीतकर्मी सबै पेशाले शिक्षक हुन् । उनीहरू सबै जना पप-ब्याण्ड स्थापना हुनुअघिदेखि नै राजधानीको ग्यालेक्सी स्कूलमा सङ्गीत शिक्षकको रूपमा कार्यरत छन् ।

ब्याण्डका सदस्यमध्ये वेस गिटारिष्ट फणेन्द्र लिम्बू सो स्कूलमा १० वर्षदेखि कार्यरत छन् भने गायक दर्शन राई ६ वर्षदेखि, *लिड गिटारिष्ट* निर्मल गड्तौला ४ वर्षदेखि शिक्षक छन् । ब्याण्डका *ड्रमर* विनोद लामा र गितार वादक शिव लिम्बूले विद्यार्थीलाई सङ्गीत सिकाउन थालेको तीन वर्ष भइसकेको छ । पाँचजना मध्ये फणेन्द्र धरानका र दर्शन दार्जीलिङका हुन् भने अरू विनोद, निर्मल र शिव तीनै जना काठमाडौँका हुन् ।

*यो संसार* नामक गीति अल्बम लिएर सङ्गीत क्षेत्रमा देखिएको यो समूहका *बूढेसकालको लाठ्ठी..., मस्की-मस्की तर्केर हिँड्नेले..., रात गुजार्न...* आदि गीत र यसका म्युजिक भिडियो पप-सङ्गीतप्रेमीमाझ निक्कै चर्चित छ । गत वर्ष इमेज च्यानलले प्रदान गरेको सङ्गीत अवार्डमा यो ब्याण्डको गीतले 'वेष्ट पप भोकल पर्फमेन्स अवार्ड' र सर्वोत्कृष्ट म्युजिक भिडियो निर्देशनको अवार्ड हात पारेको थियो । नेपालका नाम चलेका पप ब्याण्डहरू *१९७४ एडी, एक्स ब्याण्ड र सायस ब्यण्ड* लाई उछिनेर सो अवार्ड हात पार्दाको क्षणलाई यी सङ्गीत शिक्षकहरू सोच्दै नसोचेको सफलता ठान्छन् । त्यो बेला अवार्ड पाउने आशै नभएको बताउँदै निर्मल भन्छन्, "*१९७४ एडी* जस्तो समूहसँग नोमिनेशनमा पर्नु नै हाम्रो लागि ठूलो कुरा थियो ।" पश्चिमा सङ्गीतलाई नेपालीमा ढालिएको तथा मौलिक नेपाली शब्द प्रयोग गरिएको आफ्नो पहिलो अल्बम नै सफल भएकोमा यी सबै माष्ट'साबहरू दङ्ग भएको पाइन्छन् । शुरुमा आफ्नै साथी र परिवारका लागि बनाएको अल्बम यसरी आम श्रोतामा चल्छ भनेर नचिताएको फणेन्द्र बताउँछन् । उनी भन्छन्, "पश्चिमा सङ्गीतलाई नेपालीमा गरेको फ्युजन श्रोताले रुचाए ।" यो समूहका गीतहरूमा पश्चिमा ज्याज, ब्लूज, रक, पपसँगै नेपालीपनको लोक पप पनि समेटिएको पाइन्छ ।

> पहिलेका शिक्षक अहिलेका पप गायकहरू विद्यार्थीलाई साङ्गीतिक-ज्ञान बाँड्न पाउँदा बढी सन्तुष्टि मिल्ने बताउँछन् ।

शिक्षकको रूपमा कार्यरत रहेर शिक्षण पेशाबाटै जीविकोपार्जन गरिरहेका यी ५ जना शिक्षकलाई अहिले आफूहरूलाई *'सेलिब्रिटी'* बनिसकेको जस्तो लाग्दै लाग्दैन । विनोद भन्छन्, "हाम्रो गीतका धेरै श्रोता थपिएका छन्, ठाउँ ठाउँमा कन्सर्ट भइरहेछन् तर पनि हामीलाई खासै परिवर्तन महसूस भएको छैन, हिजो जस्तो थियो त्यस्तै लागिरहेछ ।" शिव थप्छन्, "हाम्रै विद्यार्थीहरूको हेराइमा भने केही परिवर्तन पाएका छौं, पहिले हामी उनीहरूका शिक्षक मात्रै थियौं; अहिले उनीहरूले हामीलाई घरको टेलिभिजन र शहरमा भएका कन्सर्टमा पनि देखेर होला अलि फरक व्यवहार गर्छन् ।"

विद्यालयको वार्षिक उत्सवका बेला विभिन्न १६ भाकाका गीत र बालगीत बनाउने क्रममा तीन वटा पप गीत पनि तयार पारेपछि अल्बम निकाल्ने चाहना बढेको फणेन्द्र बताउँछन् । उनी भन्छन्, "दुई वर्षअघि सामूहिक रूपमा यसरी गीत तयार गर्दा हाम्रो ब्याण्ड बनेकै थिएन ।" तीन वटा गीतमा अरू पाँच वटा थपेर अल्बम निकाल्ने भएपछि *एमटी ८८४८* नाम राखेर पप ब्याण्ड बनाएको




विनोद लामा, निर्मल गड्तौला, दर्शन राई, शिव लिम्बू र फणेन्द्र लिम्बू (बायाँबाट)।

उनी बताउँछन्। विश्वको सर्वोच्च शिखर सगरमाथाको उचाइबाटै आफ्नो ब्याण्डको नाम राख्नुको कारण बताउँदै उनी भन्छन्, "नेपालीपनमा वेष्टर्न टच दिनलाई *एमटी ८८४८* नाम राखेका हौं।"

आफ्ना गीत चर्चित बनेपछि यो समूहको चर्चा र चिनारी विद्यालयको चौघेराबाट निक्कै टाढासम्म फैलिसकेको छ। राजधानीमा हुने अधिकांश साङ्गीतिक कन्सर्टहरूमा यो समूहलाई देख्न, सुन्न पाइन्छ। पछिल्लो समयमा राजधानी र बाहिरका बनेपा, पोखरा, धरान, बुटवल, नारायणगढ आदि स्थानहरूका साङ्गीतिक समारोहमा समेत *एमटी ८८४८* ब्याण्डको माग निक्कै बढेको छ। *स्टेज शो* का लागि हालसम्म पोखरा मात्रै ८ पटक पुगिसकेको यो समूह यही चैत महिनामा निमा रुम्बा, सविन राई जस्ता चर्चित पप गायकहरूका साथ सुर्खेत, नेपालगञ्ज, धनगढीमा आफ्नो साङ्गीतिक प्रस्तुति लिएर जाने तयारीमा छ। *मिशन पैसा* नामक नेपाली चलचित्रको *यो संसार...* बोलको गीत पनि यही ब्याण्डले तयार गरेको छ।

अहिले उनीहरू हप्ताको ६ दिन; बिहान ८ बजेदेखि ४ बजेसम्म शिक्षकका रूपमा व्यस्त रहन्छन्। त्यसपछि साँझ ८ बजेसम्म विद्यालयहाताभित्रैको एउटा कोठामा ब्याण्डका गीतको अभ्यासमा मस्त हुन्छन्। फणेन्द्र भन्छन्, "स्कूलभित्र पसेपछि ८ देखि ४ बजेसम्मको समयमा हामी कोही पनि पप ब्याण्डका सदस्य रहन्नौं; त्यतिबेला शिक्षक मात्रै हुन्छौं।" राजधानी र बाहिरका कन्सर्टहरूका लागि बढेको मागले उनीहरूलाई एकातिर विद्यालयबाट छुट्टी मिलाउनुपर्ने अवस्था छ भने अर्कोतिर देश-विदेशमा साङ्गीतिक पहिचानसँगै आर्थिक फाइदा पनि भइरहेको छ।


लगातारको सफलताले यो समूहको हौसला बढेको छ। त्यसैले अहिले उनीहरू आफ्नो नयाँ अल्बमको तयारी पनि गरिरहेछन्। विद्यालयको शिक्षण र कन्सर्टहरूको व्यस्तताले गर्दा नयाँ अल्बम बजारमा ल्याउन ढिलाइ भएको उनीहरू बताउँछन्। पहिलो अल्बमका गीत नपत्याउँदो रूपमा श्रोताले रुचाएपछि अब नयाँ अल्बममा त्योभन्दा राम्रो सिर्जना पस्कनुपर्ने चुनौती आफूहरूसामु रहेको विनोद बताउँछन्। उनी भन्छन्, "हामीले व्यावसायिकता सोचेर अल्बम निकालेकै थिएनौं तर चल्यो; अब योभन्दा राम्रो निकाल्ने चुनौती थपिएको छ। त्यसैले पहिलेभन्दा धेरै मिहिनेत गरिरहेका छौं।" सबैजना मिलेर सामूहिक रूपमा शब्द र सङ्गीत सिर्जना गर्ने भएकोले पनि आफूहरूका गीत श्रोताले रुचाएको ठहर उनीहरूको छ।

पहिले शिक्षक अहिलेका पप ब्याण्डका सदस्य समेत रहेका पाँचै जना आफू शिक्षक भएर विद्यार्थीहरूलाई जानेको ज्ञान बाँड्न पाएकोमा आत्मसन्तुष्टि मिल्ने गरेको बताउँछन्। शिक्षण र गायन क्षेत्र एकअर्कामा धेरै फरक रहेको अनुभव उनीहरूको छ। साङ्गीतिक कार्यक्रमको मञ्चमा पप गीत गाउँदा उफ्रने, चिच्याउने यी शिक्षकहरू आफ्नो विद्यालय बाहिर र भित्र दुई चरित्र भएको बताउँछन्। बाहिर गीत गाउँदा आफ्नै स्वतन्त्रता र सङ्गीतको मस्तीमा झुमे पनि विद्यालयभित्रको जिम्मेवारी बढी महत्त्वपूर्ण भएको उनीहरूको ठम्याइ छ। आफूहरू शिक्षक भएकोमा गर्व गर्ने समूहका फणेन्द्र भन्छन्, "विद्यार्थीको भविष्य शिक्षकको हातमा रहेकाले हरेक शिक्षक जिम्मेवार र उदाहरणीय बन्नु जरुरी छ।"

## समीक्षाः पुस्तक

मोहन मैनाली

# राज्य पुनर्संरचनाका लागि सन्दर्भ सामग्री





**नेपालका कति जिल्ला, गाविस वा नगरपालिकामा कुनै एउटा जाति बहुमतमा छ ? कुन भाषा बोल्ने मानिस कहाँ बस्छन् ? यस्ता प्रश्नको आधिकारिक जवाफ पीताम्बर शर्माको पुस्तक *अनन्याभलिङ्ग द मोजाचकः स्प्यासल एस्पेक्ट्स अफ एथिनिसिटी इन नेपाल* ले दिन्छ ।**

**पुस्तकः** अनन्याभलिङ्ग द मोजाचकः स्प्यासल एस्पेक्ट्स अफ एथिनसिटी इन नेपाल, **लेखकः** पीताम्बर शर्मा संस्करण : प्रथम (२००८), **प्रकाशकः** सोसल साइन्स बहाः/हिमाल बुक्स, पृष्ठ ११२ (१२)


राज्य-पुनर्संरचनाको तयारीमा रहेको नेपालका लागि कुन जातजाति कहाँ कति मात्रामा बस्छन्? कुन भाषा कहाँका कति मान्छेले बोल्छन् ? जस्ता प्रश्नको जवाफले निकै महत्त्व राख्छ ।

यसअघि पनि यस्ता प्रश्नको जवाफ खोज्ने प्रयास नभएका होइनन् । विगतका अध्ययनले राष्ट्रिय वा जिल्ला तहमा फलाना जातजातिको सङ्ख्या यति छ भनेर बताएका थिए । तर सारा संरचना फेरिन लागेका बेलामा जिल्लाको सिमाना पनि फेरिन सक्छ । जिल्लाको सिमाना फेरिएपछि फलाना जिल्लामा फलाना जातजाति यति छन् भन्ने कुरा पनि फेरिन सक्छ । त्यसैले जिल्ला तहको यस्तो तथ्याङ्क त्यति उपयोगी हुँदैन ।

यसका लागि गाउँ विकास समिति/नगरपालिकाको तहमा गएर कहाँ, कसको बहुमत छ? कहाँ को सबैभन्दा ठूलो समूहका रूपमा रहेको छ? कहाँका, कति मानिसले कुन भाषा बोल्छन् भन्ने कुरा हेर्नु जरुरी हुन्छ । यो काम




**कसको बासस्थान कहाँ ?:**
**नेपालका मुख्य जात/जातिको भौगोलिक वितरण**
*(सन् २००१ को जनगणनामा आधारित)*




**यता र उताः नेपालको तराईका जिल्ला र तीसँगै जोडिएका भारतीय जिल्लाहरूको जनघनत्व** *(प्रति वर्गकिमी)*

हालै प्रकाशित पीताम्बर शर्माको पुस्तक *अनन्याभलिङ्ग द मोजाचकः स्प्यासल एस्पेक्ट्स अफ एथ्निसिटी इन नेपाल* ले गरेको छ।

सात खण्डमा विभाजित यस पुस्तकमा नेपालका जातजातिको ऐतिहासिक पृष्ठभूमि, विभिन्न जिल्ला र गाविस/नगरपालिकामा बसोबास गर्ने जातजातिको मात्रा अनि त्यहाँ बोलिने भाषा, मुख्य जातजातिको नेपालभर वितरण, २०४८ र २०५८ सालका जनगणनाले प्रस्तुत गरेको नेपालको जातीय र भाषिक चित्र र अहिलेको राजनीतिक सन्दर्भमा यी जानकारीले देखाएको बाटो उल्लेख गरिएका छन्।

सबैभन्दा पहिले लेखकले नेपालमा मानिसको आगमनको प्रसङ्ग उठाएका छन्। अरू विद्वान्हरूको सहारा लिँदै उनले नेपाल मूल रूपमा उत्तरबाट आएका मङ्गोल र दक्षिण/पश्चिमबाट आएका ककेसियाली जातिले बनेको कुरा उल्लेख गरेका छन्। नेपालमा ककेसियालीहरूको आगमन पनि दुई वटा बाटा र प्रक्रियाबाट भएको देखिन्छ। अहिलेका नेपाली भाषी पर्वतीयहरू दक्षिणबाट पहिले नेपालभन्दा पश्चिमको पहाड चढेर १२औँदेखि १४औँ शताब्दीको बीचमा नेपालमा आए। यसरी आउने क्रममा उनीहरूले आफ्नो साविकको भाषा र संस्कृति जस्ताको तस्तै राख्नुको सट्टा नयाँ भाषा र संस्कृति अनुसरण गरे।

तराईमा सबैभन्दा पहिले आउने ककेसियालमा अहिर पर्दछन्। अस्थायी गाईगोठ लिएर आएका अहिरहरूले विस्तारै यतै स्थायी बस्ती बनाए। त्यसपछि किसान र मुसलमानहरू आए। उनीहरू भारतबाट पहाड नचढिकन सोझै अहिलेको नेपाली भूभागमा आएका हुन्। उनीहरूले बिहार र उत्तर-प्रदेशसँगको आफ्नो सांस्कृतिक र भाषिक सम्पर्क कायमै राखे। यसरी ककेसियालीहरू तराईमा आएपछि त्यहाँ उनीहरू आउनुभन्दा पहिल्यैदेखि बसोबास गरिरहेका थारूहरू विस्तारै कुना पस्दै गए।

यस पुस्तकका अनुसार नेपालमा एकसय थरी जातजाति देशभर छरिएर छ्यासमिस भएर बसेका छन्। एउटा सानो जिल्लामा पनि पचास वटा भन्दा बढी जातजाति बस्छन्। यसरी विभिन्न जातजाति घुलमिल हुने क्रम लामो समयदेखि चलिआएको थियो र यो क्रम निरन्तर चलिरहेको छ।

पचास वर्षअघि कुन भाषा बोल्ने कति प्रतिशत मानिस कुन भेगमा बस्थे र अहिले कति बस्छन् भन्ने तथ्याङ्कले पनि यो कुरालाई पुष्टि गर्छ। यस पुस्तकले नेपाली, तामाङ, लिम्बू, राई-किराँती, मगर आदि भाषी उनीहरूको पुर्ख्यौली थलोबाट अन्यत्र सर्दै गएको देखाएको छ। उदाहरणका लागि पचास वर्षअघि ९९.६ प्रतिशत लिम्बूहरू पूर्वी पहाडमा बस्थे, तर अहिले कुल लिम्बू भाषीको ७२ प्रतिशत मात्र त्यहाँ बस्छन्। बाँकी अन्यत्र छरिएका छन्। मैथिली भाषी यसका अपवाद हुन्। उनीहरू पूर्वी तराईको आफ्नो थलोबाट चटपटाएका छैनन् भने हुन्छ।

शर्माको विश्लेषणले के देखाएको छ भने जातजाति र भाषाको विविधताका दृष्टिले नेपालको तराई सबैभन्दा उर्वर र सुदूरपश्चिमी पहाड सबैभन्दा गरिब क्षेत्र हो। मोरङ सबैभन्दा बढी जातीय विविधता भएको जिल्ला हो। २०५८ सालको जनगणनामा नेपालीले ९२ वटा भाषा बोल्थे भनिएको छ। मोरङमा सबैभन्दा बढी ९० वटा भाषा बोलिन्थे भने कालीकोटमा सबैभन्दा कम नौ वटा भाषा बोलिन्थे।

पुस्तकले देखाएको अर्को पाटो अनुसार नेपाल अल्पसङ्ख्यकहरूको देश हो। यहाँका १८ वटा जाति मात्रै देशको कुल जनसङ्ख्याको एक प्रतिशतभन्दा बढी सङ्ख्यामा छन्। १९ वटा जातिको जनसङ्ख्या त पाँच हजार भन्दा कम छ। यहाँ कसैको बहुमत छैन। सिरहाको बाधरमल गाविस यसको एउटा उदाहरण हो। यस गाविसमा क्षेत्री सबैभन्दा ठूलो समूहका रूपमा रहेको छ। तर त्यहाँ क्षेत्रीको जनसङ्ख्या त्यस गाविसको कुल जनसङ्ख्याको १० प्रतिशत पनि छैन। नेपालका थोरै मात्र गाविस/नगरपालिकामा कुनै एक जातजातिको बहुमत छ। क्षेत्री ३८७ गाविसमा, मगर १७५ गाविसमा, तामाङ १५९ गाविसमा, थारू १०६ गाविसमा र बाहुन १०२ गाविसमा बहुमतमा छन्।



जनसङ्ख्याको पछिल्लो विस्तार र वितरणले बसाइँसराइको आम प्रवृत्तिलाई प्रष्ट पार्छ। काठमाडौँ उपत्यकालाई अपवाद मान्ने हो भने नेपालमा प्रायः उत्तरबाट दक्षिणतिर बसाइँसराइ भएको छ। तराईका ६ वटा जिल्ला चितवन, झापा, दाङ, कञ्चनपुर, नवलपरासी र मोरङमा पर्वतीय-हिमाली मूलका मानिसको बहुमत छ।

> शर्माले प्रश्न गरेका छन्– नेपालमा जातीयताका आधारमा संघीय शासन हुन सक्छ ? जवाफ उनैले दिएका छन्– कुनै एउटा जाति बढी भएको भौगोलिक प्रदेश बन्न सक्छ। तर त्यस प्रदेशमा कुनै पनि जातजातिको बहुमत भने हुँदैन। तसर्थ नेपालमा बन्ने संघीय इकाइ बहुजातीय र बहुभाषिक हुन्छ, हुन्छ।

समाज वैज्ञानिकहरूले तराईलाई जनसङ्ख्या तान्ने चुम्बकका रूपमा प्रस्तुत गरेका छन्। फ्रेडरिक गेइजले १९७५ मा सीमापारि भारतका जिल्लाको तुलनामा नेपालका तराईका जिल्लाको जनघनत्व एकदमै कम भएको देखाएका थिए। अहिले शर्माले गरेको तुलनामा पनि यस्तै चित्र देखिएको छ।

दक्षिणबाट उत्तरतिर साह्रै थोरै मात्र बसाइँसराइ भएको छ। त्यसैले, पहाडमा मधेशी मूलका मानिसको स्थायी उपस्थिति अत्यन्त कम छ। मधेशीहरूको उपस्थिति भएका जिल्लाहरूमा उदयपुर (कुल जनसङ्ख्याको ११.४ प्रतिशत), बैतडी (६.६ प्रतिशत), सुर्खेत (६.६ प्रतिशत) र काठमाडौँ (५.५ प्रतिशत) पर्दछन्।

यसरी बसाइँसराइले यहाँका विभिन्न जातिलाई छ्यासमिस पारेको भए पनि अझै पनि निश्चित ठाउँ निश्चित जातिको हो भन्न सकिन्छ भन्ने कुरा यस पुस्तकले देखाएको छ। उदाहरणका लागि बाग्लुङ पश्चिमका १७ वटा पहाडी जिल्लालाई क्षेत्री प्रदेश भन्न सकिन्छ किनभने यहाँ क्षेत्रीको जनसङ्ख्या अरूको भन्दा बढी छ। बाहुन मध्य नेपाल (रुपन्देही, अर्घाखाँची, गुल्मी, पर्वत, स्याङ्जा र कास्की) र पूर्वी नेपाल (झापा र मोरङ) का दुई वटा क्षेत्रमा जनसङ्ख्याका दृष्टिले सबैभन्दा बलियो छ।

यस्तैगरी, मगर म्याग्दी, बाग्लुङ, रोल्पा र प्युठानको एउटा क्षेत्र र तनहुँ, नवलपरासी र पाल्पाको अर्को क्षेत्रमा ठूलो जातिका रूपमा रहेको छ। काठमाडौँलाई घेरा हालेर बसेका काभ्रे, सिन्धुली, मकवानपुर, धादिङ, नुवाकोट, रसुवा र सिन्धुपाल्चोकमा तामाङ जाति सबैभन्दा ठूलो हो। सप्तरीदेखि सर्लाहीसम्मका पाँच वटा जिल्लामा यादव सबैभन्दा बढी जनसङ्ख्या भएको जाति हो।

शर्माको यो पुस्तकको विश्लेषण मूलतः २०५८ सालको जनगणनामा आधारित छ जसलाई धेरैले अपूर्ण र सबैथरीको सहभागिता नभएको भनी आलोचना गर्ने गरेका छन्। नेपालका अहिलेसम्मका जनगणनाको समस्या के हो भने यहाँ गरिएका जातजाति र भाषासम्बन्धी वर्गीकरण वैज्ञानिक छैनन्। भाषिक र मानवशास्त्रीय सर्वेक्षण नभएकाले यसो हुनु स्वाभाविक हो। त्यसमाथि माओवादीले १२ वटा जिल्लाका ९५७ वटा वार्डहरूमा जनगणना गर्न दिएका थिएनन्। त्यति हुँदाहुँदै पनि यी तथ्याङ्ले नेपालको समग्र अवस्था झल्काएका छन्। शर्माले भनेका छन्- तथ्याङ्कले कुन जातजाति कुन क्षेत्रमा बस्छ भन्ने विषयमा आम मानिसको जस्तो धारणा थियो त्यस्तै चित्र प्रस्तुत गरेको छ।

भौगोलिक रूपले झापादेखि कञ्चनपुरसम्मको समथर भूभाग अविच्छिन्न रूपमा फैलिएको छैन। यसलाई चितवन र दाङ उपत्यकाले टुक्र्याएका छन्। यसले गर्दा भौगोलिक रूपले तराई चितवनभन्दा पूर्व अर्थात् झापादेखि पर्सासम्मको एक खण्ड, चितवन र दाङ बीचका तीन वटा जिल्लाको एक खण्ड र दाङ पश्चिमका बाँके, बर्दिया, कैलाली, कञ्चनपुर एक खण्ड हुन्। भाषिक रूपले पनि तराई अलग अलग छ। यहाँ चार वटा प्रमुख भाषा बोलिन्छन्- मैथिली, भोजपुरी, अवधी र थारू।

आफ्नो अध्ययन निचोड शर्माले आठ वटा चित्र र २६ वटा तालिकामार्फत प्रस्तुत गरेका छन्। अरू भूगोलविद्ले जस्तै उनले पनि धेरै अर्थात् ४३ वटा रङ्गिन नक्सा दिएका छन्। उनले भूमिकामा भनेका छन्- एउटा नक्साले एकै झलकमा धेरै पेजमा छरिएका अक्षरले भन्दा बढी कुरा बताउन सक्छ।

पुस्तकको अन्त्यमा शर्माले प्रश्न गरेका छन्- नेपालमा जातीयताका आधारमा संघीय शासन हुन सक्छ? जवाफ उनैले दिएका छन्- कुनै एउटा जाति बढी भएको भौगोलिक प्रदेश बन्न सक्छ। तर त्यस प्रदेशमा कुनै पनि जातजातिको बहुमत भने हुँदैन। त्यहाँ रहेको सबैभन्दा ठूलो जातजाति पनि अल्पमतमा हुन्छ। तसर्थ नेपालमा बन्ने संघीय इकाइ बहुजातीय र बहुभाषिक हुन्छ, हुन्छ।

शर्माको पुस्तक वर्तमान नेपालको पुनर्संरचना र समग्र नेपालका बारेमा जान्न चाहने जो कोहीले पनि नपढी नहुने पुस्तक हो। त्यसैले होला, यसको नेपाली संस्करण पनि चाँडै नै बजारमा ल्याउन लागेको कुरा प्रकाशकले बताएका छन्।




# एउटा प्रेरक अभिलेख

**जोन उडले सुविधासम्पन्न ठाउँमा जन्मनेले स्वतः शिक्षाको अवसर पाउने र गरिब मुलुकमा जन्मिने व्यक्ति शिक्षा पाउने अवसरबाटै वञ्चित हुनुपर्ने परिस्थितिलाई अन्यायका रूपमा लिएका छन् र त्यसलाई फेर्नका लागि आफ्नो अभियान अघि बढाएका छन्।**

**पुस्तकः** माइक्रोसफ्टदेखि बाहुनडाँडासम्म
**लेखकः** जोन उड **अनुवादकः** खगेन्द्र संग्रौला
**संस्करणः** दोस्रो (मङ्सिर, २०६४)
**प्रकाशकः** फाइन प्रिन्ट, पृष्ठ ३२० (८)

गाउँघरका मानिसको मीठो वचन र स-सानो व्यवहारमा एउटा परदेशीको मन पगाल्ने तागत हुन्छ र त्यसबाट एउटा अभियानले नै जन्म लिन सक्छ भन्ने कुराको स्पष्ट उदाहरण हो *'रूम टु रिड'* अभियान र त्यसका प्रणेताको आत्मकथा *माइक्रोसफ्टदेखि बाहुनडाँडासम्म*। चरम भौतिकवादी पश्चिमी दुनियाँमा रूमल्लिएको एउटा युवक नेपाल घुम्ने क्रममा लमजुङको एउटा लजमा बसेका बेला नदीमा डुबाएर बियर चिस्याउने स्थानीय बालकको जुक्तिबाट तीन-छक्क पर्छ, त्यहीं भेटिएका विद्यालय स्रोत व्यक्तिका कुराहरूबाट भित्रभित्रै हल्लिन्छ; अनि बाहुनडाँडाको विद्यालयको पुस्तकालय भनिएको कोठामा तालाबन्द बाकसमा राखिएका अर्थ न बर्थका किताब देखेर मनमनै रून्छ। र, त्यहींबाट शुरु हुन्छ उसको रूपान्तरणको प्रक्रिया।

*माइक्रोसफ्टदेखि बाहुनडाँडासम्म* माइक्रोसफ्ट कम्पनीको अति आकर्षक जागिर खाँदाखाँदै छुट्टी मनाउन नेपाल आएका बेला जोन उडमा परेको प्रभाव र त्यसको परिणाम र प्रतिफलहरूको अभिलेख हो। पेशागत सफलताको माथिल्लो खुट्किलामा रहेका व्यक्तिले एउटा नितान्त नौलो र सफलताको टुङ्गो नभएको काममा हामफाल्दाका जटिल र मर्मस्पर्शी अनुभवहरू सँगालिएको यो किताब अत्यन्त प्रभावोत्पादक छ। आफ्नै दुनियाँमा मगनमस्त मानिसहरूलाई अरूका लागि पनि केही गर्नुपर्छ भनेर रुकरुक्याउने सामर्थ्य पनि छ यस किताबमा। धेरै गैरसरकारी संस्था (गैसस) र तिनको क्रियाकलापका कारण गैसस आन्दोलनप्रति नै समाजमा नकारात्मक धारणा बढ्दै गएका बेला उडको किताबले गैरसरकारी संस्थाहरूप्रति विश्वास बढाउने काम पनि गरेको छ। किताब पढ्दा जोन उडले पश्चिमा जगतमा नेपालको गरिबी बेचेको देखिँदैन। उनले सुविधासम्पन्न ठाउँमा जन्मनेले स्वतः शिक्षाको अवसर पाउने र गरिब मुलुकमा जन्मिने व्यक्ति शिक्षा पाउने अवसरबाटै वञ्चित हुनुपर्ने परिस्थितिलाई अन्यायका रूपमा लिएका छन् र त्यसलाई फेर्नका लागि आफ्नो अभियान अघि बढाएका छन्।

बालबालिकालाई शिक्षा दिने अभियानमा लाग्दा उनले आफ्नी प्रेमिका गुमाए, सुखचैन, सम्पत्ति र अरू धेरै कुरा गुमाए। तर उनका लागि यस क्रममा गुमाएका धेरै कुराभन्दा पाएको एउटा कुरा महत्त्वपूर्ण छ। उनले यस कामबाट गरिब देशका बालबालिकाको भविष्य निर्माणमा सहभागी हुन पाएकोमा आत्मसन्तोष प्राप्त गरेका छन् र त्यही आत्मसन्तोषका लागि अहिले निरन्तर लागिरहेका छन्। उनले पश्चिमा भौतिकवादी संसारका मानिसहरूलाई परिचालित गर्न सक्यो भने गरिब मुलुकमा धेरै थोक गर्न सकिन्छ भन्ने सन्देश पनि दिएका छन्। यिनै कारणहरूले यो *माइक्रोसफ्टदेखि बाहुनडाँडासम्म* पठनीय र मननीय किताब बनेको छ।

अब अलिकति यसको नेपाली संस्करण र अनुवादमा खट्किएका कुरा गरौं। सबैभन्दा पहिलो कुरा त यो कुन पुस्तकको अनुवाद हो भन्ने नै पाठकले थाहा पाउन सक्दैनन्, अर्थात् यसमा मूल पुस्तकको नाम कतै उल्लेख छैन। कुनै पनि सामग्रीको अनुवाद गर्दा अनुवादक मूल भाषा र अनूदित भाषासँग पूर्ण परिचित हुनुपर्छ। यस्ता कुरामा अनुवादक चुकेका देखिन्छन्। ३५० रुपैयाँ दाम तिरेको किताबमा कुनै सस्तो उपन्यासका जस्ता त्रुटिहरू पाउँदा पाठकको मन दुख्छ, यसले आफू हेपिएको ठान्छ।

एउटा उदाहरण हो, 'पत्रिकामा गोली'। "सानो ओमारसँग तीनवटा पत्रिका लिएका कालाश्निकोभ छन्। हरेक पत्रिकामा बीस वटा गोली छन्" *(पाना १६२)*। यो हेलचेक्र्याइँ र त्रुटिको पराकाष्ठा हो। उनले अनुवाद गर्न खोजेको चाहिँ "सानो ओमारसँग एके- ४७ राइफलका तीन वटा म्यागजिन छन्। हरेक म्यागजिनमा बीस वटा गोली छन्" भन्ने हुनुपर्छ। अनुवादमा रहेका यस्ता त्रुटिका कारण कतिपय ठाउँमा लेखकले यसो भन्न खोजेको थियो होला भनेर अनुमान नै गर्नुपर्ने अवस्था आउँछ। जबर्जस्ती गरिएका शब्द निर्माण, जस्तो ट्राभल एजेन्टलाई (होला) 'यात्रा सम्बन्धी दलाल' र 'मोटरसाइकलको ढाडमा बसेर गरिने भ्रमण' *(पाना १४४)* जस्ता भद्दा शाब्दिक अनुवादका उदाहरण अनेकन छन्। किताबमा प्रुफका गल्ती पनि थुप्रै छन्, एउटै पानामा *(पाना २३५)* एउटै व्यक्तिको नाम कतै तिना छ र कतै टिना।

यति गम्भीर पुस्तकको अनुवाद भएपछि एउटा राम्रो सम्पादकबाट सम्पादन गराएको र दुई-चार जना राम्रा पाठकलाई अन्तिम कपी पढ्न दिएर छापेको भए मूल किताबको गरिमा जोगिन सक्थ्यो।

**राजेश घिमिरे**

मूल्याङ्कन

# असल शिक्षक

संसारमा शिक्षक हिजो थिए, आज छन् र भोलि पनि हुनेछन्। शिक्षकमा जति विविधता हुन्छ, उनीहरूको विशेषतामा पनि त्यत्तिकै अन्तर हुन्छ। शिक्षकका कतिपय सीप-गुण ठाउँ र समयसापेक्ष पनि हुनसक्छन्। तर केही गुण, चारित्रिक विशेषता र बानीले भने एउटा व्यक्तिलाई संसारमा जहाँ पनि र जहिले पनि असल र सफल शिक्षक सावित गराउन सक्छन्। अमेरिकी शिक्षाविद् डा. ग्लेन डब्ल्यू प्रोब्स्टले 'असल र सफल' शिक्षकका विशेषताहरूको यस्तो सूची नै तयार गरेका छन्ः

## उत्सुक

- विषयवस्तुप्रति चाख र उत्साह राख्ने र त्यो कुरा विद्यार्थीलाई पनि अनुभव गराउन सक्ने
- आफ्नो काम (पेशा) र पढाउने विषय मन पराउने अनि त्यो कुरा विद्यार्थीलाई पनि बुझाउन सक्ने
- सिक्न, जान्न र सफल हुनका लागि अरूलाई सदैव हौसला दिने

## कामका लागि तयार

- विषयवस्तुको राम्रो ज्ञान राख्ने
- के र कसरी पढाउने भन्ने दिनहुँ तयारी गर्ने

## चरित्रवान् र समयनिष्ठ

- खराब बानी र अम्मल नभएका
- नराम्रो नबोल्ने
- विद्यार्थीले अनुकरण गर्न योग्य आचरणयुक्त
- समयको महत्त्व बुझ्ने र समयबद्धतालाई सम्मान गर्ने
- ठीक समयमा कक्षा थाल्ने र टुङ्ग्याउने
- विद्यार्थीलाई पनि समयको महत्त्वलाई सम्मान गर्न प्रेरित गर्ने

## दृढ तथा धैर्य र आत्मनियन्त्रण भएका

- लचिलोपनका साथै दृढता भएका
- पढाउँदा नबहकिने
- आफूलाई मन परेको कुरामा मात्र नअल्मलिने

## राम्ररी कुरा बुझाउने र परिणाममुखी

- कुरा बुझाउन मिहिनेत गर्ने
- रमाइलो गरी पढाउने
- पाठमा आधारित भएर पढाउने तर पाठमा मात्र सीमित नहुने
- स्रोत साधन र समयले भ्याएसम्म शैक्षिक सामग्रीको उपयोग र भ्रमण गराउने
- विद्यार्थीलाई व्यक्तिगत रूपले पनि सहयोग गर्न तत्पर

## एकैनासे व्यवहार गर्ने

- कक्षा नछाड्ने
- विद्यार्थीसित सधैं एकैनास व्यवहार गर्ने
- राम्रो तयारी गरेर मात्र कक्षामा आउने
- एक-दुई जना विद्यार्थीको मात्र हालीमुहाली चल्न नदिने
- व्यक्ति-व्यक्तिको क्षमतामा अन्तर हुन्छ भन्ने कुरा स्वीकार गर्ने

## मिजासिलो

- निष्पक्ष
- विद्यार्थीलाई यथोचित आदर गर्ने
- विद्यार्थीबाट राम्रो परिणामको अपेक्षा गर्ने
- नहेप्ने
- खिल्ली नउडाउने, उल्लीबिल्ली नपार्ने, अपमानित नगर्ने
- अरूका सामुन्ने कठोर आलोचना नगर्ने

## विद्यार्थीहरूका बारेमा चासो राख्ने र उनीहरूलाई आडभरोसा दिने

- विद्यार्थीको सफलताका बारेमा गम्भीर चासो राख्ने र विद्यार्थीलाई पनि अनुभव गराउन सक्ने
- विद्यार्थीका लागि पर्याप्त समय दिने
- सिर्जनात्मकतालाई मौका र ठाउँ दिने
- मित्रतापूर्ण र सहृदयी
- सहयोगी र हौसला दिने
- हँसिलो र तनावमुक्त
- सबैलाई ध्यान दिने र स्नेही
- आवश्यक पर्दा विद्यार्थीका बारेमा अभिभावकसित कुरा गर्ने

## विविधताको प्रयोग गर्ने

- विविध शैक्षिक क्रियाकलाप अपनाउने
- प्रयोगशील
- स्वतस्फूर्त कुराहरूलाई ठाउँ दिने
- हाजिरी, गृहकार्य, कक्षागत परीक्षाफलको स्पष्ट अभिलेख राख्ने